# अध्याय-१

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

एउटै देशको समाजभित्र पनि जातीय विविधता पाइन्छ । जातीय समुदाय अनुसार मानिसको भाषा, धर्म, चालचलन, रीतिथिति तथा संस्कार र संस्कृतिमा पनि विविधता पाइन्छ । प्राचीनकाल देखि मान्दै आएका चालचलन र संस्कृतिहरूको निरन्तरताले हाल प्रथाजनित कानुनको रूप लिएको पाइन्छ । मानव समुदायको जीवन पद्धतिलाई अनुशासित र व्यवस्थित गर्ने काम यिनै मौलिक प्रथाजन्य कानुनहरूले गरेका छन् ।

लम्साल नारायण प्रसादका भाषामा सामान्य परिस्थितिमा व्यक्तिहरूको आचरणको एकरूपताको नाम नै प्रथा हो । प्रथा वा रीतिरिवाज मानिसहरूद्वारा निर्मित अलिखित कानुन हो, त्यस्तो प्रथालाई समाजको चाहनाका आधारमा विधायिकाले कानुनको रूपमा ग्राह्यता दिए पछि लिखित कानुनको रूपमा परिवर्तित हुन्छ । प्रथा कानुनको प्रमुख स्रोत हो । प्रथाको आधारमा निर्मित कानुनलाई प्रथागत कानुन भनिन्छ । यसरी अलिखित रूपमा रहेको समाजको चाहना नै प्रथाजनित कानुन हो ।

अमृता थेबे यस अर्थलाई उद्धत गदै लम्साल लेख्छन् प्रथा भनेको सामाजिक व्यवहारमा रहेका परम्परागत प्रचलनहरू हुन् , जुन सामाजिक आवश्यकता बमोजिम कानुनको रूपमा विकास हुदैं आएका छन् (लम्साल, नारायणप्रसाद २०४७) । प्रथाकै आधारमा आचरण गरिन थालियो । यसैको आधारमा भविष्यका नियम तयार हुन थाले र रीतिरिवाजलाई कानुनको स्थान मिल्न थाल्यो । धार्मिक र नैतिक कृयाकलापहरू प्रथामा केन्द्रित हुन थाले । प्राचीन समयमा विधान सभा थिएन । राजाहरूले पनि प्रथालाई पछि आएर सम्झना गर्न थाले र समाजमा रीतिरिवाजको प्रभाव पर्न थाल्यो । प्रथा नैतिकता र कानुनको बीचको संक्रमण हो । नैतिकता र त्यसलाई मान्यता दिने राजकीय संगठनको शक्तिद्वारा प्रथागत कानुनको निर्माण भयो । कुनै पनि व्यवहारलाई प्रथा बन्न त्यसमा स्वैच्छिकता र एकैरूपमा निरन्तर दोहोरिनु जरूरी छ । त्यस्तो लाभदायक कार्य समाजको विभिन्न पिँढीबाट स्वीकृत प्राप्त हुदैं गए पछि प्रथाको उत्पत्ति हुन्छ । मनुष्यको स्मृतिकाल भन्दा अतित समयबाट प्रयोग हुदैं आएको कारणले गर्दा त्यसमा कानुनी शक्ति प्राप्त हुन जान्छ । वर्तमान समाजमा प्रथाद्वारा कानुनका अनेक कार्यहरू गरिन्छन् । समाजको प्रत्येक

प्रचलनको बारेमा कानुन निर्माण गर्नु सम्भव हुँदैन । त्यसैले कानुनका धेरै कार्यहरूलाई प्रथाले पूर्ति गर्दछ । र कानुनलाई झैं प्रथालाई अनिवार्य रूपमा मान्यता दिइन्छ । धेरै प्रकारका कानुनहरू प्रथामा आधारित हुन्छन् । जसलाई प्रथागत कानुन भनिन्छ । आदिबासी जनजाती अन्तरगत २९ थरीका किरात राई छन् २९ थरीका किरात राईमध्ये दुमी राई एक जाति हो । 'दुमी' को उत्पति यसरी नै भएको हो भन्ने कुनै प्रमाण छैन । अतः 'दुमी' शब्दको उत्पति जसरी नौरान जसले गरेको भएता पनि यो गहन सोध र अनुसन्धानको विषय चाहीं पक्कै हो । दुमी समुदायमा विशेषत परम्परा देखि मान्दै आएको प्रथाजनित प्रणाली चुला कसम प्रथा, थारो बाध्ने प्रथा, खुर्पे ठ्यक प्रथा, थुम्से थाप्ने प्रथा, तिरो तिर्ने प्रथा, कुहेको काठको प्रथा, ग्रहन लाग्दा काम नगर्ने प्रथा, साइनो मिची परेली बारी मिची घडेली प्रथा, देउदण्ड र राजदण्ड प्रथा, घरुवा थाप्ने प्रथा, महभीरको प्रथा, भैसे बही प्रथा, झरियो परियो प्रथा, तिते खोला प्रथा, सोला पाजाको प्रथा र साकेलाको प्रथा रहेको छ ।

जसको मूल थलो पूर्वाञ्चलको खोटाङ जिल्लाको उत्तरी भेगका पाँच गाविसहरू खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर, माक्पा (खाजाबासमा) हुन् । यसका साथै आसपासका ११ गाविसहरू महेश्वरी( रिब्दुङ), सुङ्देल, पाथेका, फेदी, कुभिण्डे, बासपानी, दिक्तेल, खार्तम्छा, नेर्पा, हौंचुर, लामीडाँडा (मसुङ्पा-फेकुबा-दिखाने-हौंला) लाई दुमी राईहरूले आफ्नो मूल थलो, वा आदिम थातथलो (ancestral land) को रूपमा मान्दै आएका छन् । यसरी पूर्वमा चिलिमढुङ्गा (सिलिचुङ), तथा रूपाकोट डाँडा उत्तर पश्चिममा दुधकोशी, दक्षिण पश्चिममा किरात ऐतिहासिक पितृ थलो मल्ल थुम्का (जायजुम्) को बीचमा दुमी रदुहाम् (राईहरू) खम्बुहाङ् देखि करीब २५ पुस्ता (लगभग ६२५ वर्ष) अगि देखि स्थायी रूपमा बसोबास गर्दै आएका छन् । उत्तरतिर लस्करै सेताम्मे हिमालका सामुन्ने फैलिएको पहाडी आँगनमा दुमी राईहरू पुस्तौदेखि मौलिक प्रथा परम्परा संस्कार, संस्कृति, लोक रीतिथिति, भाषा र ठेट पहिचान इतिहासका साथ मौलाई विकास भएको देखिन्छ । हाल आएर दुमी किरात राईहरूको सन्ततिहरू खोटाङ् जिल्लाका साथै सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, भोजपुर, सङ्खुवासभा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, धनकुटा, सुनसरी, मोरङ, झापा, ईलाम तथा काठमाडौं उपत्यका लगायत विदेशमा स्थायी वा अस्थायी रुपमा सिक्किम, दार्जिलिङ, भुटान, बर्मा, अमेरिका, जापान, बेलायत, हङकङ, क्यानडा, कोरिया लगाएत खाडी मुलुकहरूमा समेत छरिएर बसिरहेका छन् ।

नेपालको २०६८ को जनगणनामा अनुसार ७ हजार ६ सय ३८ दुमी रहेको छ। दुमी राई समुदायको परम्परागत पेशा कृषि तथा पशुपालन हो । कतिपय कृषि कार्य पशुपालन प्रथाजनित कानुनमा आधारित छ कुहेको काठको प्रयोग गर्ने प्रथा,साकेला नाचको वाली पुजाको प्रथा, झरियो परियो प्रथा । अन्य कतिपय किरात राई समुदायले मान्दै आएको प्रथा परम्परा भाषा, भेषभुषा, धर्म, संस्कार ,संस्कृति जस्तै दुमी राई समुदायले पनि आफ्नै मौलिक चालचलन, रीतिथिति, प्रथा परम्परा, संस्कार संस्कृतिलाई आत्मगौरवको साथ पहिचान सहित आत्मसात गरिरहेका छन् । अन्य कतिपय किरात राईहरूको भाषाहरू झै दुमी भाषाको पनि लेख्य परम्परा नभएकोले "थुतुरी वेद" का रूपमा परिचित दुमी राई समुदायको अति महत्वपूर्ण धार्मिक साहित्य "मुन्धुम्" आजसम्म पनि मौखिक रूपमा मात्र सीमित छ । जुन चाहीँ ताया - ताङ्कु धामी र पूर्खाहरूले मात्र पुस्तौं पुस्तादेखि बचाउँदै ल्याएका छन् । यो पनि चुला कसम प्रथा हो चुला वाट दुमी समुदायको प्रत्येक कामको सुरुवात पनि अन्त्य पनि हुन्छ ।

विविध भाषी संस्कार संस्कृति प्रथा परम्परा भएका किरात राईहरूमा दुमी भाषा, संस्कार संस्कृति कसैको भाषिका, संस्कार-संस्कृति नभएर आफ्नै मौलिक हो भन्ने कुरा दुमी राईको इतिहास, कला साहित्य, संस्कार, संस्कृति, प्रथा परम्परा तथा दुमी शब्दकोशले सिद्ध गर्दछ । पाँच हजार लामो किरातीहरूको इतिहासमा दुमीहरूको छुट्टै इतिहास र पहिचान छ भन्ने कुरा आफ्नै भाषा आफ्नै थातथलो र केपिलासगढी, चिनागढी जस्ता आफ्नै शासकीय इलाकाहरूको केन्द्र रहेकाले पनि सिद्ध गर्दछ । बि.सं. १८१८ सम्म इतिहासमा एउटा स्वतन्त्र अस्तित्वको रूपमा रेहेका दुमी राई समुदाय नेपाल एकीकरणको अभियानमा गोर्खामा गाभिन पुगेको हो । यसै सँगै दुमी भाषा, संस्कार-संस्कृति, लोक रीतिथिति, प्रथा परम्परा, कानुनी जनाधार र स्वत्व गुम हुन गयो । दुमीमा केही रहेन, किरातहरू परेड खेल्ने केपिलास गढीमा पृथ्वीनाराय शाहका फौजहरू परेड खेल्न थाले । दुमी भाषाको बदलामा नेपाली भाषा हाम्रा पूर्खाहरूले बोल्नु पर्ने बाध्यता गराइयो । स्थानीय, प्रशासकीय गढी, संस्कार-संस्कृति, थुतुरी वेद, प्रथा परम्पराद्वारा सञ्चालित किल्लाहरू समाप्त भए पछि एक घण्टामा समाप्त हुने सरकारी कामकाजको लागि दुधकोशी र सुनकोसी तरेर नौ दिन सम्म हिडेर काठमाडौं पुग्नु पर्ने भयो । अर्कै प्रथा परम्परा, अर्कै भाषा, अर्कै लिपिबाट काम चलाउनु पर्दा कति अप्ठेरा भोग्नु पऱ्यो होला ति पुर्खाहरूले । यसर्थ यो स्पष्ट छ कि दुमी किरात राई जातिको संस्कार संस्कृति भाषा धर्म साहित्य, लोकरीति, प्रथा, परम्परा प्रशासन शासन नभएको होइन

नबनाइएको हो । यसलाई पछिल्ला शासकहरूले अझ कडाइका साथ लागु गर्दै 'एक भाषा एक भेष, एक राजा एक देश' को नीति अख्तियार गरे । फलतः आज राज्यको मूल प्रवाह दुमी किरात राई समुदाय पनि यसबाट प्रभावित हुन पुग्यो । पछिल्लो समयमा विद्यालयको विकास र विस्तारसँगै विद्यालयमा संस्कृत, नेपाली, अङ्ग्रेजी, हिन्दी जस्ता शिक्षाको माध्यम भाषाले आदिवासी मूलवासी दुमीराईहरूको लोक परम्परा, लोक संस्कार, लोक संस्कृतिका साथै मुख्य रूपमा मौलिक भाषालाई किनारा लाउने काम गऱ्यो । अझ यसमा विश्वव्यापिकरणको संक्रमणले दुमी राई समुदायको संस्कार, संस्कृति, प्रथा,परम्पार, भाषा, भेषभुषा तथा धर्म र दर्शनलाई दिनानु दिन विस्थापित गरिरहेको छ ।

दुमी समुदायको जीवनमा उनीहरुका प्रथा तथा परम्पराहरुले गहिरो प्रभाव पारेको हुन्छ । उनीहरुका परम्परागत विश्वासहरुले समाजलाई बाँध्न रीतिविजहरुको निर्माण गरेको हुन्छ । हिजोको अन्धविश्वस लाग्ने यस्ता रीतिरिवजहरुमा पनि कस्ले के गर्दा हुने वा के गर्दा नहुने जस्ता सामाजिक व्यवहारहरु विभिन्न प्रथाको रुपमा विकसित भएको पाइन्छ । प्रथा भनेको सामाजिक व्यवहारमा रहेको परम्परागत प्रचलनहरु हुन् जुन सामाजिक आवश्यकता बमोजिन कानुनको रुपमा विकास हुदै आयका छन् । प्रथाजनित कानुनले सामाजिक सस्कार, सांस्कृति र मुल्य मान्यतालाई बैधानिकता प्रदान गर्दछ । प्रथा मानिसद्वारा निर्मित अलिखित कानुन हो । प्रथा कानुनको प्रमुख स्रोत हो । प्रथाको आधारमा निर्मित कानुनलाई प्रथागत कानुन भनिन्छ । प्रथा कानुनको प्राचिन स्रोत हो । धार्मिक र नैतिक आधारमा प्रथामा आधारित हुन्छ । प्रथालाई वैधता विधायिकाले दिए पछि कानुन हुन्छ । वर्तमान समयमा प्रथा द्वारा कानुनका अनेक कार्यहरु गर्दछन् । जस्तो कि दुमि समुदायमा रहेको थारो बाँध्ने प्रथाले रोक थामको कार्य गर्दछ ।त्यसैगरी कुहेको काठ प्रयोग गर्ने प्रथाले वातावरण संरक्षण गर्न मद्दत गर्दछ । समाजमा प्रत्येक क्रियाकलापमा कानुन निर्माण गर्न सम्भव छैन । त्यसैले कानुनका रुपमा प्रथाले पुर्ति गर्दछ । प्रथा द्वारा निर्मित कानुन प्रथागत कानुन हो । प्रारम्भीक राजनितिक समाजमा राजाद्वारा कानुनको निर्माण उचित र अनउचितको धारणवाट तय हुन्थ्यो । जनताको जुन व्यवहार उचित हुन्थ्यो त्यो प्रथा कानुनको स्थान प्रप्त गर्दथ्यो । प्रथाको आधारमा नै राजावाट न्याय गरिन्थ्यो । यसरी आदिम कालिन प्रथालाई कानुनको स्थान प्राप्त हुन्थ्यो । यस दृष्टिकोणवाट समाजमा सामान्य रुपवाट व्यवहारिक हुने प्रथा नै कानुन भएकोले कानुनी समाजमा प्रथाको सर्वाधिक महत्व हुन्थ्यो । प्रारम्भमा कुनै पनि प्रथा अनिश्चित हुन्छ, व्यवहारमा विकासको साथसाथै प्रथा निश्चित हुदै जान्छ । जब अदालतले

कुनै प्रथालाई आफ्नो निर्णयमा स्थान दिन्छ वा विधायकले कुनै प्रथाले विधानमा सम्मिलित गरि दिन्छ तब कुनै पनि प्रथा पुर्ण रुपमा कानुन बन्न पुग्छ । जस्तो नेपालको मुलुकी ऐनको बिहावारी महलमा विभिन्न जातजातीमा प्रचलित प्रथालाई कानुनी स्थान प्रदान गरिएको छ ।

## १.२ समस्या कथन

खोटाङ जिल्लाको जालपा गाविस अन्तर्गत दुमि राईले परम्परा देखि मान्दै आएका विभिन्न प्रकारका प्रथाजनित प्रणालीहरु छन् जुन चुला कसमको प्रथा, थारो बाध्ने प्रथा, महभीरको प्रथा इत्यदी धेरै रहेकाछन् जब म मेरो शोधपत्र तयारी गर्ने सिलसिलामा अध्ययान क्षेत्र जालपा गाविस वडा नं. ३,४,५,९ पुगे बुढाबुढीले बृद्वा भत्ता पैसा मागेका थिए । मेरो बुद्धि विवेकले भ्यासम्म मेरो सम्पुर्ण अध्ययानको विषय उद्देश्यबारे बताए पछि प्रथा भनेको बुढापकाले बुझ्रेन पहिला देखि मान्दै आयको रीतिथिति चालचलन भने पछि जानकारी दिए । युवाहरुसँग पनि प्रथा सम्बन्धि कुराकानि गरे प्रथा भनेको बुझ्रे प्रथाको बारेमा जानकारी दिन सकेन । यी भए मेरो अध्ययानको अनुभव र समस्या । दुमी राई परम्परा देखि अपनाउदै आएका विभिन्न प्रकारका प्रथाजनित प्रणालीहरु छन् ती प्रथाहरुले समुदायमा सामाजिक, सास्कृतिक, धार्मिक जीवनमा प्रभाव पारेको छ । प्रथा मानिसद्वारा निर्मित हुन्छ । यो अलिखित कानुन हो । प्रथाले समाजलाई मार्गनिर्देश गर्दछ । प्रथा कानुनको मुल स्रोत हो । प्रथा द्वारा निर्मित कानुन प्रथाजनित कानुन हो । प्रथा कानुन निर्माण गर्ने प्राचिन प्रणानी हो । प्रथाको उत्पती मानिसद्वारा मान्दै आएको रितिरिवज मुल्य मान्यता सस्कार संस्कृती वाट हुन्छ । समाज संचालन गर्न कानुनको आवश्यकता हुन्छ । समाजको प्रत्येक संरचना अंगहरुमा कानुन निर्माण गर्न सम्भव हुदैन । त्यसैले कानुनका धेरै काम प्रथाले पुरा गर्दछ । प्रारम्भमा कुनै पनि प्रथा कानुन हुदैन अनिश्चत हुन्छ व्यवहारमा विकासको साथसाथै प्रथा निश्चीत हुदै जान्छ । जव अदालतले कुनै प्रथालाई आफ्नो निर्णयमा स्थान दिन्छ तब प्रथा पुर्ण रुपमा कानुन बन्न पुग्छ ।

दुमी राई समुदायको परापूर्वकाल देखि चलि आएको प्रथाजनित कानुनी सस्कार, संस्कृति, परम्परा, भाषा, धर्म, मूल्य मान्यतामा राज्यले अपनाएको नीति नियम ऐन कानुनले केही विस्थापित गरेको छ भने एकल पुँजीवादी व्यवस्था र विश्वव्यापीकरणको प्रभावले पनि दुमी राई समुदायको सामाजिक न्याय प्रणाली लोप हुने स्थितिमा पुगेको छ । दुमी किरात राई समुदायमा परापुर्वकाल देखि मानि आएको सामाजिक प्रथाजनित संस्कारगत न्याय

प्रणालीको अवस्था आधुनिक समाजसम्म रूपान्तरण, परिवर्तन र विकास हुँदा अध्ययनलाई समाजशास्त्री/मानवशास्त्रीय अध्ययन अनुसन्धान गर्न आवश्यक हुन्छ । मौलिक लोक संस्कृति, रीति रिवाज प्रथाका धनी दुमीराईहरूले विश्वव्यापीकरणले गर्दा बिस्तारै परसंस्कृति ग्रहणले गर्दा आफ्नो मौलिक प्राचीनकाल देखि मान्दै आएको सामाजिक प्रथाजनित मूल्य मान्यता, चाडपर्व, पूजाआजा, रीतिथिति, संस्कृति हराउँदै जाने स्थितिमा छ र यो जातिको रीतिथिति सामाजिक प्रथा हराउँदै जानु भनेको एउटा सिंगो राष्ट्रको साझा सम्पत्ति नष्ट हुनु हो ।

दुमी किरात राई समुदायको प्रथागत सामाजिक कानुनी संस्कार संस्कृतिको अध्ययन अनुसन्धान गर्दा निम्नलिखित प्रश्नहरूको समाधान गर्ने प्रयास गरेछु :

क. दुमी राई समुदायमा विद्यमान परम्परित प्रथाजनित सामाजिक, सांस्कृतिक, धार्मिक, कानुनी, पक्ष के कस्तो छ ?

ख. दुमी राई समुदायमा प्रचलित परम्परित सामाजिक, सांस्कृतिक, धार्मिक आदि संरचनाहरू विस्थापित हुदैं जानुका कारणहरू के के हुन् ?

ग. दुमी राई समाजमा विद्यमान सामाजिक , सांस्कृतिक, आर्थिक, धार्मिक कानुनी व्यवस्थाले वर्तमान राज्य व्यवस्थाको मूल कानुन र व्यवस्थामा के कस्तो प्रभाव पारेको छ वा छैन ?

### १.३ अध्ययनको उद्देश्य

दुमी किरात राई जातिको प्रथाजनित कानुनी न्याय प्रणालीको अध्ययन अनुसन्धान गर्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ । यो उद्देश्य पुरा गर्न निम्न विशिष्ट उद्देश्यहरू रहेको छन् :

क. दुमी राई समुदायमा विद्यमान रहेको प्रथाजनित सामाजिक, सांस्कृतिक, धार्मिक, कानुनी, पक्षको अध्ययन गर्नु ।

ख. प्रथाजनित कानुनी न्याय प्रणालीले दुमी किरात राईको दैनिक जीवनमा पारेको प्रभावको बारेमा अध्ययन गर्नु ।

ग. आधुनिक कानुनी राज्य व्यवस्था र विधिमा दुमी किरात राईहरूको प्रथाजनित कानुनी न्याय सम्पादन पद्धतिले पारेको असरको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

अध्ययन अनुसन्धानहरू विभिन्न विषयहरूमा विभिन्न समयमा भएका छन् जे जस्ता अध्ययन अनुसन्धान भएता पनि तिनीहरूको प्रत्यक्ष र परोक्ष सम्बन्ध मानव समुदाय र मानव संस्कृतिसँग सम्बन्धित हुन्छ । दुमी किरात राई जातिको बारेमा भने निकै कम अध्ययन तथा अनुसन्धान भएको पाइन्छ । त्यसमा पनि झन समाजशास्त्रीय अध्ययन त खासै भएको पाइदैंन । त्यसैले दुमी किरात राई समुदायको लोकरीति, भाषा, धर्म, संस्कार, संस्कृतिको बारेमा अध्ययन तथा अनुसन्धान हुन आवश्यक छ । त्यसकारणले गर्दा यो अध्ययन खोटाङ जिल्लामा बसोबास गर्ने दुमी किरात राई जातिको सामाजिक प्रथाजन्य कानुनी न्याय प्रणालीको उत्पत्ति, अवस्था, विकास र प्रयोगको कसरी भइरहेको छ भन्ने कुरामा केन्द्रित गरेको छु । यो अध्ययनले दुमी किरात राईहरूको अलिखित रूपमा रहेको सामाजिक कानुनी न्याय प्रणालीको बारेमा जानकारी गराउन महत्वपूर्ण भूमिका खेलेकोछ । यस अध्ययनको महत्वलाई निम्नानुसार उल्लेख गरेको छु ।

क. दुमी किरात राई समुदायमा विद्यमान रहेको प्रथाजनित सामाजिक, सांस्कृतिक , धार्मिक रीतिरिवाज मानव मात्रको सम्पत्ति हुन् यिनीहरूको संरक्षण र संबर्द्धन गर्न यो अध्ययनको महत्व रहेको छ ।

ख. दुमी किरात राई जातिको केही मात्रामा भाषा सम्बन्धी अध्ययन अनुसन्धान भएत पनि प्रथाजनित संस्कार संस्कृति रीतिथितिमा अध्ययन अनुसन्धान भएको छैन त्यसैले यो अध्ययन अनुसन्धानले दुमी किरात राई जातिको प्रथाजनित कानुनी न्याय प्रणालीको समग्र अध्ययन अनुसन्धान भएकोले यस अध्ययनको महत्व रहेको छ ।

ग. यस अध्ययनले सम्बन्धित विषयका नीति निर्माता , प्रशासक, कर्मचारी, अनुसन्धानकर्ता तथा अन्य प्रथागत कानुनी मूल्य मान्यताको बारेमा जानकारी लिन चाहने दुमी समुदाय लगायत गैरदुमी समुदायलाई पनि सहयोग पुऱ्याउने छ ।

## अध्याय-२

## पूर्व सन्दर्भ साहित्यको पुनरावलोकन

### २.१ समाजशास्त्री सैद्धान्तीक अबधाराण

अगस्ट कोम्टेले (१८३९) मा सामाजिक गतिशिलता र सामाजिक स्थिरताको अध्ययान गर्ने नयाँ विज्ञानको रुपमा "समाजशास्त्र" को विकास गरे । कोम्टेको प्रयोजन एउटा समाजको प्राकृतिक विज्ञानको निर्माण गर्नु थियो, (देवकोटा र ओझा २०६७) । समाजशास्त्रलाई विश्वव्यापी फैलाउने काम हवर्ट स्पेन्सर (१८२०–१९०३) इमाइल दुर्खिम (१८५८–१९१७) म्याक्स वैवर (१८६४–१९२०) महत्वपुर्ण भुमिका र योगदान रहेको छ । समाजशास्त्र समाजको विभिन्न अंगहरुबीच हुने अन्तर सम्वन्धको अध्ययान गर्ने विज्ञान हो (Herbart Spancer) समाजशास्त्र समग्र रुपमा समाजको व्यख्या, विवचना, विश्लेषण गर्ने विज्ञान हो ( Emile Durkheim) समाजशास्त्र त्यो विज्ञान हो जसले समाजको क्रियात्मक व्यवस्थित अध्ययन गर्दछ (Max Weber) समग्रमा समाजको अध्ययान गर्ने विज्ञान नै समाजशास्त्र हो, समाज निर्माण विभिन्न प्रकार सामाजिक तत्वहरु बाट हुन्छ । समाजमा विभिन्न प्रकार सामाजिक  समुह अन्तरसम्वन्ध, अन्तरक्रिया, हुन्छ । समाजमा रहेको सामाजिक मुल्य मान्यता  सस्कार संस्कृतिलाई कानुनी हैसियत दिनु नै प्रथाजनित कानुनको निर्माण गर्नु हो ।

नेपाल समाजशास्त्रीय अध्यायन ग्रामिण विकास कार्यक्रम बाट सुरुवात भएको हो । नेपाली समाज अध्यायन जातीय विवरण टिपोटवाट प्रारम्भ भएको हो । १९५० राणा शासनको अन्त्य पछि नेपालमा प्रजातन्त्रको आगमनसँगै स्वदेशी तथा विदेशी अध्यायन अनुसन्धाकर्ताहरुले आफ्नो अध्यायन  अगाडि बढाएको पाइन्छ । सुरुमा जातिय अध्यायन भएता पनि सबै जनजातिको अध्यायन हुन सकेको पाइदैन । स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरु विभिन्न जात जातिको समाज र संस्कृतिको धेरै अध्यायन अनुसन्धान गरेर समाजशास्त्रीय योगदान दिसकेकाछन् । विभिन्न जात जातिहरूको समाजशास्त्रीय अध्ययन अनुसन्धान भएता पनि खोटाङ जिल्लाको "जालपा" गाविसहरूमा बसोबास गर्ने दुमी राई जातिको अध्ययन अनुसन्धान भएको पाइदैँन । त्यसैले खोटाङ जिल्लाको जालपा गाविसमा बसोबास गर्ने दुमी किरात राई अन्तर्गत जालपा गाबिसको बडां.३,४, ५, ९ समुदायको प्रथाजनित कानुनी न्याय प्रणालीको गहिरो अध्ययन अनुसन्धान गरी दुमी राई जातिको समग्र विकासमा सहयोग पुग्नेछ ।

## २.२ दुमी किरात राई जातिमा भएका अध्ययनहरू

जुनसुकै विषयवस्तु अथवा जात जातिको अध्ययन अनुसन्धान गर्दा त्यस जातिको बारेमा के कति र कोद्वारा र कहिले कुन पक्षमा कति अध्ययन र अनुसन्धान भएको छ । सो को बारेमा व्यापक अध्ययन गर्नु अति आवश्यक देखिन्छ । यस दुमी किरात राई जातिको बारेमा नेपालमा खासै समाजशास्त्रीय विस्तृत अध्ययन भएको पाइदैंन । यस जातिको विस्तृत समाजशास्त्रीय ⁄ मानवशास्त्रीय एवम् खोजपूर्ण कार्य भएको छैन ।

दुमी राई समुदायको बारेमा सर्वप्रथम हल्याण्डका भाषाविद् प्रा.डा. जर्ज भ्यान्ड्रिमले (१९९३) मा तयार पारेको “अ ग्रामर अफ दुमी” नै पहिलो अध्ययन गरेर प्रकाशन गरिएको पुस्तक हो । जसमा दुमी किरात राई जातिको भाषा, मिथक, इतिहास, लोकरीति, प्रथा परम्परा, संस्कार, संस्कृतिको बारेमा अध्ययन गरिएको छ । दुमी किरात राई जातिको सर्वप्रथम मानवशास्त्रीय अध्ययन अनुसन्धान Alban, Ada Von stockhausen (2006) "गाइडिङ्ग द वए डेथ रिचिउल अफ दुमी राई अफ इस्टन नेपाल" बाट भएको छ जुन अध्ययन दुमी राईको मृत्यू संस्कार सम्बन्धी दुमी राईको आधार स्तम्भ थप्ने कार्य गरेका छन् । साँस्कृतिक मानवशास्त्रीय दृष्टिकोणले यो अध्ययन अनुसन्धान विश्लेषण अति महत्वपूर्ण योगदान दुमी समुदायलाई पुऱ्याएको छ ।

रामकुमार राई (२०५५) ले स्नातकोत्तर उपाधिका लागि तयार पारेको शोधपत्र ‘नेपाली र दुमी भाषाको शब्द निर्माण तथा व्याकरणिक कोटीहरूको तुलनात्मक अध्ययन’ ( अप्रकाशित) नै दुमी भाषा संस्कार र संस्कृतिमा भएको पहिलो शोधकार्य हो । त्यस्तै इमान सिं राईले स्नातकोत्तर उपाधिको लागि नै ‘नेपाली र दुमी भाषाको व्यतिरेकी अध्ययन’ ( २०६६, अप्रकाशित) शीर्षकमा शोधकार्य गरेको पाइन्छ । त्यस्तै गरेर स्नातकोत्तर उपाधिको लागि नेत्रमणी राईले (२००८) “भब माफलोजी इन दुमी” शीर्षकमा शोत्रपत्रको रूपमा अध्ययन गरेको पाइन्छ । त्यस्तै गरेर सत्यकला राईले स्नातकोत्तर उपाधिकै लागि दुमी भाषा सम्बन्धी अध्ययन गरेको पाइन्छ । महेन्द्र राईले स्नातकोत्तर उपाधिको लागि (२०१३) मा “म्यथम्यटिक कन्सेप एण्ड प्रोसेसे पाक्टीस्ड वाइ दुमी राई एट खोटाङ्ग डिस्टीक” शीर्षकमा शोधकार्य भएको पाइन्छ । त्यस्तै छविलाल राईले ‘दुमी भाषिहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन’(२०६९) शीर्षका शोधकार्य गरेको पाइन्छ । यी

अध्ययनहरू मूलतः स्नातकोत्तर उपाधि प्रयोजनार्थ गरिएको पाइन्छ भने विशेष गरेर दुमी भाषासँग मात्र केन्द्रित भएको पाइन्छ ।

दुमी किरात राई फन्सिकिम (दुमी राईहरूको संस्था) ले दुमी किरात राईहरूको अमूल्य नीधिको रूपमा 'दुमी- नेपाली-अङ्ग्रेजी शब्दकोश' (२०६८) निर्माण गरेको पाइन्छ । जसमा दुमी भाषा, नेपाली भाषा र अङ्गेजी भाषामा शब्दहरू समाबेश गरेको छ । जसमा १३ वटा स्वरवर्ण र २५ वटा व्यञ्जन वर्ण रहेको छ । जुन शब्दकोषमा दुमी किरात राई समुदायभित्र पनि २१ पाछाहरु र ८ सामे रहेको उल्लेख गरेका छन् ।

दुमी किरात राई फन्सिकिमले २०५६ सालदेखि 'इसिलिम' नामक भाषिक पत्रिका प्रकाशन गर्दै आइरहेको छ । इसिलम पत्रिकाले दुमी किरात राई समुदायको भाषा, संस्कार, संस्कृति, धर्म, कला, साहित्य, सामे-पाछा, वंशावली, लोकरीतिथिति, प्रथा परम्परा, इतिहास आदि विषयवस्तुहरूमा अनुसन्धान मूलक लेख रचनाहरू प्रकाशन गर्दै आएको छ ।

## २.३ प्रथाजनित न्याय प्रणाली सम्बन्धी अन्य अध्ययनहरु

किरातहरू मंगोलियाबाट आएको होइन, किरातीहरू यही भूमी भष्मे खोरिया फाँडेर आवादी गरेर परापूर्वकाल देखिको मूलवासी आदिबासी जाति हुन् भन्ने उल्लेख भएको छ । त्यहीँ मूलबासी किरात राई २९ थरीका भाषा मध्येको दुमी राई पनि एक हो । डा. स्वामी प्रपन्नाचार्यद्वारा लिखित 'किरातहरूको प्राचीन इतिहास' (२०५१) ।

किरातकालीन सभ्यताको अवशेषको रूपमा पशुपति आर्यघाटको बागमतीको पश्चिम तटमा आधा शरीर जामिनमा राखिएको विरूपाक्षको मूर्तिको निधारमा तीन आखाँहरू रहेका छन् यसको अर्थ विद्वानहरूले किरातकालीन सभ्यताको विशेषता मानेका छन् । तिनै किरातीहरूको दरसन्तान मध्येका एक जाति दुमी राई एक समुदायका रूपमा रहेका छन् । बराल बासु (२०५०) ।

'विश्वका प्रमुख संविधानहरू' भन्ने पुस्तकमा बेलायको संविधान कुनै लिखित संविधान नभई विभिन्न रीतिथिति, संस्कार संस्कृति , प्रथा परम्परा, मूल्य मान्यताद्वारा सञ्चालित रहेको कुरा उल्लेख छ । कुनै पनि प्रकारको संवैधानिक संविधि छैन । बेलायतमा प्रथालाई नै संविधान मानेर राजा महाराज र जनताहरू शासित छन् । रेग्मी, सुरेन्द्रप्रसाद जोशी (२०६५) ।

नेपाल लगाएत विश्वभरिका आदिबासी जनजातिहरुको विशिष्ट र पृथक पहिचान छ । ऐतिहासिक पितृथलो, मातृभाषा, प्रथाजन्य न्याय प्रणाली लगाएतले यस्तो विशिष्ट र पृथक पहिचान दिन्छ । त्यसैले प्रथाजन्य न्यायप्रणाली आदिबासी जनजातिको अस्तित्वको एउटा गुदी तत्व हो । यस्तो प्रणालीमा समुदायका सबै सदस्यहरुले मिलेर सर्बसम्मत तरिकाले भूमि र स्रोतहरु, जन्मदेखि मृत्युपर्यन्तका संस्कारहरु, नाता सम्बन्ध, समुदायका सदस्यहरु बीच हुने झै-झगडा, खेतिपाति देखि वनजंगल लगाएतका विषयमा आवश्यक कानुन निर्माण गर्ने, आवश्यक परिमार्जन वा परिवर्तन गर्दछन । (भट्टचन, कृष्ण १८ अप्रिल २०१२)

हाम्रो देशको कानुनी न्याय प्रणाली धर्मशास्त्रमा मनुस्मृतिबाट प्रभावित थियो । आज सम्म पनि कानुनी पद्धति लागु भएको कारणले हाम्रो मुलुकमा बहुसस्कृति, प्रथा र परम्पराका धनी विविध जातजातिहरूले आज सम्म पूर्णरूपमा न्यायको महशुस नगरेको सही हो । यहाँका सबै जनताले समान रूपमा कानुनको शासन र न्यायमा पहुँच जस्ता न्याय सर्वमान्य सिद्धान्तहरूको उपभोग गर्न सकेका छैनन् । लिम्बु जाति आफैमा भाषा, धर्म, संस्कृति र ऐतिहासिक निरन्तरता बोकेको आदिवासी जनजाति हो । यो जातिको अस्तित्व र पहिचानलाई एकात्मक राज्य प्रणालीले सदियौं देखि प्रभाव पारे पनि यो जातिको संस्कार उनीहरूको परम्परागत ज्ञान र विश्वासमा आधारित मुन्धुमद्वारा निर्देशित छ, आजका दरसन्तानहरूमा हस्तान्तरित हुँदै आइरहेको छ । (थेबे, अमृता २०६९)

संस्कृतिद्वारा मानव समुदाय वातावरणमा समायोन हुन्छन् । मानिस सांस्कृतिक प्राणि हो । सांस्कृतिक प्रणालीको माध्यम बाट मानव समुदायले भाषा, धर्म, व्यवहार, प्रथा, परम्परा, मूल्य मान्यता, लोकरीति, सांकेतिक अर्थहरू महत्वको बोध गराउँछ । संस्कृतिले मानवीय जीवनशैली, भाषाभाषी, प्रजाति, जातजातिको विनाश होइन विकास गर्दछ । पश्चिम हिमालका मगर समुदायको वातावरण, व्यवस्थापन गर्ने आफ्नै मौलिक प्रथाजनित प्रणालीहरू रहेको छ । यस जातिले आफ्नो जमिन र जंगल व्यवस्थापन गर्न मगर जातिमा आधारित जातीय र ऐतिहासिक अभिलेख , ज्ञानसीप, मौलिक कार्यनीतिहरूमा आधारित भएर गर्दछन् । यस जातिले स्थानीय श्रोत साधन व्यवस्थापन गर्ने चलहरूको सजातिय र विजातिय सम्बन्धको पहिचान र महत्वलाई रणनीतिक विधिद्वारा विश्लेषण गरेका छन् । मगर जातिको प्रथाजनित प्रणालीले वातावरण व्यवस्थापनमा सैद्धान्तिक ढाँचा र विधिगत सामग्रीहरू

प्रस्ताव पेश गर्दै सिङ्गो नेपालको दीर्घकालीन विकासलाई प्रभावकारी योजना, नीति, सम्बोधन र व्यवस्थापन गर्न सहयोग गरेको छ। (गुरूङ, ओम १९९६ )

मुस्ताङ जिल्लामा थकाली र गुरूङ समुदायमा मुखिया प्रणाली अभ्यासमा रहेको पाइन्छ । मुखिया प्रणाली प्रथाजनित कानुनी अभ्यासमा रहेको छ । यो प्रणाली प्रजातन्त्रको उत्तम अभ्यासको उदाहरण हो । यस प्रणालीमा थकाली र गुरूङ समुदायले क्षमता अनुसारको जिम्मेवारी , नेतृत्व, अवसर सहभागिता, निर्णय गर्ने अधिकार, समानता र समता प्राप्त गर्दछन् । यस प्रणाली सांस्कृतिक कानुनद्वारा लैङ्गिक आधारमा शक्ति सन्तुलनको आधारमा सञ्चालित छ । यस प्रणालीले थकाली र गुरूङ जातिलाई सुसूचित, व्यवस्थित र संगठित गरेको छ । मुखिया प्रणाली स्थानीय सरकारको रूपमा लागु भएको मौलिक शासन हो । जसले स्थानीय प्रशासनलाई व्यवस्थित गर्दछ । आधुनिक राजनीतिक शासन व्यवस्था भन्दा मुखिया प्रणालीको छुट्टै मूल्य मान्यता र शासन व्यवस्था रहेको छ । यस प्रणालीबाट राज्य पुनः संरचना, संघीय राज्य निर्माण गर्न नयाँ आयाम र रोडम्याप थप्ने कार्य गरेको छ। मुखिया प्रणाली सांस्कृतिक कानुनबाट विकास भएको राजनीतिक मानवीय शासन प्रणाली हो । यस प्रणालीले प्रजातन्त्रको विकास गर्न सहयोग गरेको छ । यस्ता प्रकारको स्थानीय शासन व्यवस्थालाई आधुनिक राज्य संयन्त्रले मान्यता दिएको छैन। यस्ता प्रकारको प्रथाजन्य कानुनी शासन व्यवस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आदिवासी जनजाति समुदायमा अभ्यासमा रहेको पाइन्छ। यसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय शासन व्यवस्थामा मान्यता दिने हो भने यो एउटा असल शासन व्यवस्था हुन सक्छ। (पुन, एल बी र ज्ञानेन्द्र २०७०)

अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ राज्यहरु एक आपसमा मिलेर आफुहरुलाई लागु हुने गरि बनाएको अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ आदिबासि जनजातिहरु प्रति राज्यबाट हुने भेदभाब, शोषण, अन्य बहिस्कारलाई निरुत्साहित गर्दै सामाजिक न्याय दिने र बिभिन्न अधिकारहरु सुनिश्चित गर्नै हो ।

धारा २.२ (ख) सम्बन्धित समुहरुको सामाजिक तथा सांस्कृतिक पहिचान एबं उनिहरुको प्रथा, परम्परा तथा संस्थानहरुको सम्मान गर्दै उनिहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको पुर्ण प्राप्तीलाई प्रबर्द्धन गर्ने ।

धारा ८.१ सम्बन्धित समुहरुमा राष्ट्रिय कानुन तथा नियमावलीहरु लागु गर्दा उनिहरुको परम्परा वा परम्परागत कानुनहरुलाई उचित ध्यान दिइनेछ ।

धारा ८.२  सम्बन्धित समुहरुलाई राष्ट्रिय कानुनी पद्दतिको मान्यता दिएका आधारभुत अधिकारहरु तथा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानव अधिकारसंग मेलखाने गरी आफ्नो परम्परा तथा संस्थाहरुलाई लागु गर्दा उत्पन्न हुन सक्ने द्वन्द्वकहरुको समाधानका लागि आवश्यक भएको अवस्थामा उपयुत्त प्रावधानहरुको निर्माण गरिनेछ ।

धारा ९.१ राष्ट्रिय कानुनी पद्दतिका तथा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानव अधिकारसंग मिल्दो  भएको अवस्थामा सम्म सम्बन्धित समुहले आफ्नो सदस्यले गर्ने कुनै अपराधलाई सम्बोधन गर्ने अपनाउने उनीहरुको आफ्नै परम्परागत विधिहरुलाई सम्मान गरिनेछ ।

संयुक्त राष्ट्रसंघीय घोषणापत्र धारा ११ अनुसार आदिवासी जनजातिसंग उनीहरुको आफ्नै सांस्कृतिक  परम्परा र प्रचलनहरु मान्ने तथा तीनलाई पुनर्जीवन दिने अधिकार छ । यसमा पुरातात्विक तथा ऐतिहासिक स्थल, कलाकृति नमुना, उत्सव, प्रविधि तथा दृश्य एवं प्रस्तुति कला र साहित्य जस्ता उनिहरुका सांस्कृतिक पर्व, वर्तमान तथा स्वरुपलाई कायम राख्ने, संरक्षण गर्ने तथा विकास गर्ने अधिकार समेत पर्दछ ।

धारा १२ आदिवासी जनजातिसंग उनीहरुको आफ्नै आध्यात्मिक तथा धार्मिक परम्परा ,प्रचलन र उत्सवहरु प्रदर्शन गर्ने, मान्ने, तीनको विकास गर्ने तथा सिकाउने अधिकार तथा र आफ्ना धार्मिक सांस्कृतिक  स्थलको सम्भार गर्ने, संरक्षण गर्ने तथा ती स्थलहरुमा पहुँच प्राप्त गर्ने अधिकार  आफ्ना परम्परागत वस्तुहरुको प्रयोग तिनमाथि नियन्त्र गर्ने अधिकार र आफ्न मानव अवशेषहरु स्वदेश फर्काउने अधिकार छ ।

साधारण जन मानसमा अलिखित मौखिक रुपमा रहेको नागरिक नियमहरु जसलाई आम जनमानसले बैधानिक कानुनको रुपमा विश्वस गर्छन् भने त्यस्तो कानुनलाई मानवीय प्रथाजन्य कानुन भनिन्छ । वास्तवमा दुमी किरात राई समुदायमा रहेको प्रथाजनित मूल्या मान्यता (थुतुरी वेद) अलेख्य मात्रामा आधारित छ । जसलाई नक्क्षो (धामी), पुर्खाहरुले मात्र मौखिक रुपमा वाचन गर्दछ । जुन प्रथाले दुमी समुदायलाई संगठित, व्यवस्थित, न्यायचित, समतामूलक समाज निर्माण गरेको छ । (Wikipedia, accessed: April-25, 2014)

प्रथाजन्य कानुन एउटा परम्परागत सामान्य अभ्यास अथवा नियम हो । यो एक सामाजिक प्रक्रिय तथा व्यापारलाई वैधानिकता प्रदान गर्ने अनिवार्य परिपूरण पनि हो । दुमी राई समुदायमा ुपनि व्यापारिक कारोबार, भाका, सम्झौता श्रीपञ्चमीका दिन तिरोभरो गर्ने प्रथा रहेको छ । जुनदिन शुभदिन अर्थात साहु र आसामीले दिने र लिने दिन हो । यस प्रथाको विकसित रुप नै आधुनिक राज्यले अपनाएको व्यापारिक कानुन हो । (B. D accessed : April-25,2014)

अन्तर्राष्ट्रिय प्रथाजनित कानुन समाजमा अभ्यास भइ आएको सर्वस्वीकार्य साधारण कानुनको रुपमा पनि लिन सकिन्छ । यो स्वतन्त्र सन्धिको रुपमा पनि लिन सकिन्छ । वास्तवमा दुमी किरात राई समुदायमा भैंसे बही प्रथा, सोला पाँजाको प्रथा, झरीझराऊ प्रथा, महभिर प्रथा आदि प्रथाहरु छन् यी प्रथाहरुबाट विभिन्न प्रकारका कानुन निर्माण, विभिन्न प्रकारका सन्धि सम्झौता निर्माणको स्रोत बनेको छ । ( C I L, acessed : May-15,2014 )

प्रारम्भिक राजनीतिक समाजमा कानुनको निर्माण राजाबाट नभइ उचित र अनुचितको सार्वजनिक धारणा अनुसार नै राजाबाट तय गरिन्थ्यो । जनताको व्यवहारबाट नै उचित र अनुचितको धारणा बन्दथ्यो जुन कुरा उचित सम्झन्थे, सो प्रथाको रूपमा स्वीकृत हुन्थ्यो । प्रथाको आधारमा नै राजाबाट न्याय गरिन्थ्यो । यसरी आदिमकालीन प्रथालाई कानुनको स्थान प्राप्त हुन्थ्यो । माथि उल्लेखित साहित्य समीक्षालाई हेर्दा भाषाको क्षेत्रमा दुमी राई जातिको केही मात्रामा अध्ययन अनुसन्धान गरी पुस्तकहरू प्रकाशित भएता पनि दुमी राई जातिको प्रथाजनित सामाजिक न्याय प्रणालीको बारेमा समाजशास्त्रीय अध्ययन अनुसन्धान नभएकोले यस विषयमा अध्ययन अनुसन्धान हुन जरूरी छ साथै यो अध्ययन पनि सोही विषयमा हुने नयाँ अध्ययनको विषय रहेकोछ ।

# अध्याय-३

# अध्ययन विधि

## ३.१ अध्ययनको क्षेत्रको छनोट

पूर्वाञ्चल अन्तर्गतको माझ किरातमा रहेको खोटाङ जिल्लाको जालपा गाविसमा बसोबास रहेको दुमी राई जातिको प्रथाजनित न्याय प्रणालीको सामाजिक चाँडपर्व, प्रथा परम्परा, संस्कार संस्कृतिको अध्ययन गर्नको निमित्त छानेको छु । हालसम्म पनि उक्त क्षेत्रमा बसोबास गर्ने दुमी राई जातिको प्रथाजन्य न्याय प्रणालीको समाजशास्त्रीय अध्ययन अनुसन्धान नभएकोले उक्त स्थान छनौट गरेको छु ।

## ३.२ अनुसन्धान ढाँचा

वर्णनात्मक ढाँचाको प्रयोग गरेर जालपा गाविस वडा नं. ३,४,५,९ नमुनाको रुपमा लिएको छु । जसको जम्मा जनसंख्या १४९९ रहेको छ । जसमा जम्मा घरघुरी २५६ रहेको छ । १४९९ जनसंख्या मध्यवाट ४२० जनासँग प्रत्यक्ष कुराकानी, प्रश्नपत्र, अन्तरवार्ता, अवलोकन द्वारा समावेशी सहभागितामा प्रत्येक चार वडाको प्रत्येक टोल टोलमा पुगेर तथ्याङक संकलन गरेको छु । यस अध्यायन प्राथमिक स्रोतको आधारमा रहि गुणात्मक र संख्यात्मक तथ्यङकहरु समावेश गरेको छु । दुमी राईको प्रथाजनित प्रणाली अध्ययान भएकोले प्राथमिक साथै दितृीय तथ्यङकलाई सुक्ष्म अध्ययनका साथै विश्लेषण गरेको छु । यस अनुसन्धान ढाँचामा  वर्णनात्मक  ढाँचा प्रयोगक गरेको छु ।

## ३.२ तथ्याङ्कको श्रोत

यस अध्ययनको निमित्त प्राथमिक तथा द्वितीय दुबै प्रकारको श्रोतबाट सामाग्री लिएको छु । प्राथमिक श्रोत अन्तर्गत तथ्याङक संकलन गर्न अन्तरवार्ता, अवलोकन र ४ वटा वडालाई अध्ययनको नमुना मानी छानिएका सीमित व्यक्तिहरूमा सर्वेक्षणको आधारमा आफूले तयार पारेको प्रश्नावलीबाट वडाको पाका पुर्खा, समाजसेवी, बौद्धिक वर्ग र दुमी समुदायसँग सम्बन्धित संघ संस्था, प्रकाशित लेख रचना अविलेखबाट सहयोग लिएको छु । तर आजसम्म पनि दुमी राई जातिहरूको बारेमा विस्तृत समाजशास्त्रीय अध्ययन यो भन्दा अगाडि नभएकाले पनि सामान्यतया जालपा गाविसको मान्यजन पुर्खा र दुमी सम्बन्धी ज्ञाता, दुमी सम्बन्धी कृति पुस्तहरूबाट तथ्याङ्कको श्रोत लिएको छु ।

### ३.४ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान सही र सत्य तथ्यहरू प्राप्त गर्नका लागि तथ्याङ्क संकलन विधिहरूमा कुनै पनि अनुसन्धान कर्ता निर्भर रहनु पर्दछ। तथ्याङ्क संकलन गर्नका लागि प्रचलनमा रहेका समाजशास्त्रीय तथा मानवशास्त्रीय प्रचलित विधिहरू नै अपनाएकोछु। गुणात्मक तथा संख्यात्मक दुबै प्रकृतिका तथ्याङ्कहरू संकलन गरिएका छन् जसले अनुसन्धानमा पूर्णता र सान्दर्भिकता ल्याएको छ। प्राथमिक तथ्याङ्कहरू अन्तरवार्ता, अवलोकन, सर्वेक्षण तथा संरचित र असंरचित प्रश्नावलीद्वारा संकलन गरेको छु।

### ३.४.१ अवलोकन पद्वति

यसमा सहभागी र असहभागी अवलोकन पद्वतिलाई अपनाइ तथ्याङ्क संकलन गरकोछु। यिनै पद्वतिद्वारा दुमी किरात राई जातिले अपनाएको प्रथाजनित सामाजिक व्यवहार, मूल्य, मान्यता, प्रथा परम्परा, लोकरीतिथिति, संस्कार र संस्कृतिको बारेमा तथ्याङ्क संकलन गरेको छु। यस्तै प्रत्यक्ष अवलोकनद्वारा दुमी राई समुदायले आत्मसात गरेको सामाजिक कानुनी न्याय प्रणालीबाट तथ्याङ्क संकलन गरेको छु। नमुना छानेको ४ वटा वडामा प्रत्यक्ष भम्रण गरेर प्रत्यक टोल टोलमा समुह समुहमा विभाजन गरेर कुराकानी द्वारा अवलोकन तथ्यङक तयारी गरेको छु। कतिपय आवश्यक प्रथाको फोटो खिचेर उत्तरदातासँग छलफलवाट तथ्याङक संकलन गरेको छु।

### ३.४.२ अन्तरवार्ता सुची

संरचित अन्तरवार्ताको सामुहिक र व्यत्तिगत अन्तरवार्ता प्रश्नपत्र तयारी वाट तथ्यङक संकलन गरेको छु। अन्तरवार्ता समुह (क) अन्तर्गत व्यतिगत विवरण रहेको छ। समुह (ख) मा प्रथाको अवधारण सम्वन्धी १५ वन्द प्रश्नपत्र रहेको छ भने समुह (ग) अन्तर्गत प्रथाको अर्थ, महत्व, विकास सम्वन्धी १६ खुल्ला प्रश्नपत्र रहेको छ। अन्तरवार्ताक्रममा पहिले तयार गरिएको प्रश्नसुचीको आधारमा प्रश्नहरू सोधिएको छ र तथ्याङ्क संकलन गरेको छु। यसरी प्रश्न सोध्ने क्रममा अनिर्मित थप प्रश्नहरू पनि गरेको छु। तथ्याङक संकलन गर्दा मुख्य सूचनादातालाई विशेष समय लिएर दुमी समुदायमा रहेको प्रथा परम्परा, लोक रीतिथिति, भाषा, कला, धर्म, इतिहास, मुन्धुम दर्शन, संस्कार, संस्कृतिको बारेमा प्रश्नहरू गरी अन्तरवार्ताको माध्यमद्वारा तथ्याङ्क संकलन गरेको छु।

## ३.५ तथ्याङ्कको प्रस्तुति एवम् अध्ययन विश्लेषण

तथ्याङ्क संकलनका क्रममा प्राथमिक र द्वितीय श्रोतको आधारमा संकलन गरिएको तथ्याङ्कहरूलाई बढी मात्रामा व्याख्यात्मक रूपमा विश्लेषण गरेको छु । गुणात्मक प्रकृतिका सूचनाहरूको बारेमा आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक, बोधगम्य बनाउको र तयसलाई विश्लेषण र विस्तार गरेको छु । प्राथमिक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार चित्र, टेबुल, चार्ट बनाइ वर्णात्मक विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरेको छु ।

## ३.६ अध्ययनको सीमाङ्कन

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै सीमाहरू हुने हुनाले यही आफ्नै सीमाहरूको आधारमा अध्ययन सीमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य भनेको नै कुनै पनि निश्चित उद्देश्य प्राप्ति गर्ने गरिने कर्म भएकोले यसबाट प्राप्त परिणाम र व्याख्या पनि तत् अवस्थामा मात्र सामान्यीकरण हुन सक्तछ । त्यसैले यो अध्ययन अनुसन्धान कार्यको पनि निश्चित सीमा भित्र मात्र यसको परिणाम र निष्कर्षहरू मान्य भएकोछ । यसैले यस अनुसन्धानको पनि आफ्नै सीमाहरू रहेका छन् । यस अध्ययन क्षेत्र माझ किरात खोटाङ जिल्लाको जालपा गाविसमा बसोबास गर्ने दुमी किरात राई जातिको प्रथाजनित कानुनी न्याय प्रणालीको बारेमा अध्ययन गरेकाले अन्य आसपासको दुमी राई समुदाय र विदेशमा रहेको दुमी राई समुदायलाई समेटिएको छैन । दुमी किरात राई जातिमा विद्यमान प्रथाजन्य कानुनी न्याय प्रणाली परम्परित सामाजिक, साँस्कृतिक, धार्मिक, मूल्य मान्यता, प्रथा परम्परा, संस्कार संस्कृतिको सामान्य अध्ययनमा सीमित रहेको छ । दुमी किरात राई जातिमा विद्यमान प्रथाजन्य कानुनी न्याय प्रणालीहरूको सामाजिक, सांस्कृतिक , धार्मिक कारणहरूको खोजीमा सीमित रहेको छ । दुमी किरात राई जातिमा विद्यमान प्रचलित प्रथाजनित न्याय प्रणालीले राज्य व्यवस्थाको कानुनी प्रणाालीमा प्रभाव पारेको छ वा छैन भन्ने तथ्यको अध्ययनमा मात्र सीमित रहेको छ ।

## अध्याय-४

## अध्ययन क्षेत्रको परिचय

### ४.१ जालपा गाविसको परिचय

खोटाङ्ग जिल्लामा ७६ गाविसहरू मध्ये जालपा गाविस उत्तरी भेगमा अवस्थित एक सुन्दर गाविस हो । यस गाविसलाई पूर्व तिर खार्मी गाविस र लम्जुङ खोलाले सिमाना निर्धारण गरेको छ भने ताप खोलाले सप्तेश्वर गाविससँगको सीमा कोरेको छ । उत्तरतिर माक्पा गाविसको सीमाना रावा खोलोले छुटचाएको छ भने पश्चिमतिर हौँचुर गाविसले भौगोलिक पृथकताको आधारमा सीमा निर्धारण गरेको छ । जालपा गाविसमा जम्मा भू-भाग ९७,५५,३८० हेक्टरको जमिन रहेको छ भने २७,४५,६२० हेक्टर वनजङ्गलले ढाकेको छ । जसमध्ये ३५,९७० भू-भागमा बसोबास रहेको छ भने ६९,३३,७९० हेक्टर जमिन कृषि उत्पादन गर्ने गर्दछन् । (जालपा गाविस प्रोफाइल २०५७) । यस गाविसमा कृषियोग्य उर्वरा जमिन कमी छ । भिरालो प्रकारको जमिन भएकाले सिंचाईको प्रतिकूलताले प्रायजसो मानिसहरूले आफ्नो आधारभूत आवश्यकता परिपूर्ति वनजङ्गलको स्रोत साधनबाट पूर्ति गर्दछन् ।

जालपा गाविसमा मुख्य पेशा कृषि हो तर केही मानिसहरू विभिन्न सार्वजनिक निकायहरू, ब्यापार व्यवसायमा संलग्न हुनका साथै केही युवा शक्तिहरु वैदेशिक रोजगारमा समेत गएका छन् । यद्यपि यस गाविसको मानिसको मुख्य पेशा कृषि भएपनि आधुनिक, बैज्ञानिक तथा प्राविधिक कृषि उत्पादनमा सरिक छैनन् । कतिपय कृषि र पशुपालनम पनि प्रथाजनित प्रणालीद्वरा गर्दछ । यस क्षेत्रको मुख्य कृषि उपजहरू मकै, कोदो, धान, आलु, भटमास, गहुँ, जौ आदि हुन् भने पशुपालनमा भैंसी, गाई, भेडा, बाख्रा, सुँगुर, कुखुरा आदि रहेका छन् । यसैगरी यस क्षेत्रमा सुन्तला, नास्पती, स्याउपती, केरा, कागती, निबुवा, अम्बा, अनार, आलुबखडा आदि फलफूलहरू पाउन सकिन्छ । साप्ताहिक रुपमा लाग्ने स्थानीय बजार भए पनि व्यापक कृषि उत्पादहरू विक्री गर्नको लागि उपयूत्त बजारको अभाव छ । सो बजारम विभिन्न ठाउँमा उत्पादन गरिएको आवश्यक सामग्रीहरू बिक्री वितरण हुने गर्दछ । विभिन्न छिमेकी गाविस र स्थानीयद्वारा बजार सञ्चालन हुन्छ ।

दुमी किराँत राईहरूले पनि आफूलाई भुमीपुत्र भनेर पहिचान गराउँदछन् । दुमी किराँत राईहरूले प्रथाजनित प्रणालीद्वारा भूमीको पूजा-आजा गर्दछन् । दुमी राईहरूले ती

भूमीको खोरिया भष्मे फोरेर आवादी गरेर रस्तिबस्ती बसालेको भन्ने भनाई छ । दुमी किराँत राईहरूको महान चाडपर्व सकला/साकेला नाच प्रथाद्वारा निर्धारित हुन्छ । यो नाच परम्परा अनुसार बर्षको दुई चोटी (उधौली र उभौली) गरी नाच्ने गर्दछन् । आफ्नै विधि विधान र रीति अनुसार भूमीको पूजा गरेर यो नाच सम्पन्न गर्ने गर्दछन् । यस नाच गर्नु भन्दा अगाडि दुमी राईहरूले चूल्हालाई पुजेर नाचको प्रारम्भ गर्दछन् । यस नाचमा एक जना मुख्य 'सिलीपा' र 'सिलीमा' हुन्छ । त्यही दुईको नेतृत्वमा लयताल, भाव भङ्गीमा साँस्कृतिक बाजाहरू ढोल, भ्याम्टा लगायत अन्य मौलिक साँस्कृतिक भेष भुषामा खोरिया भष्मे फाडेको, तान बुनेको, अन्नबाली उत्पादन गरेको विभिन्न जीव जन्तुको नक्कल गरेर शारीरिक हाउ भाउका साथ नाच्ने गर्दछन् ।

जालपा गाविसमा जातजाति, भाषा, क्षेत्र, भूगोल संस्कार, संस्कृतिमा विविधता भेटाउन सकिन्छ । यद्यपि जालपा गाविस अनेकतामा एकता भएको गाविस हो । यस गाविसको सामाजिक संरचना उत्कृष्ट रहेको छ । यस गाविसमा ५ सय १६ घरधुरी रहेको छ । जसमा ९५ घरधुरी अति गरीव छन्, १ सय ८ घर मध्यम गरिवी, १ सय ५४ गरीव छन्, १ सय १७ घरधुरीले आफ्नो कृषि उत्पादन गरेर बजारमा बेच्ने गर्दछन् भने ५८ घरधुरी आर्थिक रूपमा मजबुद र आत्मनिर्भर छन् । जति गरिवहरु छन् तिनीहरूले आफ्नो आवाज उठाउन, अधिकार खोज्ने, विधि विधान, निर्णय लिने ठाउँमा पहुँच छैन र आफ्नो आवाज उठाउने र गाँस, बास र कपास पूरा गर्न सक्दैनन् ।

जालपा गाविसमा एक सहकारी संस्था, स्वास्थ्य चौकी, हुलाक, पशुसेवा केन्द्र, । जनसेवा समाज नेपालद्वारा सञ्चालित सामुदायिक हस्पिटल यसै बर्षबाट सञ्चालनमा रहेको छ । प्रायजसो मानिसहरू परम्परागत उपचार विधि धामीभ्काँक्री, भूतप्रेतमा विश्वास गर्ने भएकाले हस्पिटलमा लानु भन्दा पहिले फुकफाक, तन्त्रमन्त्र धामी भ्काँक्रीको लगेर देखाउने प्रचलन रहेको छ । सामुदायिक हस्पिटल निर्माण भएपछि केही मात्रामा स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि भएको छ । धामी भ्काँक्री साथै बिरामीलाई हस्पिटललाई लाने गर्दछन् ।

यस गाविसमा एक गैरसरकारी संस्था पनि रहेको छ । यस संस्थाले विभिन्न प्रकारको जातजाति, भाषाभाषी, संस्कार संस्कृतिको उत्थान गर्ने साथै विकास निर्माणका कार्यहरू तथा अध्ययन अनुसन्धान गर्ने कार्य गर्दै आएको छ । यी गैर सरकारी संस्थाले दुमी राई लगायत अन्य समुदायको शिक्षा, स्वास्थ्य, महिला अधिकार, महिला सशक्तिकरण,

बालअधिकार, सामाजिक सशक्तिकरण तथा परिचालनका लागि नेतृत्व विकास, आधुनिक खेती सम्बन्धी विभिन्न सीपमूलक, खोजमूलक कार्यक्रमहरू सञ्चालन गरि रहेको छ । गैर सरकारी संस्थाले सामाजिक, आर्थिक रुपान्तरण गर्नमा महत्वपूर्ण भूमिका दुमी समुदायमा खेलेको छ । दुमी समुदायमा गैर सरकारी संस्थाको कार्यक्रमले भौतिक, आर्थिक, सामाजिक परिवर्तन ल्याएको छ । यस संस्थाले दुमी समुदाय लगायत अन्य समुदायको आर्थिक, व्यवसायिक, आधुनिकरण, उदारिकरण गर्न महत्वपूर्ण भूमिका खेलेको छ । त्यसकारण जालपा गाविसलाई प्रगति उन्मुख सम्बृद्ध विकसित बनाउन गैर सरकारी संस्थाहरूले महत्वपूर्ण भूमिका तथा योगदान रहेको छ ।

जालपा गाविसको शैक्षिक अवस्था अन्य छिमेकी गाविसको भन्दा प्रतिस्पर्धात्मक रूपमा उच्च रहेको छ । जालपा गाविसमा ४ प्राथमिक विद्यालय रहेको छ, १ निम्न माध्यमिक विद्यालय, १ माध्यमिक विद्यालय र १ उच्च उमावि (+२) रहेको छ । साथै स्नातक तहको शिक्षण गर्न पहल भईरहेको छ । जालपा गाविसको साक्षरता दर ७०.४२% रहेको छ भने महिलाको ५६.३३% र पुरुषको ८७.८१% रहेको छ । जालपा गाविसमा कच्ची रोड पुगेको छ । रोडको स्तरोन्नतीको लागि पहल भईरहेको छ । यस गाविसमा स्थानीय समुदायको सक्रियतामा नै केही गोरेटो बाटोहरू ग्राभेल जन श्रमद्वारा भएका छन् । प्रत्येक वडामा सुविधाजनक गोरेटो बाटोहरूको निर्माण भएको छ । सञ्चार क्षेत्रको पहुँचमा दुमी किराँत राईहरू उच्च मूल्य तिरेर भएपनि टेलिफोन सेवा, टेलिभिजन केवल सेवा उपभोग गरि रहेका छन् भने जनसेवा समाज नेपालले इन्टरनेटको प्रबन्ध गरेका छ । स्थानीय बासीको लगानीमा तापखोला लघु जलविद्यु आयोजना 'पहिलो' २१ किलोवाट र लम्जु खोला लघु जलविद्युल आयोजना २० किलोवाट जालपा बासीहरुले विद्युत सेवा प्राप्त गरिरहेछन् । साथै १२ करोडको लगानीमा तापखोला लघु जलविद्युत आयोजना 'दोस्रो' ३०३ किलोवाट निर्माणधिन अवस्थामा रहेको छ । यस गाविसको वडा नं १ मा केन्द्रिय विद्युत आयोजनाबा सेवा प्राप्त गरिरहेका छन् भने अन्य वडाहरुमा पनि केन्द्रिय सेवा विस्तार गर्ने योजना रहेको छ ।

यस गाविसमा कुनै प्रकारको स्थानीय रेडियो स्टेशन नभएता पनि सदरमुकाम दिक्तेलमा समुदायद्वारा सञ्चालित रुपाकोट रेडियोको सहकार्यमा जालपा उमाविमा विद्यार्थीहरूले बाल अधिकार सम्बन्धी बाल कार्यक्रम उत्पादन तथा सञ्चालन गर्दै आएको

थिए तर हाल प्राविधिक कारणले यो कार्यक्रम पनि बन्द भएको छ । यस गाविसमा मासिकरुपमा प्रकाशित हुने 'होस्टेमा हैसे' नामक पत्रिकाले स्थानीय बासीहरुलाई स्थानीय ताजा खवर सु-सुचित गराउने अवसर प्रदान गरेको छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरू उपलब्ध हुन्छन् । प्रायजसो रेडियो, टेलिभिजन, इन्टरनेट व्यक्तिगत र संस्थागत प्रयोजनका लागि प्रयोग गर्दछन् ।

## ४.२ दुमी समुदायको उत्पतीगत मिथक

किरात राईहरुको समुदायमा दुमी थरको सृष्टिको बारेमा लिखित इतिहास छैन । पूर्खाहरुले भने भैं 'पढी वेद नभएर थुथुरी वेद'को आधार तथा लिखित श्रोत भन्दा जनश्रुति, मिथक, किंवदन्तीहरु पर्याप्त पाइने हुदा त्यसैको आधारमा दुमी किरात राई थरको वर्णन गरिएको छ ।

### दुमी राईहरूको पुर्खा

उहिले पृथ्वीमा पानीको उत्पति भयो । फलतः पृथ्वी जलमग्न भयो । जल मग्न पृथ्वीमा घामको तापले पानीमा फिज (गाज) उठ्यो । संयोगले एक समय आकाश र धर्ती आपसमा जोड्न पुग्यो र धर्ती गर्भवती भइन् । त्यो पानीको गाजबाट एउटा ज्यादै सानो किरा र भारको उत्पति भयो । उक्त किरा र भारबाट नै जीवहरूको विकास हुँदै एउटा सृष्टिमाताको जन्म भयो । सृष्टिमातासँग वायू (बादल)को समागम भयो । उनै सृष्टिमाताको कोखबाट सुरूमा वनस्पतिहरूको जन्म भयो । पहिले कुकुरदाहिने (लहरा समूहको एक वनस्पति), दोश्रोमा गोपे बाँस, तेश्रोमा रातो तामार्के, चौथोमा बेद, पाँचौंमा भर्ला र जीवजन्तुहरू क्रमश छैटौंमा बाघ, भालु, बाँदरहुँदै दशौं स्थानमा कान्छो चाहिँ मान्छेको जन्म भयो । यो मान्छे नै दुमी राईहरूको पुर्खा हो । दुमी राईहरू नै पुर्खाका सन्ततीहरू हुन् ।

(दुमी भाषामा)

आसो सादिम्वी काङ्कुपो लन्ना छुका खादिम्वी काङ्कु-काङ्कु छुका । काङ्कु-काङ्कुपो खादिम्वी नाम्छोपो हुताआ काङ्कुवी बोक्चिला फुका । तुक्-तुक्सी धिरितेन, खादिम उहोपु-होपुवी दुङ्मना छुकुम्का खादिम् मोरिमिम्चो छुकी । माम बोक्चिलाबी तुक्ली दुआ फिदिम छुबुपो, स्वापो लन्ना । माम छुबी लाम्काङा सालुइम्पो बार्नाम्का तुक्ली रिमेम्पो वाछिम्ना छुका । रिमेम्का पारूपोकायो मुदम्ना छुका । मामिन रिमेम्पो मारिमिम्चोलाम्का तुक्सुमहाम्पो

तुक्पुवी गङ्गेरी, साक्पुबी, हुपुरी, साखुरी, गुरी, भररी तेम्सक चाप्चा, वार्पा, सुशुपु, ख्लिबु, मेसक तुक्सिम्बी हाँचुपो वाछिनिम्सा छुका । माम हाँचुविङा दुमी रदुहाम्पो तपुओ । दुमी रदुहाम् तपुपो चाचाचुहाम् ओ । आजिम्पिति रदुहाम्पो पाछा सुक्तुली हाममोता ।

इङ्की दुङ्की तथा दुम्कि भन्ने शब्दको अर्थ दुमी भाषामा भेटयौं भन्ने हुन्छ । यही दुम्कीबाट दुमी भएको हो भन्ने राय विभिन्न बुढापाकाहरुको पाइन्छ । बाक्सिला गाविसको हल्कु निबासी स्व.भिमलसिंह मुरह दुमी राईको पनि यस्तै मत थियो । प्राक इतिहासिक कालमा किरात राईहरुमा सन्तानहरु लाम्दिजा (बाक्सिला) क्षेत्रमा भेट हुँदा हामी भेट्यौं । इङ्की दुङ्की वा दुम्की भन्ने शब्द अपभ्रंस भई दुमी हुन गएको हो भन्ने मत पनि रहेको छ । दुमी राईहरुको भाषा सम्बन्धि सोध पत्रमा उल्लेख भए अनुसार शिकारी युगमा शिकार गर्दै हिंडेका किरात राईहरु उस्तै भाषा मिल्ने अन्य शिकारीहरुसँग जम्काभेट (दुम्का) भयो । उनीहरुको सल्लाह अनुसार सबै मिलेर एकै ठाउँ बसोबास गरेको हुनाले उक्त ठाउँलाई दुङ्कुलु नामाकरण गरे । दुङकुलुबासीको दम्पतिलाई दुम्बोमे भनियो । उक्त दुम्बोमे शब्दबाट दुम्बे र पछि दम्मे र पछि कालान्तरमा दुमी बनेको हो ।

दोश्रो मिथक अनुसार दुमी समुदायको महान पदचिन्ह दुङ्कुलुबाट दुमी भएको मानिन्छ । प्राचिन समयमा किरात राईहरु खुवालुङ (बराहक्षेत्र आसपासका स्थानहरु सिमाङगढी) बाट बसाई सर्दै सप्तकोशी नदी तरेर कोही सूनकोशी पछयाउदै जाने सुनुवार, जिरेल, हायू भए भने तमोर पछयाएर जाने लिम्बू यसै गरी अरुण पछयाएर जाने जिमिन्दार राई र खुवालुङमै रहने कान्छो बंश थारु दनुवार र धिमालहरु भए । अतः पूर्खाहरुले किरात लिम्बू किरात राई किरात सुनुवार र किरात थारु भन्ने गर्दछन् । अरुण पछयाएर जाने राईहरु भोजपुरको सिक्तेलमा लामो समयसम्म बसोबास गरेपछि दाजुभाइ छुटिदै दिक्तेल पोखरीमा आएर बसे । उक्त स्थानमा चाम्लिङ राईसँग मिलेर बस्न नसकेपछि थुलुङ, बाहिङ सोलुखुम्बू र ओखलढुङ्गातर्फ दुमी, नाछिरिङ, खालिङ, साङपाङ र कोयू राईहरु लमदिजा क्षेत्रको सिमपानी ‘दुम्देल’ भन्ने स्थानमा ठूलो ढुङ्गाको आड लिएर बसे । यसै ढुङ्गालाई अचेल दुङकुलु भनेर चिनिन्छ । दुङकुलुबाट पनि पुनः दाजुभाई छुटिएर नाछिरिङ रावा वाङ्देल, कोयू सुङदेल, दिपुदेल, माक्पा गए भने अन्य बंशहरु खार्मी, जालपा, सप्तेश्वर आसपासको क्षेत्रमा बसोबास गरे । यस मिथक अनुसार किरातीमा विभिन्न शाखाहरु दुङकुलुमा भेट भइ धेरै समयसम्म एकै ठाउँमा बसेकाले हामी भेटयौं ‘दुम्की’ भनिएबाट दुम्की शब्द कालान्तरमा ‘दुमी’ भएको

हो । दुम्किलुको अर्थ भेट हुने ढुङ्गा हो । यो अर्थबाट त्यस क्षेत्रमा बसोबास गर्नेहरु 'दुमी' भएका हुन् ।

धामीहरुको भेट्ने थलो दुङकुलुबाट दुमी भएको हो भन्ने जनश्रुति पनि प्रचलित छ । माथि उल्लेखित भनाईहरुको अनुसार नै राई धामीहरु गुरु पूजा गर्दा चिन्ता बस्दा, पितृकार्य गर्दा आफ्नो मुन्दुम बखान गर्दा दुङकुलुमा पुज्छन् । उक्त ठाउँमा सबै तर्फका धामीहरु सित भेटघाट हुन्छ भन्ने भनाई छ । यसरी भेटेपछि भविष्यमा पुनः दुङकुलुमा भेटने बाचा गर्दै छुटिने चलन आज पनि यथावत भएको कुरा खार्मी गाविसको तुर्खा निबासी नक्छो (धामी) जङ्गबहादुर वालाक्पू दुमी राई, जालपाको घलेगाउँ निबासी भोटुमान खालिङ राई र यस्तै जालपा निबासी भिरकुने नक्छो पर्शुराम दुमी राई, साथै अन्य पूर्खाहरुले पनि बताउछन् । यसबाट यो प्रमाणित हुन्छ कि दुङकुलु दुमीहरुको बस्ने ठाउँ भएकाले दुमेलु भएको हो । यस क्षेत्रलाई पूरानो तमसुकमा 'दुम्देलु' उल्लेख गरेका प्रमाणबाट यो प्रष्ट हुन्छ कि दुमी भाषामा देलको अर्थ गाउँ हो । तसर्थ दुमीहरु बसेको ठाउँलाई दम्देलु भनिएको हो ।

कुनै समय राईहरुको बस्तीमा ठूलो महामारीले जनहरु मरे भने केही व्यक्तिहरु भाग्यवश बाँचे । महामारीबाट बचेकालाई दुमो भनिन थालियो । कालान्तरमा यो 'दुमो' शब्द अपभ्रंस भएर दुमी भएको हो भन्ने मत पनि पाइन्छ । दुमोको अर्थ दुमी भाषामा विनास गर्न नहुने चिज हो । यसरी बाँचेका मानिसहरुका दर सन्तानलाई दुमी राई भन्न थालियो । तर यस किंवदन्तीबाट केही दुमी राईहरुको पूर्खाहरुको फरक मत पनि पाइन्छ । महामारी अथवा हैंजा लागेर मान्छे मरेकै हो । तर दुमीदेलमा कोही पनि मानिस नमरेकोले दुमो गाउँ भनिएको हो, र त्यसैबाट यो वस्तीमा बसोबास गर्ने मानिसहरुलाई 'दुमी' भनिएको हो, भन्ने मत पनि पाइन्छ ।

व्यक्तिको नामबाट दुमी भएको हो भन्ने जनश्रति पनि प्रचलित छ । पाँचथर जिल्लाका गंगाप्रशाद रङ्कु दुमी राईको संकलित बंशावली अनुसार तोदिपुको छोरा उजाधनको अर्को नाम 'दुमु' हो । उजाधन तथा दुमो दुम्देलमा बसोबास गरेको हुनाले कालान्तरमा दुमो बस्ने ठाउँका जनलाई दुमी भनिएको हो । यसरी हालसम्म पाइएका भनाई मिथक जनश्रुति बंशावली नै यसको आधार हुन् । जसबाट दुमी थर एवं समुदायको विकास भएको पाइन्छ ।

# अध्याय-५

## दुमी जनसंख्या, प्रथाको उपयोग र बुझाइ

### ५.१.जनसंख्या

यस गाविसमा बहुजाति, बहुभाषी, एवं बहुसंस्कृती भएका जात जातीहरु बसोबास रहेको छ । जात जातिमा विविधता भएता पनि दुमी राईहरुको जनसंख्याको बाहुल्यता रहेको छ । कुन जातीको कति जनसंख्या रहेको छ (तालिका नं १) ।

तालिका नं.१ जालपा गाविसको जन सङ्ख्या विवरण, जाति र जनजाति समूहहरुं

| जति | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरूष | |
| राई | ३२९ | ८३६ | ९५० | १७८६ |
| नेवार | ९२ | २८८ | ३१५ | ६०३ |
| तामाङ्ग | ५० | १६० | १४४ | ३०४ |
| गुरूङ्ग | १४ | ५१ | ४४ | ९५ |
| कामी | २७ | ८९ | ९४ | १८९ |
| दमाई | ७ | १६ | १९ | ३५ |
| सार्की | १ | २ | ५ | ७ |
| सन्यासी | ३ | ८ | ९ | १७ |
| क्षेत्री | ३ | ४ | १० | १४ |
| जम्मा | ५२६ | १४५४ | १५९० | ३०४४ |

तालिका नं १ अनुसार २००९ सालको गाविस अध्ययन प्रतिवेदन जालपा गाविसको जम्मा जनसंख्या ३०४४ रहेको छ । विभिन्न जात जातीरहेको जालपा गाविसमा जाती अनुसारको भाषा, धर्म, प्रथा परम्परा संस्कार संस्कृति न्याय सम्पादनको समिश्रण रहको छ । जालपा गाविसमा किरात राईहरुको जम्मा जनसंख्या १७८३ रहेको छ भने महिलाको ८३६ छ पुरुषको ९५० रहेको छ । ३२९ घरधुरी किरात राई समुदाय रहेको छ । विशेषत २९ थरीको राई मध्ये जालपा गाविसमा दुमी किरात राईहरुको बाहुल्यता रहेको छ । अन्य जाती वर्ग

समुदायलाई दुमी किरात राईको संस्कार संस्कृतिले प्रभाव पारेको छ भने न्याय पनि दिलाएको छ ।

### ५.२ दुमी घरधुरी

यस गाविसमा नौ वडामा दुमी घरधुरीले प्रथाजन्य न्याय प्रणालीलाई दैनीक जीवनमा उपयोग गर्ने जनसंख्या, दुमी भाषाको प्रयोग गर्ने व्यति संख्याको तालिका विवरण निम्न रहेको छ (तालिका नं. ५.२) ।

तालिका नं.५.२ जालपा गाविसको दुमी घरधुरी र प्रथाजन्य प्रणाली उपयोग

| क.सं | वार्ड नं. | घर सङ्ख्या | दुमी भाषी बोल्ने सङ्ख्या |
|---|---|---|---|
| १ | वार्ड नं.१, छिप्ती | – | – |
| २ | वार्ड नं.२, लम्बर्खु | ३ | २ |
| ३ | वार्ड नं.३, घलेगाउँ | १८ | ५ |
| ४ | वार्ड नं.४, पुरानो गाउँ | ६५ | ४५ |
| ५ | वार्ड नं.५, ससर्का | ५१ | २१ |
| ६ | वार्ड नं.६, कादेल | २१ | ५ |
| ७ | वार्ड नं.७, दिम्लो | ५० | १२ |
| ८ | वार्ड नं.८, सावालुङ | १४० | ४८ |
| ९ | वार्ड नं.९, खरबारी | ८१ | ३८ |
| **जम्मा** | | ३२३ | १४८ |

तालिका नं. २ अनुसार २०६७ सालको दुमी शब्दकोश निर्माण अध्ययन भ्रमण प्रतिवेदनले जालपा गाविसमा एक देखि नौ वडामा ३२३ दुमी घरधुरी देखाएको छ । १४८ दुमी भाषी बोल्ने वक्ताहरु देखाएको छ । ३२३ दुमी घरधुरीले प्रथाजन्य न्याय प्रणालीको आत्मासाथ गर्दै आइरहेका छन् । विशेषत वडानं ३,४,५,९ का दुमी समुदायमा अध्ययन गर्दा अग्रजहरुले प्रथाजन्य न्याय प्रणलीलाई व्यावहारिक ढङ्गले अँगाली रहेका छन् । सामाजिक, आर्थिक रुपान्तरण साथै राजनैतिक परिवर्तनले प्रथाजन्य न्याय प्रणालीलाई सकरात्मक प्रभाव पारेको छ भने कतै नकरात्मक प्रभाव पनि पारेको छ । राजनीतिकरण र शहरीकरण

पूंजीवादी विश्वव्यावस्था र विश्वव्यापिकरण तर्फ मानव समुदाय उन्मुख र विश्वसमाज रुपान्तरण भएकाले नयाँ पूस्ताका दुमी समुदायले प्रथाजन्य न्याय प्रणालीको अनुसरण चासोका साथ नगरेको पाईन्छ ।

**५.३ जनसंख्या वितरण**

जालपा गाविसको चार वडाको प्रथाजन्य न्याय प्रणालीको बुझाई घर संख्या, लिङ्गको आधारमा जनसंख्य विवरण, प्रथाजन्य न्याय प्रणाली बुझाई सम्बन्धी ग्रेडीङ्ग तालिका विवरण निम्न रहेको छ (तालिका नं.५.३) ।

तालिका नं. ३ जनसंख्या वितरण अध्ययन क्षेत्रको ढाँचा र प्रथाजन्य न्यायको बुझाइ

| **वडा नं.** | बास स्थान | घरधुरी संख्या | जनसंख्या | | | प्रथाजन्य न्यायको बुझाई | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | क | ख | ग | घ |
| **३** | घलेगाउँ | ५९ | १२६ | १७१ | २९७ | ८ | १२ | १३ | १३ |
| **४** | पुरानोगाउँ | ७१ | १८१ | २१५ | ३९६ | १० | १२ | १७ | २२ |
| **५** | ससर्का | ५५ | १५६ | १४२ | २९८ | ९ | ११ | १० | १० |
| **९** | खर्बारी | ७२ | १८४ | ३२४ | ५०८ | ११ | १८ | १५ | २४ |
| **जम्मा** | | २५७ | ६४७ | ८५२ | १४९९ | ३८ | ५३ | ६३ | ६९ |

तालिका नं ३ अनुसार २०६९ को गा.वि.स. अध्ययन प्रतिवेदनले ३,४,५,९को दुमी किरात राईको जम्मा जनसंख्या १४९९ रहेको छ भने पुरुषको ८५२ र महिलाको ६४७ रहेको छ । वडा नं. ३,४,५,९ को महिला र पुरुषको समान प्रतिनीधित्व हुने गरी प्रथाजन्य न्याय

प्रणली सम्बन्धि बुझाईमा प्रश्नावली अन्तरवार्ता अवलोकन गरेको छु । नमुना छनौट उत्तरदातालाई जति प्रथा सम्बन्धि ज्ञानको भण्डार छ उक्त उत्तरदातालाई बढि प्राथमिकताका साथ संरचित असंरचित प्रश्न अन्तरवार्ता गरेको छु । जसको आधारमा तालिकामा क, ख, ग ,घ भनेर ग्रेड छुट्याएको छु । यसबाट के निष्कर्ष हुन्छ भने प्रथा न्याय सम्बन्धि बढि ज्ञान छ उक्त उत्तरदाता क ग्रेडमा रहेका छन् । यहि अनुसार अन्य ग्रेडको पनि निर्धारण गरेको छु ।

# अध्याय-६

## प्रथाजनित न्याय प्रणालीहरुको विश्लेषण

### ६१. चूल्हा कसमको प्रथाजनित न्याय प्रणाली

तीन चूल्होलाई दु:मी राई समुदायले खाना पकाउने स्थान मात्र नभएर आस्था र विश्वासको धरोहराको रूपमा वर्षको दुई चोटी अनिवार्य (तिदाम, छिदाम) रूपले पुज्ने वा मान्ने गर्दछन् । ३ चूल्हाको साङ्केतिक अर्थमा पनि विविधता रहेको छ । तीन चूल्हामध्ये एउटा मूल चूल्हा मानिन्छ । जसलाई दु:मी भाषामा (सुप्तुलु) चुचुपिपी(बाजेबोजु)लाई संकेत गर्छ । अर्को दुई सहायक चुल्हाहरुले कुटुम्व छोरिचेली (तोमालु) का रूपमा मानिन्छ भने अर्को दाजु भाई (लोमालु) लाई संकेत गर्दछ । दु:मी समुदायको ठूलो कसम चूल्हा कसम हो । चुल्हालाई सत्ययूग देखि मानिदै आएको हो । दुमी समुदायले चुलालाई थुतुरीवेदको रुपमा मान्दै आएका छन् । दुमी समुदायमा जन्म संस्कार, विवाह संस्कार, मृत्य ूसंस्कार, धर्म कर्म संस्कारमा अनिवार्यरुपमा चूल्हामा देखाइने परम्परागत प्रथा लोकरीतिका रुपमा रहेको छ । चूल्हो कसम खुवाउने काम नक्छो (कुवी) धामीद्वारा गरिने गरिन्छ । चूल्हामा अनिवार्य रूपमा नयाँ घर निर्माण गर्दा, देशविदेश भ्रमण गर्दा वा कुनै पनि नयाँ कार्यको प्रारम्भ गर्दा चूल्हामा बिन्तीभाउ गर्ने वा बल माग्ने संस्कार पनि दुमी समुदायमा रहेको छ । कुनै पनि अन्नबाली उत्पादन गरेर पाके पछि चूल्हामा चढाएर देखाएर खाने प्रचलन दुमी समुदायमा रहेको छ । जस्तै, नयाँ अदुवा, मकै, धान आदि अन्नबाली चुल्हामा चढाएर मात्र खाने गर्दछन् । आफ्ना कुलका व्यक्तिले अजात विबाह गरेमा दुमी किरात राई हरुले आफ्ना चुल्हामा चार पाछा चार थुम चार राईमा (दाल ढिडो) चलाए पछि कुलमा आउछ भन्ने विश्वास रहेको छ । मुस्लिमको मस्जित, क्रिश्चियनको चर्च जतिकै दुमी समुदायको चुल्हाको महत्व रहेको हुन्छ । चुल्हालाई दुमी राईले सुप्तुलु भनेझै थुलुङ राईले बुकुली, खालिङ राईले हुलु, चाम्लिङ राईले हैलुङ, साम्पाङ राईले दप्ल भन्ने गर्दछन् । तीन चूल्हा तीन तत्वले परिवार, समाज, राष्ट्र ब्रह्माण्डलाई संरचित अथवा व्यवस्थित गरेको छ । कुनै पार्टी, संघ-संगठनले सपथ ग्रहनलाई बहिष्कृत गर्न सक्छ तर चुल्हा कसमलाई व्यक्ति समाजद्धारा बहिष्कृत गर्न सकिदैन । चुल्हा कसम खाएर राजनीतिक दल कार्यकर्ताहरूले भोट तानेको आफ्ना पक्षमा मत तान्ने काम गरेको छ यो मानव अधिकारको दृष्टिकोणमा जघन्य अपराध हो । किनकी चूल्हा कसम दुमी समुदायमा सत्य कसम हो । न्यायको कसम हो । प्रतिबद्ध पार्ने कसम हो र अनुशासनमा बाध्ने कसम हो ।

आधुनिक प्रचलित समाजमा चूल्हा कसमको विकसित रूप सपथ ग्रहण खाने प्रथा हो । चूल्हा कसमले व्यक्ति, परिवार, वर्ग, समुदाय, क्षेत्र, सरकार र राज्यलाई नैतिक, धार्मिक, साँस्कृतिक, सामाजिक, राजनैतिक बन्धनमा बाँधेको छ । सभ्य, इमान्दार, अनुशासित नियम कानून आत्मासात गर्न कटिबद्ध पारेको छ । चूल्हा कसमले आधुनिक राज्यहरूको विभिन्न संयन्त्र तथा निकायहरू कर्मचारी प्रशासन, सेना सङ्गठन, प्रहरी सङ्गठन, सरकार तथा गैरसरकारी सङ्घ संस्थाहरूलाई संवैधानिक बन्धनमा बाधेको छ । विभिन्न प्रकारको सङ्घ संस्था र सरकारमा नियुक्ति पदस्थापना वा कार्यभार सम्हाल्दा खुवाइने सपथ चूल्हा कसमको प्रथाद्वारा निर्माण भएको हो । त्यसैले दुमी समुदायको चूल्हा कसमको महत्व नेपाली समाजमा धेरै ठूलो रहेको छ ।

## ६.२) जुरो/थारो बाँध्ने प्रथाजनित न्याय प्रणाली

जुरो बाध्ने प्रथा पनि एक कानून जनित प्रथा हो । दुमी समुदायमा कुनै पनि स्थान साध सिमाना सधेरी अधेरी छेक थुन रेखदेख वर्जित पहरेदारको रुपमा घाँसको त्यान्द्रो डोरीले बाँधेर किलोको टुप्पोमा राख्छ अथवा ढुङ्गा डोरीमा बाँधेर झुण्डाउछ, त्यसको अर्थ हुन्छ, (मुन्चु) थारो हो र अन्य व्यक्ति जाति, लिङ्ग वर्ग समुदायले त्यो स्थानको वस्तु वातावरणको उपयोग गर्न नपाउने वा “मुन्चु” बाँधेको स्थान परिवेशको हारीबारी थुनुवा घाँस, दाउरा, सोत्तर पत्कर काट्ने, सोर्ने र झिक्न नपाउने हुन्छ । जुरो बाँधेपछि सेतो रातो कमेरो माटो खन्न, झिक्न, बोक्न नपाउने साथै वनजङ्गल फडानी, कटानी गर्न नपाउने हुन्छ । त्यस स्थानको कच्चा पदार्थ वातावरणको स्रोत साधनको परिचालन उपभोग गर्न नपाउने कानूनले छेकथुन गरे जस्तै जुरो बाँध्ने प्रथाले दुमी किरात राई समुदायलाई छेकथुन गरेको छ । थारु बाध्ने प्रथा जंगली कविला समाज संगै बाधिएको हो यसले कुनै राष्ट्रको सिमाना छुट्याउन दश गजा सिमाना स्तम्भ गाडे जस्तै दुमी समुदायलाई थारो बाध्नुले सिमाना निर्धारण गर्छ । विशेषत कुनै पशुको हत्याहिंसा (रागा भैंसि) काटे पछि मुन्चु बाध्ने गर्दछन हत्याहिंसा गर्दा मृत आत्माले सातो नलगोस भनेर खबरदारीको रुपमा मुन्चु बाध्ने प्रथा रहेको छ । यस प्रथालाई दुमी समदायले कानूनसरह आत्मासात गर्दै आइरहेको छ । जुरो बाँध्ने प्रथा नैतिक र बाध्यकारी हुन्छ । जुरो बाधेको स्थानको स्रोत साधनको उल्लङ्घन गरेमा ऐन कानून संविधानले दण्ड सजाय दिए जस्तै गरी सजाय दिने संस्कार दुमी समुदायमा रहेको छ । यस प्रथालाई दुमी राई समुदायले कानूनलाई भन्दा बढी महत्वको साथ स्वीकार गरेका छन् ।

त्यसैले “मुन्चु” प्रथाले राज्यको मूल कानूनलाई समेत प्रभाव पार्दछ । दुमी राई समुदायमा जुरो बाँध्ने प्रथाको धेरै उदाहरणहरू रहेका छन् । जसमध्ये सन् १९७६ सालमा हैजामार्की अधिराज्यभरी फैलियो, जुन एउटा हैजा प्रभावित गाविसबाट अर्को हैजामुक्त गाविसमा आवतजावत गर्न गाउँको सिमाना क्षेत्रमा बाँसमा ढुङ्गाको, “मुन्चु” झुण्डाएर प्रतिवन्ध गरेको थियो । जुरो बाँध्ने प्रथाको विकसित ‘डिलेगेशन’ को रूपमा सरकारी वन कार्यालयहरूले वर्तमान अवस्थामा प्रयोग गर्दै आइरहेका छन् । यस प्रथा जातजाति, भाषाभाषी, समुदाय, लिङ्ग, क्षेत्र, वर्ग, स्थान परिवेश अनुसार फरक-फरक शब्दमा प्रयोग गरेका पाइन्छ । यसलाइ चाम्लिङ किरात राई समुदायले तछारो बाँध्ने भन्छन् । वास्तवमा “मुन्चु” बाँध्ने प्रथाले वातावरण विनास हुन जोगाएको छ । जीवजन्तु र वातावरणलाई सन्तुलन, अनुकूलन, संरक्षण सम्वर्द्धन गरेको छ । प्राकृतिक स्रोतसाधन मनपरी, जथाभावी अतिक्रमण गर्न नियन्त्रण गरेको छ । जुरो बाँध्ने प्रथाले वातावरण व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका रहेको छ । जुलियन स्टेवाड,मारभिन हेरिच आदि पर्यावरणवादी सिद्धान्तसँग जुरो बाँध्ने प्रथालाई सैद्धान्तिक मेल गर्न सकिन्छ । वातावरण प्रकृति र मानव बीच तादम्यता अन्तरसम्बन्ध र अन्तरनिर्भरता रहेको धारणा पर्यावरणवादी सिद्धान्तको छ । मानव संस्कृतिको विकास वातावरणको दोहनबाट हुन्छ । उचित वातावरण नभएमा मानवलाई वातावरणमा अनुकूल संयोजन हुन गाह्रो हुने गर्दछ र वातावरणबाट नै मानव संस्कृतिको विकास हुने गर्दछ ।

### ६.३) खुर्पे ठचाक प्रथाजनित न्याय प्रणाली

खुर्पे ठचाक प्रथा दुमी किँरात राई समुदायमा प्राचीन प्रथा हो । खुर्पे ठचाक भनेको जग्गा वा भस्मे खोरिया फोरेर खुर्पाले रूख र जमिनमा चोट वा डोव लगाएर रोप्ने प्रथा हो । खुल्ला जंगल जमिनमा कुनै समुदायले एक वर्षमा कति जमिन बिरायो वा उपभोग गऱ्यो त्यो जग्गा उसैको नाममा विजनदर्ता हुने प्रवधान थियो । प्रारम्भमा कागुनी, लट्टे, घैंयाको खेति गरेका थिए । उबेलाको शासक (राजा महाराजा) ले खुर्पे ठ्याक प्रथालाई राईहरुलाई रैकर दिएको थियो र सामाजिक राजनैतिक परिवर्तन संगै आधुनिक राज्य व्यावस्थामा यस प्रथालाई धनिपूर्जाको रुपमा विकास गरिएको पाइन्छ । मानव समुदायको उत्पतिगत इतिहासमा मानिस घुमन्ते, फिरन्ते, सिकारी हूल, जत्था, बथान समूहमा अस्थायी रूपमा असङ्गठित तरिकाले बसोबास गर्दथ्यो । जब मानव बथान स्थायी रूपमा बसोबास गर्न थाल्यो, तब मानिसमा तेरो र मेरोको लोभ, पाप, धर्म गर्दा जल जमिन जंगल खुर्पाद्वारा रोक्ने

र उपभोग गर्ने वर्ग चेतनाको विकास भयो । जसले गर्दा व्यक्ति, परिवार, समाज, राज्यको अवधारणाको विकास भयो । समाजमा औपचारिक रूपमा व्यक्ति, वंश, परिवार, समुदाय राज्यको विकसित हुने कालक्रममा विभिन्न प्रकारको जैविक र अजैविक वस्तुहरूको जन्म, उत्पति, निर्माण, आविस्कार, विस्तार र विकासले समाज, राज्य, विश्व मानव समुदाय आधुनिक बन्दै गयो । औपचारिक रस्तीबस्ती बसाल्न थालेपछि व्यक्ति परिवार एउटा भ्रुण्डबाट धेरै समूह, सङ्घ सङ्गठन समायोजित गरी स्थायी रूपले बसोबास गर्न थाले । समाज क्रमिक रूपले घुमन्ते फिरन्ते समाजबाट स्थायी रूपमा बसोबास गरी पशुपालनको आरम्भ गरे । मानव समुदायको आवश्यकता दिनानुदिन बृद्धि भयो जसले गर्दा मानिसको वर्ग चेतना र व्यक्तिगत सम्पत्तिको अवधारणाले गर्दा जग्गा जमिन, वनजङ्गल, भूगोल रोगथाम गर्ने, हडब्ने, ओगट्ने प्रक्रियाको होडबाजी चल्यो । त्यसै बखतको समयमै खुर्पाले ठ्याक चिनो डोब लगाएर जग्गा जमिन, वनजङ्गल रोक्ने प्रथा थियो । व्यक्ति, परिवार, समुदायले जग्गा जमिन, वनजङ्गल आफ्नो प्रकट अधिकार स्वामित्वमा राख्न खुर्पाले रूखमा चोट चिनो पारेर रूख जङ्गल जग्गा रोक्ने गर्दथ्यो भने वनजङ्गल फडानी गर्ने र बस्तीहरू बसाल्ने जग्गा जमिन खुर्पाले चार किल्ला चिनो लगाएर आफ्नो प्राधिकार स्वामित्वमा राख्ने खुर्पे ठ्याक प्रथा दुमी किरात राई समुदायमा रहेको थियो । साथै व्यक्ति, समुदायले जति जमिनमा खुर्पाले चिनो चार किल्लामा सिमाना लगाउँछ उत्ति नै त्यो जमिन व्यक्ति, समुदायको हुने संस्कार दुमी समुदायमा रहेको थियो । वास्तवमा खुल्ला जग्गा जमिन, वनजङ्गलमा व्यक्ति, परिवार, समुदायले जति खुर्पाले चिनो लगाएको छ, त्यस स्थानको जग्गा जमिन, वनजङ्गल त्यही व्यक्ति, वर्ग, समुदाय, वंशले उपभोग गर्ने अधिकार हुन्थ्यो । वास्तवमा खुर्पे ठ्याक प्रथा प्राचिन परापूर्व कालको पाषण युगको सम्झना दिलाउँछ र मिल्दो जुल्दो रहेको तथ्यहरू, प्रमाणहरू दुमी किरात राई समुदायमा खुर्पे ठ्याक प्रथामा भेट्न सकिन्छ ।

### ६.४) धर्मकचरी/थुम्से थाप्ने प्रथाजनित न्याय प्रणाली

थुम्से थाप्ने प्रथा पौरानिक काल देखि नै चलि आएको हो । यसलाई सत्यकचरी/धर्मकचरी भनिन्छ । तिनै प्रथा परम्परा मध्ये थुम्से थाप्ने रमाइलो प्रथा रहेको छ । दुमी किरात राई समुदायमा कुनै पनि व्यक्ति, वंश, समुदायको सरसामान, हाडाभाडा, सुनचाँदी, पैसा चल अचल सम्पत्ति हराएको छ, चोरी भएको छ भने अर्थात् चोर्ने मानिसमा पनि शङ्का लागेको छ

भने तर पीडित व्यक्ति, परिवार समुदायले प्रमाणको अभावमा प्रत्यक्ष गएर 'तँ चोर हो' भनेर किटानी जाहेरी, कुराकानी, वार्तालाभ गर्न असक्षम, असमर्थ हुन्छ  भने, यो अवस्थामा कस्तो विधि अवलम्बन गर्दछन् भने, मूल बाटोमा गएर सुसुला पार्दै 'मेरो यो दिन जस्तै (आइतबार) यति पैसा जस्तै रू.१०,००० पैसा, २ तोला सुनचाँदी, घरायासी सामग्रीहरू, भाडावर्तन, फोसीबाता सम्पत्ति हराएको छ, तँ चोरलाई चिन्छु, तँलाईं भोली कारवाही गर्छु, समात्छु, भोली समाजको अगाडि गाल पर्लास्, इज्जत जाला, यो मूल बाटोमा, फल्ना ठाउँ जस्तै ( साम्बेर)मा मैलेआज थुम्सेडोको, डालो थापेको छु' भनेर ठूलो स्वरमा एक प्रकारले अनुरोध गरेर कराउँछ भने, अर्को प्रकारले धावा बोल्ने गर्दछन् । 'धर्मसाथ, इमान्दार, इज्जतको ख्याल गरेर तुरून्त सामान, पैसा जायजेथा, सम्पत्ति फर्ता गरिदे' भनेर सुसुला पार्ने थुम्से थाप्ने प्रथा दुमी समुदायमा रहेको छ । जसलाई थुम्से थाप्ने प्रथा भनिन्छ । यो प्रथामा एक हप्तासम्म दिनै पिच्छे सुसुला पार्ने, कराउने गर्दछ र सामान फिर्ता नगरेसम्म निरन्तर क्रमिक रूपमा डोको थुम्से थाप्ने, कराउने गर्दछ । यो परम्पारिक थुम्से थाप्ने दुमी किरात राई समुदायमा हालसम्म रही आएको छ । मूल बाटोमा सुसुला पारेर, डोकोथुम्से थापेर कराई कैयौंको सरसामान फिर्ता भएको पनि प्रशस्त उदाहरणहरू दुमी किरात राई समुदायमा रहेको पाइन्छ । मूल बाटोमा डोकोथुम्से थापे पछि रातको समयमा चोरी गर्नेले सुटुक्क सरसामान, भाडावर्तन, सम्पत्ति फिर्ता भएको पाइएको छ । धर्म मन हुनेले सरसमान पैसा सुन चाँदी फिर्ता गरिदिन्छ भने अपराधि असति अधर्मीले फिर्ता गर्दैन भन्ने विश्वस गर्दछन । कुनै व्याक्ति परिवारले कसैको सरसमान मन चाल्नको लागि पनि लाने गर्दछन भन्ने मान्यता रहको छ । सामान फिर्ता गरे पछि यो प्रथाको समाप्त हुन्छ । यस प्रथाजन्य न्याय प्रणालीबाट के निश्कर्ष निकाल्न सकिन्छ भने मानवले मानवलाई सम्मान गर्नु पर्दछ, इज्जतको ख्याल गर्नु पर्दछ, समुदायमा व्यक्तिपरिवार, समाजको आफ्नै हैसियत हुन्छ, जसको कदर गर्नु पर्दछ । इमाइल दुर्खिमका, अनुसार समुदायको आफ्नै मौलिक मूल्य मान्यता, नैतिकता, इज्जत प्रतिष्ठा हुन्छ, त्यसलाई चोट पुऱ्याउनु हुँदैन भन्ने हो भने समाज भनेको समाजिक सम्बन्धहरूको जालो हो जहाँ भित्र व्यक्ति परिवार, लिङ्ग, जातजाति, वर्ग, संस्था, समुदायहरू हुन्छन् । तिनीहरूको आवश्यकता असीमित हुन्छन् त्यसैले गर्दा समाजमा चोरी डकैती, लुटपाट, हत्याहिंसा, विचलन, सङ्घर्ष हुन्छ, यी सबै  सामाजिक घटनाहरू  हुन् । समाजलाई सन्तुलित, व्यवस्थित नियन्त्रण गर्न यस्ता प्रकारका घटनाहरू समाजमा घट्ने गर्दछन् । आधुनिक राज्यमा प्रहरी प्रशासनलाई यस प्रथाले ठुलो योगदान दिएको छ ।

### ६.५) तिरोभरो तिर्ने प्रथाजनित न्याय प्रणाली

दुमी किरात राई समुदायमा श्रीपञ्चमीमा तिरोभरो तिर्ने प्रथा रहेकोछ । विशेष गरि उ बेलाको शासकहरुले गाउँमा राई तालुक प्रशासक नियूक्ति गर्दथ्यो । तालुकका पीछे निर्णय निर्देशनमा बिउ विजन राख्दा, भुमे पुजा, देवी पुजा गर्दा, अन्नबाली पाके उठाउदा निश्चित रकम अन्नबाली तालुकलाई बुझाउने प्रथापरम्परा दुमी किरात राई समुदायमा रहेको थियो । श्रीपञ्चमीको दिन देखि बर्खा लाग्यो खेतिको शुरुवात गर्ने गर्दछन । माघ पञ्चमी उधौली ( छिरियाम्लो) ऋखितर पुर्णे देखि पुरानो अन्न बाली अदुवा सिमि बाडि दाल नखाने प्रचलन दुमी समुदायमा रहेको छ । किनकी यो याम खेति लगाउने हो अन्न बाली गर्भवती हुन्छ पाप लाग्छ रोग लाग्छ भन्ने मान्यता रहको छ । कोजाग्रत पूणिमा उभौली (धिरियाम्लो) देखि नया अन्न बाली विशष अदुवा, धान कोदो कुललाई चढाएर खाने चलन छ । इतिहासमा एकताका खोटाङ दिक्तेल सदरमुकाम नहुदा चार नं ओखलढुङ्गामा गएर तालुकलाई तिरोभरो तिर्ने प्रचलन पनि रहेको थियो । सामाजिक र राजनैतिक परिवर्तन संगै यो प्रथा आधुनिक राज्यमा दुमी समुदायमा तमसुक लेखन प्रक्रियमा रुपान्तरण भएको छ । कुनै पनि दुमी व्यक्तिले कसैका सरसामान, नगद, जिन्सी, ऋण सरसापट लगेको छ भने श्रीपञ्चमीको दिन तिरोभरो (फिर्ता गर्ने) उचित साइतको दिन मान्ने परम्परा रहेको छ । दुमी किरात राई समुदायमा चल अचल सम्पत्ति, बन्धकी राखी घर व्यवहार, खर्च, संस्कार संस्कृति, चाडपर्व, लोकरीति मान्दा देश विदेश जाँदा लिइने दिइने सम्पत्तिको तमसुक लेख्ने प्रथा रहेको छ । तमसुकमा निश्चित भाका, सम्झौता कारोबारका लागि उल्लेख गरिएको हुन्छ । त्यो भाका नपुगुन्जेलसम्म साहू र आसामीबिच पैसा लिने र दिने कुरो हुँदैन, निश्चित भाका पुगे पछि तिर्ने तमसुकमा उल्लेख हुन्छ । त्यो भाका विषेश  त श्रीपञ्चमीको दिन तिर्ने संस्कार दुमी किरात राई समुदायमा रहेको छ । आसामीले साहूलाई तिरोभरो गर्न सकेन भने त्यही दिनदेखि बन्धकी तमसुकमा साहूको थैलीउपर आसामीले मन्जुर गरेर साँवाको ब्याज बुझिलिनु भनी नयाँ सम्झौता तमसुक बनाएर ब्याजलाई साँवामा जोडेर तमसुक लेख्ने प्रचलन दुमी किरात राई समुदायमा रहेको छ ।

तिरोभरो गर्दा साहू र आसामीबिच निश्चित भाका, सम्झौता समय अवधिमा ऋण, सम्पत्ति फिर्ता गरेको खण्डमा सम्बन्ध सुमधुर स्थापित हुन्छ भने अर्कोतिर भाकामा पैसा, सुनचाँदी थैलो फिर्ता गर्न नसक्दा साहू र आसामीबिच वैमनष्यता द्वन्द्व सङ्घर्ष पनि सृजना

हुने गर्दछ । कार्लमार्क्सको द्वन्दात्मक भौतिकवादी दृष्टिकोणबाट हेर्दा एकातिर द्वन्द्व भेटिन्छ भने अर्कोतिर सम्झौता मेलमिलाप पनि देखिन्छ । मार्क्सको सम्झौतावादी सिद्धान्त र द्वन्दात्मक सिद्धान्त दुवै सिद्धान्तबिच तिरोभरो तिर्ने प्रथाजन्य न्याय प्रणाली सम्बन्धित रहेको छ । हुनतः द्वन्द्वबिनाको परिवार, समाज, राष्ट्रराज्य, विश्वमानव समुदायको परिकल्पना गर्न सकिँदैन । द्वन्द्व प्राकृतिक नियम हो । द्वन्द्व सर्वब्यापी हुन्छ, द्वन्द्व निरन्तर चल्ने प्रक्रिया हो । मानव समुदायको उत्पत्ति अस्तित्व काल विकास भए देखि वर्तमान आधुनिक विश्वमानव समुदायसम्म द्वन्दात्मक र सम्झौताद्वारा नै समाज सञ्चालन भइरहेको छ । द्वन्द्वको निश्चित उद्देश्य मार्गदर्शन हुन्छ । व्यक्ति परिवार, समाज, राज्यमा द्वन्द्व वाद प्रतिवाद, संवाद भएर निरन्तर चलि रहन्छ । दुमी किरात राई समुदायमा तिरोभरो तिर्ने प्रथाले दुई वर्गको निर्माण हुन्छ, साहू (हुने) र आसामी (नहुने) जसले गर्दा भाकामा धन सम्पत्ति, अर्थ चुक्ता गरे सम्झौता हुन्छ भने भाकामा ऋण फिर्ता नगरे द्वन्द्व सिर्जना हुने सम्भावना हुन्छ । दुमी किरात राई जातिको तिरोभरो तिर्ने प्रथाजन्य न्याय प्रणाली समाज, समुदाय, राष्ट्र राज्यमा विभिन्न प्रकारको 'कन्टचाक एक्ट, बिजिनेश ल' आदि निर्माण विकास गर्नमा ठूलो योगदान पुगेको छ ।

### ६.६) कुहिएको काठको प्रयोग गर्ने प्रथाजनित न्याय प्रणाली

'हरिया वन नेपालको धन' भन्ने भनाई दुमी किरात राई समुदायमा सागर्भिक रहेको छ । दुमी किरात राई समुदायमा रानी वनको कथा छ, प्रथा छ । रानी वन थुनुवा वन हो जहाँ कुहिएको काठबाहेक अन्य हरियोपरियो घाँसदाउरा, पत्कर, रूखबिरूवा काट्ने अधिकार कसैलाई दिइएको हुँदैन । रानी वनमा दुमी किरात राई समुदायले प्रकृतिको पूजा गर्ने भूमेस्थान हुन्छ, पछिल्लो समयमा देवीस्थान पनि रानी वनमा निर्माण भएको छ । रानी वनको दुमी किरात राई समुदायमा आफ्नै महत्व रहेको छ । भुमे थानको सुकेको कुहिएको काठ दाउराको भाई सल्ला गाँउ सल्ला बसेर ठुलो रुख काट्ने (डाक बोल्ने) गर्दछन । जस्तै पाँच जना व्याक्ति मध्य एकजनाले दुई हजार यो रुखको दाम त्यस रुखमा एवंम रुपले बढाउदै जान्छ जसले अन्तिममा बढि दाम हुन्छ उसैले त्यो रुख उपभोग गर्न पाउछ । त्यस रुखबाट आएको रकम भुमेस्थान देविस्थानमा खर्च गरिन्छ । रानी वन दुई प्रकारको हुन्छ, एउटा व्यक्तिले प्रयोग गर्ने निजी रानी वन र अर्को अन्यले प्रयोग गर्ने रानी वन । निजीले उपयोग गर्ने रानी वनको अधिकार स्वामित्व निजी व्यक्तिमा हुन्छ भने अन्यले उपभोग गर्ने

स्थानीय उपभोक्ता, समुदायमाभ्कमा अधिकार स्वामित्व रहेको हुन्छ । रानी वनभित्र वस्तुभाउ, फोहोरमैला गरेमा रूखबिरूवा काटेमा सिमेभूमे देवीदेउता रिसाउँछ र अतिबृष्टि, अनाबृष्टि अनिष्ट हुन्छ भन्ने जनविश्वास दुमी किरात राई समुदायमा रहेको छ । यस वन क्षेत्रलाई बार, पर्खालले संरक्षित र सम्बर्द्धन गरिएको हुन्छ । रानी वनलाई कुनै पनि जातजाति, वर्ग, लिङ्ग, क्षेत्र, समाजले हस्तक्षेप अतिग्रहण गर्न पाउँदैनन् । यो सबै जातजाति, वर्ग, लिङ्ग, समुदायको साभ्का सार्वजनिक सम्पत्ति निधिको रूपमा रहेको हुन्छ । रानीवन को हरियो ठूला रूखबिरूवा काट्न निषेध प्रतिबन्ध लगाइएको हुन्छ भनेस्थानीय उपभोक्ता समुदायलाई कुहिएको, सुकेको, सडेको काठदाउरा, पत्कर काट्नु, भ्किक्नु सोर्नु पाउने अधिकार दिइएको हुन्छ । ठूला हरियो भूमे स्थानको डाले घाँस, रूखबिरूवा काट्न भने प्रतिबन्ध लगाइएको हुन्छ । रानी वन आफै पनि प्रथा हो, रानी वनमा भूमेस्थान, देवीस्थानले गर्दा वातावरण संरक्षण सम्वर्द्धन गरेको छ भने अर्को तिर दुमी किरात राई समुदायलाई निश्चित न्याय प्रणालीमा बाँध्ने काम पनि गरेको छ । निश्चित समयावधिमा मात्र रानी वनको सुकेको दाउरा, पत्कर काट्ले चलन रहेको छ । त्यो बाह्रैमास यस स्थानको दाउरा, घाँस काट्न मिल्दैन । विशेष त भूमे पूजा, देवी पूजा गर्दा अनिवार्य रूपमा कुहिएको काठ दाउरा काट्ने प्रथा दुमी किरात राई समुदायमा रहेको छ । दुमी किरात राई समुदायको रानी वनको कुहिएको काठको प्रथाबाट सामुदायि वनको अवधारणा विकास भएको हो । यस प्रथाजन्य न्याय प्रणालीबाट सरकारी वन सम्बन्धी विभिन्न प्रकारको कानून सम्भ्कौताको उत्पत्ति, निर्माण, विकास भएको छ ।

## ६.७) ग्रहण लाग्दा काम नगर्ने प्रथाजनित प्रणाली

दुमी किरात राई समुदायमा चन्द्र र सूर्यमा ग्रहण लागेको समयमा काम नगर्ने संस्कार रहेको छ । ग्रहण लाग्नु वैज्ञानिक कारण छ तर दुमि समुदायले ग्रहण भनेको कुनै पनि व्यक्तिपरिवार, समाज, सरकार, राजा राज्य, राष्ट्रमाथि कष्ट हुनु र रोगव्याधी लाग्नु, सङ्कट आउनु भन्ने हुन्छ । ग्रहण लाग्दा 'छोट सार्की छोट, छोट चमार छोट' भनेर नाङ्लोडालो बजाउँदै, कराउँदै चिच्याउने, कराउने काम गर्दछन् । चमार सार्कीलाई दुष्ट राक्षसको, भूतप्रेतको प्रतिकका रूपमा लिने गर्दछन् । ग्रहण लागेको बखतमा कुकुर, बिरालो, कमिलालाई पिटेर लखेट्ने गर्दछन् । किनकी चमार सार्कीले कुकुरा, बिरालो, कमिला हिडेको सुन्छ भन्ने जनआश्था र जनविश्वास दुमी किरात राई समुदायमा रहेको पाइन्छ । दुमी किरात राई समुदायले सपनामा ग्रहण लागेको देखेमा राजपरिवारमा अनिष्ठ हुन्छ, राजाको

मृत्यू हुन्छ, राज्यमा भवितव्य घटना घट्छ भन्ने स्वपनिल मान्यता रहेको छ । दुमी किरात राई समुदायले संवैधानिक राजतन्त्र हुँदा राजालाई स्वीकार गर्‍यो भने समय सापेक्ष राजनीतिक घटनाक्रम उथलपुथल, उत्तरचढाप, बाह्र बर्षे माओवादी जनयुद्ध र ६२/६३कोसात दलले नेतृत्व गरेको जन आन्दोलनबाट निर्माण देशमा आएको आमूल परिवर्तन लोकतान्त्रिक गणतन्त्रलाई आत्मसात दुमी किरात राई समुदायले गरेका छन् । राज्य शक्तिमा ग्रहण लाग्नु भनेको राज्यको अस्तित्व मेटिनु, राज्यको सार्वभौम सत्ता जनताको हक अधिकारबाट बञ्चित हुनु, जनताको जिवनस्तर धरासयी बन्नु भन्ने हो । जनताको लोकतान्त्रिक शासन व्यवस्थामा ग्रहण लाग्नु भनेको जनताको सार्वभौम सत्ता गुम्नु, जनताको अस्तित्व, पहिचान, इतिहास, कलासाहित्य, प्रथा परम्परामा तुसारोपात पर्नु हो । जनताले कष्ट दुख, पिरमर्कासँग जुध्नु भनेको ग्रहण लाग्नु हो । ग्रहण लाग्नु भनेको संसद सरकारबिच वैमनश्यकता, असमझदारी, असहमति हुनु हो, त्यसैले ग्रहण लाग्नु नदिनु भन्नु राज्यको विभिन्न संयन्त्रहरू, संवैधानिक अङ्गहरू, प्रशासनहरू, अदालतहरू चुस्त दुरूस्त तरिकाले सञ्चालित परिचालित गर्नु हो । त्यसैले व्यक्ति, परिवार, समाज, राज्यमा कानूनी शासन प्रथापरम्परा, मूल्य मान्यताको संवोधन हुनु आवश्यक हुन्छ । व्यक्ति, परिवार, समुदाय, राज्यले जहिल्यै पनि समानता, समता, स्वतन्त्रता, सम्प्रभूता न्यायोचित समाज चाहन्छ र दुमी किरात राई जातिले पनि कानूनी शासनद्वारा चल्ने अपेक्षा गर्दछ ।

### ६.८) बारी मिची घडेरी, साइनो मिची परेली प्रथाजनित न्याय प्रणाली

मानिस सामाजिक प्राणी हो, मानिसको स्वभाव, व्यवहार, संस्कार संस्कृति, प्रथा परम्परा, लोकरीति एकै प्रकारको हुँदैन । मानिस समुदायमा जहिल्यै पनि मिलेर मात्र बस्ने स्वभाव, आचरण, प्रवृत्ति हुन सक्तैन । मानव समुदायमा द्वन्द्व विचलन पनि हुन्छ । जसले सामाजिक संरचनालाई सकारात्मक नकारात्मक प्रभाव पार्दछ । दुमी किरात राई समुदायमा घर निर्माण गर्दा घडेरी हेर्ने प्रथा रहेको छ । आफूलाई पायक/सही पर्ने स्थानमा घर निर्माण गर्दछ । मानव स्वभावैले घर निर्माण गर्दा थोरै भएता पनि दाजुभाइको आँगन, बलेसी, साध सिमाना मिचेर मागेर घर निर्माण गर्दछ । यो संसार जात मिल्दो र भात मिल्दो छ । दुमी किरात राईको दश किरातमा कुटुम्बो चल्छ । 'साइनो मिची परेली' प्रथा भनेको बिवाह गर्ने अवस्थामा उमेर भयो, दुलही केटी छैन, दुलहा केटा छैन भने यस्तो अवस्थामा आठ पुस्ता भन्दा बढी बितेको छ भने साइनोमिची बिवाह गर्ने संस्कार दुमी किरात राई समुदायमा

रहेको पाइन्छ । जसलाई 'साइनो मिची परेली' प्रथा भनिन्छ । बिवाह गर्दा कति पुस्ता, के नाता सम्बन्ध छ, को नाता कति नजिकको सम्बन्ध रहेको छ, नाता सम्बन्ध मिच्न मिल्छ कि मिल्दैन, त्यस वंश परिवारलाई मध्यनजर गरेर बिवाह गर्ने संस्कार दुमी किरात राई समुदायमा रहेको पाइन्छ । दुमी समुदायमा तीन पुस्ता पुगे पछि हाड नाता फुटाउने चलन पनि रहको छ । तीन पुस्तामा हाड नाता नफुटाए सात पुस्तामा पनि हाड नाता फुटाउने विवाह चलाउने प्रथा रहेकोछ । तीन पुस्ता र सात पुस्तामा हाड नाता नफुटाए भाईको भाई दाईको दाई हुने गर्दछ । बैनेउली तर्फको हाड नाता चौध पुस्तामा फुटाउने प्रचलन रहेको छ । तीन पुस्ता सात पुस्तामा हाड नाता फुटाएमा नया पाछ्रा दिने प्रथा छ । जस्तै -दुमी राईङ राईङ विवाह गरे त्यसबाट जन्मेको बच्चालाई खाइङ पाछ्रा दिने प्रचलन रहेको छ । यो प्रथा अति संक्रिण प्रथाजनित व्यवस्थालाई सुधार गर्ने एक विधि हो । यो प्रथाबाट बिवाह सम्बन्धी मुलुकी ऐनको उत्पति विकास भएको हो । जति पनि बिवाह सम्बन्धी ऐन कानूनको निर्माण र विकास भएको छ, त्यो *'बारी मिची घडेरी र साइनो मिची परेली'* प्रथाबाट निर्माण भएको भन्न सकिन्छ ।

### ६.९) देउदण्ड र राजदण्डको प्रथाजनित न्याय प्रणाली

दुमी किरात राई समुदायमा देउदण्ड र राजदण्डको प्रथा रहेको छ । राजदण्ड छल्न सकिन्छ भने देउदण्ड छल्न सकिदैन । कुनै दुमी महिला वा पुरुषले साईनो मिचि विवाह गरेमा उक्त जोडीबाट जन्मेको बच्चा लाटा लठेप्रा साफे सुस्त मनस्थितिको भए त्यसलाई देउदण्ड/कुलदण्ड लागेको भन्ने जनविश्वास दुमी समुदायमा रहेको छ । जस विवाहलाई अशुद्ध विवाह भनिन्छ भने साईनो हुने विवाहलाई शुद्ध विवाह भनिन्छ । देउदण्ड भन्नाले दाजुभाइ, छरछिमेक, नाताकुटुम्बो, आफन्तजन समाजले बनाएको मौलिक साँस्कृतिक नियम कानून हो जस कानुनको उलघंन गरेमा तिरिने दण्ड हो । राजदण्ड भन्नाले दुमी समुदायले माथिल्लो जात (ब्राह्मण,क्षेत्री) तल्लो अछुत जात विवाह गरेमा राजा, सरकार, राज्यद्वारा जारी गरिएको ऐन कानून, संविधानबाट दिइने दण्ड सजाय हो । कुनै दुमी पुरुष वा महिलाले साईनो मिचेर विवाह गरेको खण्डमा त्यस्ता विवाहलाई राज्यको विवाह सम्बन्धि एन कानुन अनुसार दण्ड सजाए दिने न्याय प्रणालीलाई राजदण्ड भनिन्छ । दुमी समुदाय भित्र कन्य अर्थ (सुंखमा) को प्रथा  छ यो अत्यन्त विशेष महत्वपुर्ण विवाह गर्दा आवश्यक पर्ने सांस्कृतिक रित हो । विवाह गर्दा दुमी समुदायले निश्चित रित भात हुन्छ । बेहुली पक्षकोमा समयमा

सर्त अनुसार रित भात दिनसकिएन भने यो दण्ड दिने गर्दछ । यो अत्यनत नराम्रो दण्ड सजाय हो ।  देउदण्ड र राजदण्ड प्रथाले दुमी किरात राई समुदायलाई निश्चित दायराको जालोमा बाँध्ने, भाइबन्धुत्वमा गाँस्ने, समानजस्यतामा राख्ने, धार्मिक सहिष्णुततामा पार्ने प्रर्कारात्मक कार्य गर्दछन् । यस प्रथाले दुमी किरात राई समुदायलाई व्यवस्थित र सन्तुलित संरचनामा राखेको छ । दुमी किरात राई समुदायमा 'राजदण्डबाट जोगाइ देऊ देउदण्ड स्वयम्आफै व्यक्ति परिवारले भोग्ने छु' भनेर छिटफूट रूपमा महिला-पुरूषले बहुबिवाह, साइनो मिची हाडनाताको बिवाह गर्ने प्रचलन वर्तमान अवस्थामा लोकउन्मुख रूपमा रहेको छ । समाजमा रहेको दरदाजुभाइ, इष्टमित्र, आफन्तजन, छरछिमेकले कुरा नकाटेमा कुनै पनि प्रशासनमा उजुरी नदिएमा, गुपचुप स्थिर बसेमा यस्ता प्रकारको बिवाह, संस्कार संस्कृति, प्रथापरम्परालाई स्वीकृत र वैधानिकता दिने सङ्कटपूर्ण प्रथा दुमी किरात राई समुदायमा आधारित रहेको छ । यस प्रथाद्वारा व्यक्ति, परिवार, समुदाय, राज्यकोमूल कानूनलाई सञ्चालन/व्यवस्थापन गर्न सहयोग पुऱ्याएको छ भन्ने महत्वपूर्ण प्रष्टिकरण हुन्छ । यस प्रथाद्वारा राज्यको आवश्यक कानून निर्माण गर्न मद्दत गरेको छ । यस प्रथाजन्य न्याय प्रणालीद्वारा विभिन्न प्रकारको धार्मिक कानून निर्माण गर्न सहयोग पुगेको छ ।

**६.१०) घरूवा थाप्ने प्रथाजनित न्याय प्रणाली**

पूर्व माझकिरात खोटाङ जिल्लाको दिक्तेल सदरमुकाम देखि करिव १५०० कि.मी. उत्तरी भेगमा रावा खोला र ताप खोला रहेको छ । यी खोलाको वारिपारी दुमी किरात राई जातिको बाकुलो रस्तिबस्तीहरू रहेको छ । दुमी किरात राईहरूको जिवन निर्वाह गर्ने मुख्य पेशा कृषि कार्य नै हो भने अन्य व्यवसाय पनि अपनाएका छन् । जसमध्ये माछा मार्ने पेशा पनि दुमी किरात राई समुदायमा एक हो । ताप खोला र रावा खोला सार्वजनिक खोला हो । स्वतन्त्र निरन्तर, अविरल रूपमा बगिरहेको छ । सबै जातजाति, वर्ग, लिङ्ग समुदायको सम्पत्ति हो तर घरूवा थाप्ने, दवाली छेक्ने, तिप थाप्नेमामलामा यो नियम दुमी किरात राई समदायमा सार्वजनिक खोला हो भनेर लागू हुँदैन । जसले दवाली छेकेको छ, तिप थापेको छ, घरूवा थापेको छ उसैको मात्र अधिकार हुने लोकरीति, प्रथा परम्परा रहेको छ । रावा खोला र ताप खोलामा तीन वटा ढुङ्गा उठाएर घरूवा थापेको छ, दवाली छेकेको छ, तिप थापेको छ भने अन्य कुनै पनि वर्ग, समुदायलाई माछा मार्ने प्राधिकार हुँदैन । जसले घरूवा, तिप, दवाली छेकेको छ उसैको सर्वोच्च अधिकार हुने गर्दछ । यदि कुनै जातजाति, वर्ग,

समुदायले घरूवा, तिप, दवालीको माछा समातेमा त्यो वर्ग, परिवार, समुदायलाई कडा प्रकारको सजाय दिने प्रावधान दुमी किरात राई समुदायमा रहेको छ । दुमी समुदायमा कुल पुजा गर्दा अनिवार्य रुपमा माछा चरा (सिकेमाके) को मोदाम ढरिया घोलाङ पित्रि पुजालाई चढाउन आवश्यक हुन्छ । यस प्रथाजन्य न्याय प्रणालीद्वारा सामुद्रिक कानूनहरूको निर्माण गर्न सहयोग भएको छ ।

### ६.११) महभीरको प्रथाजनित न्याय प्रणाली

'मह' र 'भीर' शब्द मिलेर महभीर भएको हो । महभीर भन्नाले वन माहुरी बस्ने माहुरीको घर (घार) भएको भिरलाई महभीर भनिन्छ । दुमी राईहरूको सातसामे र २१ पाछा मध्येको एक पाछा छाचुङ्ग पाछाको उत्पति थलो महभीर जाल्पा गाविस र खार्मी गाविसको सीमाना लुम्जु खोलामा लगभग ३ सय फिट उचाइमा अवस्थित महभीर रहेको छ । मह काट्ने (खुवा) क्षेत्र अनुसारको अधिकार हुन्थ्यो मह काट्न पनि चार दुमी पगरी थिए । मह काट्दा चार पगरी झै झगडा हत्यहिंसा गरेमा महुरीलाई (नाचुर) लाग्छ भन्ने प्रथा रहेको छ । त्यसैले भाई बन्धूत्वको साथ मह काट्न पर्छ भन्ने मान्यता रहको छ । वातावरण विनाश संगै भीर माहुरी लोभ हुने अवस्था छ । अन्य महभीरहरू पूर्व माझकिरात खोटाङ जिल्लाको सुम्देल गाविस, बाजे च्यानडाँडा गाविस, सावा खोला भन्ने स्थान/क्षेत्रमा महभीर रहेको छ महभीर कसैको लगानीद्वारा निर्माण गरिएको हुँदैन यो प्रकृतिद्वारा पद्धत हुन्छ । यो गाउँको कुनै पनि व्यक्ति विशेषको नभएर समुदाय विशेषको हुन्छ । समुदाय विशेषको नियम कानून प्रथापरम्पराले बाँधेको हुन्छ । जुन समुदायको महभीर पर्दछ, त्यही समुदायले मात्र त्यो महभीरको माहुरीको महचाका काड्ने गोड्ने अधिकार हुन्छ । अन्य जातजाति, वर्ग, लिङ्ग, क्षेत्र, समुदायलाई मह काड्न बञ्चित गरिएको हुन्छ । विशेषत महभीर जङ्गल, खोलाको छेउछाउको ठूलो भीरमा रहेको हुन्छ । खोटाङ जिल्लामा ४ ओटा महभीरहरू रहेको छ । महभीर जुन गाउँ समुदायको भूगोल सिमा क्षेत्रमा वातावरण अवस्थित छ, त्यही गाउँ समाजको हुने गर्दछ । महभीर प्रथा पौराणिक प्राकृतिक प्रथा हो । यस प्रथाद्वारा राज्यले अवलम्बन गरेको आधुनिक विधि विधानलाई समेत प्रभाव पारेको छ ।

### ६.१२) भैंसे बही प्रथाजनित न्याय प्रणाली

दुमी किरात राई समुदायमा भैंसे बही प्रथा प्रचलित रहेको छ । दुमी किरात राई समुदायमा पारम्भमा बासको कलम बनाएर तीते पाती दलेर निचोरेर बाँसको ढुङग्रोमा रङ

जम्मा गरेर पाटीमा खरिढुङगाले लेख्ने गर्दथ्यो पशु काटेमा पशुको खुनले पनि लेख्ने गर्दथ्यो । तुनामा गाँठो पारेर पनि गन्ति गर्ने गर्दथ्यो । मकैको दाना लडाएर पनि गिन्ति गर्ने गर्दथ्यो र अझ पनि दुमी समुदायमा खरानी पानी मुछेर रक्सी पार्दा  फुङगामा धर्का कोर्ने प्रचलन रहेको छ । विशेषत दुमी समुदायको कुल गर्ने कुविको मृत्यु भएमा चौतारा बानाएर शिलालेख लेख्ने परम्परा रहेको छ । कुनै पनि दुमी किरात राई समुदायमा रागो भैंसी, बोका-भेडा, सुँगुर घरपाल्तु जिवजनवार काटेको खण्डमा बही लेख्ने परम्परा रहेको छ वा अन्नमा घरपाल्तु पशु जनवार काटेको खण्डमा अन्न बहीमा टिप्ने संस्कार दुमी किरात राई समुदायमा रहेको छ । निश्चित अवधि तोकेर मासु काट्ने पैसा र अन्नमा लगाउने चलन दुमी राई जातिमा रहेको छ । पैसामा काटेको पशु हप्ता दश दिनदेखि बीस दिन, एक महिनाभित्र सम्ममा पैसा उठाउने, दिने लिने सम्झौता बही उल्लेख गरिएको हुन्छ । त्यसै गरेर अन्नका लागि लगानी गर्न काटेको मासु छ भने मौसमी बालीनाली उत्पादन र पाके पछि तिर्ने प्रथा दुमी किरात राई समदुायमा रहेको छ । दुमी किरात राई समुदायमा ढकतराजु पल्लाको सट्टामा प्रायजसो तुलो र मानापाथी प्रयोग गर्ने प्रवृति बढिरहेको छ । मासु तुलोमा धार्नी बिसौली, हमाली इत्यादीमा जोखिन्छ भने अन्नमा लगाउँदा मानापाथी, मुरीमा जोख्ने परम्परा दुमी किरात राई समदुायमा रहेको छ । यो प्रथाले अन्नमा लगाउने मासुले वस्तुविनिमय ( बार्टर सिस्टम) समेटेको छ भने पैसामा लगाउने मासुले मनी एक्सचेन्जलाई समेटेको छ । भैंसी बहीको आधुनिक मानव समुदायमा लिखित रूप हो । यस प्रथाले राज्यलाई आवश्यक पर्ने ब्यापारिक कानूनलाई विकास गर्न सहयोग गरेको छ ।

### ६.१३) झरियो परियो प्रथाजनित न्याय प्रणाली

नेपालमा १०० भन्दा बढी जातजातिको बसोबास रहेको छ भने ५९ जाति आदिवासी जनजातिको रूपमा नेपाल सरकारले सूचित गरेको छ (आजनुराप ऐन २०५७) ५९ जनजाति मध्ये किरात राई अन्तर्गतको दुमी राई एक उपजाति हो, जसको आफ्नै भाषा, धर्म, कला, साहित्य, वंशावली, संस्कार संस्कृति, प्रथा परम्परा, थुतुरी बेत, मुन्धुम दर्शन, इतिहास, पहिचान रहेको छ । दुमी किरात राई समदुायभित्र झरियो परियो प्रथा रहेको छ । झरियो भनको कुनै दमी किरात समुदाय बाहेकको (सोह्र आनी) वर्ग समुदायको विशेष गरेर उपल्लो जातको पाखापखेरा, खेतबारी, वनजङ्गलमा बाखा, भेडा, गाईगोरू, भैंसीरागो, घरपाल्तु जिवजनवार चराउँदा/घुमाउँदा लडेर झरे/मरे चट्याङ लागे त्यो वस्तुभाउ सित्तैमा खाने

प्रचलन झरियो हो । पछिल्लो अवस्थामा वस्तुभाउको धनीलाई सूचना दिइन्छ र (खुट्टा उभाउने) चलन रहेको छ । खुट्टा उभाउने चलन भनेको लडिझरेको/मरेको वस्तुभाउको मासु सस्तोमा मासु लगानी गरी केही रकम उठाउने संस्कार हो । जस्तै राँगो लडि झऱ्यो, खुट्टा भाँच्यो भने, अब राँगोको मासु ८,०००को भने ३,०००को मासु छरछिमेक, दाजुभाई, समुदायलाई खाइदेउ भनेर उर्दी गरिन्छ र पैसा उठाइन्छ र (खुट्टा उभाउने) गरिन्छ । यो प्रथा परापूर्व काल देखि नै दुमी राई समुदायमा चल्दै आएको हो । परियो भनेको जंगल र बारीमा बस्ने अरिङ्गाल, बच्छ्युँ चिचिमबिरा, कटहर दुमी राईको राई तालुक पगरीलाई अनिवार्य भाग छुट्याउने प्रचलन रहेको थियो । दुमी राईको राई तालुकको अनुमती बिना कुनै पनि कार्य सम्पन्न गर्न पाउदैन थिए । दुमी राई तालुक चार पगरि थिए । तालुकको निर्णय र निर्देशनमा कार्यहरु सम्पन्न गर्दथ्ये । दुमी राई भनको जिमिवाल हुन । जिमिवाल भनेको जमिनदार हुन । तालुकमा राजस्वी काजी कज्जाको अधिकार थियो । पानी मुद्दा र ज्यान मुद्दा बाहेक झैझगडा फौजदारी अंश बण्डाका फैशला तालुकदारले गर्न पाउने कानुनी अधिकार थियो । यसको इतिहास लामो रहेको छ । यो प्रथालाई पृथ्वीनारायण शाह देखि लिएर राणा शासकहरूले पनि किरात राईहरूलाई प्राधिकार दिएको भने कथन, वचन दुमी किरात राई समुदायको अग्रज पुर्खाहरूले बताएका छन् । झरियो परियो किरात राई समुदायमा भाषा, स्थान, परिवेश, भूगोल अनुसार फरक शब्दमा प्रयोग भएको पाइन्छ । झरियो परियो प्राचिन प्रथा हो, यसले दुमी किरात राई समुदायलाई कानूनी बन्धनमा बाँध्ने कार्य गरेको छ ।

### ६.१४) तिते खोलाको प्रथाजनित न्याय प्रणाली

नेपाल भौगोलिक आकार प्रकारमा सानो देश हो । तर नेपालको बहुभाषा, बहुधर्म, बहुसंस्कृति, बहुजातजाति भएको सार्वभौम सत्ता सम्पन्न लोकतान्त्रिक गणतन्त्र भएको सुन्दर मुलुक हो । नेपालमा विश्वबाट संकटमा परेका विभिन्न जाति प्रजातिका पशुपक्षी, बोटविरूवा, खोलानाला नेपालमा पाउन र देख्न सकिन्छ, यो नेपालको विशेषता हो, गौरवको विषय हो । विश्वबाट लोप भएको पंक्षी काँडेभ्याकुर नेपालमा पाउन सकिन्छ, नेपालमा मात्र पाइने विरूवा लप्सी हो भने विश्वमा लोप उन्मुख संकटमा परेको असला माछा हो । त्यही असला माछाको विभिन्न प्रजातिमध्ये एक तिते माछा हो, वर्षको एकचोटी तितेमाछाले फुल पार्ने गर्दछ । यो माछा उधौली उभौलीमा (थोपिया/थोउडा) प्रायजसो वर्खामासमा आकाश

गर्जे पछि यो माछाले मूल खोला छाडी सहायक खोलामा निस्कने, बसाँइ सर्ने र फुल पार्ने गर्दछ । यस्तो बेला तितेमाछा पहिले डोकाको डोका मनकामन तितेमाछा मार्ने संस्कार दुमी किरात राई समुदायमा रहेको थियो । दुमी समुदाय भित्र तिते माछा मार्ने सवालमा हिंस्रक झैझगडा काटमार भएको खण्डमा गरे गरायमा तिते माछा हटेर जान्छ भन्ने जनविश्वास दुमी समुदायमा रहेको पाईन्छ । तिते माछा उधौली र  उभौलीमा आहुल झर्ने र लेक पस्ने गर्दछ । यो माछा मार्ने प्रचलन पनि निश्चित कानुनले छेकथुन गरेको थियो । यो तिते खोलाको माछा मार्ने प्रथा पनि चार किल्लाको भद्रभलाद्मी, पञ्चपुर्खाहरू बसेर बनाएको नियम थियो । जुन त्यो सहायक खोला, जुन टोल, परिवार, छिमेक, समुदायको छ । उसैले मात्र त्यो खोलाको तितेमाछा समात्ने अधिकार स्वतन्त्रता हुन्थ्यो । यदि तितेखोलाको माछा समात्ने प्रथाको उल्लङ्घन गरेमा तुरूङ्ग लगाएर सजाय दिनेपरम्परा दुमी किरात राई समुदायमा रहेको थियो । तुरूङ्ग विशेषतः गाउँ समुदायमा चोरीडकैती, अर्काको श्रीमती हरण गर्ने/जारी गर्ने व्यक्ति, लिङ्ग, वर्ग, समुदायलाई दिइने सजाय हो । तुरूङ्ग भनेको मानिसलाई खुट्टा उभो र टाउको उदो पारेर बाँस काठबाट निर्माण गरिएको सजाय दिने विधि हो । आधुनिक राज्यमा विकसित भएको विभिन्न प्रकारको ऐनकानुन, विधान तिते खोला प्रथाको विकसित रूप हो । यस प्रथाजन्य न्याय प्रणालीद्वारा आदिवासी जनजातिको अन्तर्राष्ट्रिय आई.एल.ओ. १६९ हकअधिकार कानून निर्माण गर्न सहयोग गरेको छ ।

### ६.१५) सोला/पाजाको प्रथाजनित न्याय प्रणाली

दुमी किरात राई समुदायमा सोला पाँजा प्रथा धेरै प्राचिन प्रथा हो । यस प्रथाको शुरुवात सिकारी यूग देखि प्रयोग गर्दै आएका हुन । सोलाको अर्थ तिखो 'भाला' सुइरो हुन्छ भने पाँजाको अर्थ धराप थाप्ने/राख्ने हुन्छ । सोलापाजा भित्र (सुक्ली/मुक्ली) लिसो पासो पर्दछ । मानव विकास क्रमको इतिहासलाई हेर्दा मानिसहरू सिकारी यूग देखि नै सोला पाँजा धराप गरेको अभ्यास परम्परा संस्कार रहेको देखिन्छ । आधुनिक मानव समुदायसम्म सोला पाँजा धराप थाप्ने प्रचलन ज्यूँको त्यूँ दुमी किरात राई समुदायमा रहेको छ । मानव समुदायको सिकारी यूगमा मानव समुदायले जीवन गुजारा गर्न अस्तित्व कायम राख्न सिकार खेल्ने धराप थाप्ने संस्कार रहेको थियो । दुमी किरात राई समुदायमा पनि यो प्रथा कायम रहेको छ । लाहुरे जानु, देशविदेश जान भन्दा अगाडी लेखबेसी वनजङ्गलमा गएर आफ्नो सीमाक्षेत्रमा रहेको स्थानमा सिकार खेल्ने, सोला पाँजा थाप्ने परिपाटी प्रथा परम्परा दुमी

किरात राई समुदायमा रहेको छ । सोला पाँजा जसले थापेको छ, उसैलाई मात्र त्यो सिकारको उपभोग गर्ने अधिकार हुने चलन दुमी किरात राई समुदायमा रहेको छ । अन्य व्यक्ति, वर्ग, समुदायले त्यो सोला पाँजामा परेको सिकार छोएमा, लगेमा त्यस व्यक्तिलाई कडा किसिमको कानुनी कार्वाही गर्ने संस्कार दुमी किरात राई समुदायमा रहेको छ । वर्तमान आधुनिक विश्व मानव समुदायमा सोला पाँजा प्रथाको विकसित रूप नै जेडफाइटर बम गोला हो भन्न सकिन्छ ।

**६.१६) सकला/साकेला नाचको प्रथाजनित न्याय प्रणाली**

दुमी किरात राई समुदायको साकेला नाच लोकप्रिय नाच हो । जुन नाचको आफ्नै मौलिकता विशेषता अर्थ मेहेत्तता इतिहास र पहिचान बोकेको छ । यो नाच वर्षको दुई चोटी नाचिन्छ अन्नवाली रोप्ने बेला उभौली र अन्नवाली (हिति/खोती) पाकेपछि थन्काउने बेला उधौलीमा नाचिन्छ । यस नाचको आफ्नै लय ताल भावभङ्गी शैली साङ्केतिक अर्थहरू रहेको छ । यस नाचमा मौलिक भेषभुषा हातहतियारहरू धनुकाड, खुकुरी खुर्मी, हसिया तलवार, भाला खुडाको प्रयोग प्रदर्शन गर्दछन् भने बाजाहरूमा ढोल झ्याम्टा, गजा पुङ्ग फुक्ने गर्दछ । भेषभुसामा पुरूषले दौरा सुरूवाल, ढाका टोपी, फेटा पटुकी, अस्कोट लगाउँछन् भने महिलाहरूले चौवन्दी चोली, फरिया पटुकी, हारी अठानी चारानी प्वलोको माला, पोते च्याप्टे सुन, बिनायो, मुर्चुङ्गो, अमृको फूल, भेषभुसा गहनाले पहिरिने, नाच्ने परम्परा दुमी किरात राई समुदायमा रहेको छ । यस नाचको मुख्य नेतृत्व सिलीमा र सिलिपाले गर्दछन् । सिलि नाचको नामहरु निम्न छन् । सिकेपारी (तान बुन्ने सिलि), चाप्चु सिलि (बाघ सिलि), चादुम सिलि (बिउ छर्ने, उखेल्ने, गोड्ने सिलि), कुवि सिलि(कल्चुडे सिलि), पुमा सिलि (फुल टिप्ने, लगाउने सिलि) दुमी किरात राई जातिको अन्य किरात राईहरू भन्दा नाच भिन्न रहेको छ । दुमी राईहरू साकला नाच्दा एकोहोरो तवरले नाच्ने गर्दछन् । धामी (कुवि) ढोलेलाई (मधुमे) र झ्याम्टेलाई (मसुमे) को साथमा ढिलोसँग फूर्तिका साथ दुमी राईहरू साकेला नाच्ने गर्दछन् । साकेला सिली नाचद्वारा नै लय तालमा झष्मेफोरेको, तानबुनेको, सिकार खेलेको, खेतीपाती रोप्ने, गोड्ने, काट्ने, उठाउने, थन्काउने आदि नक्कल हातखुटा बढी लचकता हाउ भाउबाट सिली साकेला नाचबाट प्रस्तुत गर्दछ । दुमी किरात राई समुदायको साकेला नाच जुनसुकै जातजाति, वर्ग, लिङ्ग, समुदायले सहभागिता जनाउन सक्दछन् । कुनै प्रकारको साँस्कृतिक विभेद, अवरोध, असमानता हुँदैनन् । यो दुमी राई जातिको साकेलाको

सकारात्मक पाटो हो । साकेला पुजा देवि पुजा ढलेपछि बाधा भयो भनेर घाँस दाउरा खेति नगर्ने प्रचलन रहेको छ । साकेलामा कुविसेलेद्धारा गाउँ पुजा (बालीपुजा) गर्दछन । बाली पुजा मकैको एक बोट विरुवा, नया अदुवा,नया कोदोको रोटी, कुखुराद्दारा अन्नबाली राम्रो फलोस असिना पानि नआओस रोग व्याधि नलागोस शुभ समृद्धहोस् भनेर गरिन्छ । पुजा ढलेपछि खनजोत गरे कुलो दाउरा काटे दण्ड लाग्ने संस्कार रहको छ ।साकेला नाचको भोलिपल्ट खेतीपातीमा काम गर्न हुन्न, जोतखन बीउबिजन लगाउन, गोडमेल गर्नु हुन्न भन्ने साँस्कृतिक मुल्यमान्यता दुमी किरात राई समुदायमा रहेको छ । यसको समाजशास्त्रीय व्यवहारिक अर्थ १ महिनासम्म नाचेकोले शरीर थाकेको हुन्छ, शरीरलाई आराम चाहिन्छ भन्ने हो भने अर्को अर्थ हो साकेला नाचमा विभिन्न स्थानठाउँ पाहुनापाछ्रा भेट्नु सुनौलो अवसर साकेला नाच भएकाले पाहुनासँग एक दिन भएनि भलाकुसारी गर्नुपर्ने हुन आउँछ । त्यसैले दुमी राई जातिको साकेला नाचको अत्यन्तै महत्व छ, जस नाचबाट दुमी किरात राई समुदायले मनोरञ्जन लिने र दिने कार्य गर्दछन् ।

## अध्याय- ७

# दुमि किरात राई समुदायको प्रथाजनित प्रणालीले पारेको सामाजिक, सांस्कृतिक, धार्मिक प्रभाव र आधुनिक राज्य व्यवस्थामा यस प्रणालीको के प्रभाव छ वा छैन

प्रत्येक व्यक्तिको आफ्नो छुट्टै पहिचान भए जस्तै प्रत्येक समुदायको पनि आफ्नै पहिचान रहेको हुन्छ । दुमि किरात राई समुदायको आफ्नै मौलिक भाषा इतिहास, वंशवली, थाकथलो, सामाजिक संस्कार, सांस्किृतिक संस्कार, धार्मिक संस्कार लगाएतका प्रथाजनित प्रणाली रहेका छन् । दुमि समुदायको प्रथाजनित प्रणाली  लोक मुल्य मान्यतामा आधारित रहेको छन् । दुमि समुदायको बेग्लै पहिचान भएता पनि पहिचानको सम्बोधन सहि तरिकाले राज्यले गरेको छैन गरिनु जरुरी देखिन्छ । त्यसैले पहिचानको आवाज उठाउनु खोजि गर्नु दुमि समुदायको सामाजिक तथा सांस्कृतिक अधिकार पनि हो जसलाई मानव अधिकारका दस्तावेजहरुले पनि स्वीकार गरेको यस अवस्थामा पहिचानको खोजि गरिरहनु पर्दा मन हर्षित पनि छ पिडित पनि छ । हर्षित यस अर्थमा छ कि पहिचानको अर्थ सवाल बारे दुमि समुदाय लगाएत अन्य आदिबासी जनजातिहरु सजग हुदै छन् सचेत बन्दै छन् र आफ्नो पहिचानको महत्व अधिकार प्रति प्रतिबद्ध छन् । पिडित यस अर्थमा कि राज्येले पहिचानको मुद्धा अधिकारलाइ स्वीकार गरेका छैनन् सौदा बाजीको विषय बनाएको छ । राजनितिक दलहरुले राजनितिक एजेन्डाको राजनितिक भोट माग्ने विषय मात्र बन्दै गएको छ ।

दुमि समुदाय आफुलाई आदिबासी भएकोमा गौरव मान्दछौं । हाम्रो संस्कार संस्कृति धनि छ तर राज्यले चालेको विभेदकारी नीति सोचले गरिव भएका छौं । हाम्रो संस्कार संस्कृतिलाई राज्यले उचित संरक्षण संबद्धन गर्न आवश्यक ठान्दछौ । देश आज संघिय राज्यमा प्रवेश गरिरहेको छ संघियतमा प्रत्येक जातजातिको पहिचान अधिकार र अस्तित्वलाई मान्यता दिनु पर्दछ । नत्र पहिचानको आन्दोलन हिंसामा परिणत हुनसक्छ । त्यसैले पहिचानको अधिकार स्वीकार्नु भनेको प्रत्येक जाति जनजातिहरुको परम्परगत ऐतिहासिक पितृथलो, मातृभाषा प्रथाजनित कानुनलाई मान्यता प्रदान गर्नु हो । हाम्रो देश जातिय विविधता भएको मुलुक हो । यो देशलाई समतामुलक  आत्मनिर्णयको अधिकार सम्पन्न स्वयत्तता र स्वशासन कानुनी राज्य र समृद्ध राष्ट्र बनाउन प्रत्येक जाति जनजातिलाई मजबुद बनाउनु पर्दछ । यी जाति जनजातिहरुलाई मजबुद बनाउने आधारहरु

उनिहरुका विशिष्ट र पृथक धर्म लोक संस्कार लोक परम्परा लोक संस्कृति र प्रथाजनित कानुनी प्रणाली हुन् । यसलाई राज्यले कानुनी मान्यता दिनुपर्दछ ।

राज्य भनेको परिवार र समुदायको विस्तारित रुप हो । त्यहि विस्तारित परिवार समुदायको रुप मध्ये दुमि समुदाय पनि एक हो । राज्यले समुदायको शक्तिलाई प्रयोग गर्ने गर्दछ । समाजमा देखा परेका शक्तिहरुलाई एउटा राजनैतिक वैधानिकतको रुपमा प्रयोग गर्ने संस्था पनि राज्य हो । त्यसैले राज्य बृहत संगठन हो, सर्वोच्च निकाय हो । राज्यसंग भूगोल छ राज्यको भूगोलमा दुमि समुदायको ऐतिहासिक थाकथलो छ । राज्यसंग जनसंख्या हुन्छ दुमि समुदायको पनि राज्यमा केहि मात्रामा जनसंख्या रहेको छ । राज्यसंग सरकार छ । दुमि समुदाय पनि त्यहि सरकारबाट शासित छन राज्य सार्वभौमसत्ता सम्पन्न रहेको छ । दुमि समुदाय पनि राज्यको सार्वभौमत्ता सम्पन्न जनता हुन् । समाजलाई शासन गर्ने संस्थाहरुको समुह नै राज्य हो । वास्तवमा राज्य वैधानिक र आधिकार सम्पन्न संस्था हो । राज्य सञ्चालन गर्न राज्यले निश्चित नीति नियम कानुन र शक्तिको प्रयोग गरेको हुन्छ । ती नीति नियमलाई दुमि समुदायले पनि आत्मासाथ गरेका छन् । दुमि समुदाय यहि राज्यको बिशिष्ट र पृथक पृतिथलो मातृभाषा लोकसंस्कृति भएको आदिबासी मुलबासी हो । जसको परम्परा देखि मान्दै आएको प्रथाजनित प्रणालीहरु छन ।

हुनत नेपालको ऐन कानुनमा अधिकांश रुपमा प्रथाको नै प्रभाव परेको पाईन्छ । प्रथा र कानुन दुवै बाझिएमा प्रथालाई नै बढि महत्व दिने गरेको पाईन्छ । उदाहरणमा विहेवारीमा प्रत्येक जाति जनजातिहरुमा प्रचलित प्रथालाई कानुनले काट्न नसक्ने व्यवस्था छ । त्यसैले नेपालको कानुनमा प्रथाको स्थान विशिष्ट छ किनकि समाजमा प्रचलित प्रथाले कानुनलाई खण्डन गर्न नसक्ने हुदा कानुन भन्दा उच्च स्थान प्रथाले प्राप्त गरेको पाईन्छ (लम्साल एजन, पृष्ठ १८१) । नेपालको कानुनमा जे लेखिए पनि प्रथाको स्थान विशिष्ट छ । प्राय जसो आदिबासी जनजातिहरुमा रहेको प्रथाले राज्यको कानुनमा प्रभाव पारेको भेटिन्छ । जस्तै दुमि समदायमा रहेको तीन पुस्ते र सात पुस्तेमा हात नाता तोड्ने चलन, गुरुङ मगरमा रहेको फुपु चेला मामाको विवाह आदि । हुनत मुलुकी ऐन हाडनाता करणीको नं. १० (क) ले हाडनाताको महलमा अन्य नं.हरुमा जुन सुकै कुरा लेखिएको भएता पनि आफ्ना जात वा कुलमा चलिआएको चलन अनुसार विवाह वा करणी गर्न हुने नाता सम्बन्धमा विवाह वा करणी भएकोमा हाडनातामा सजाय नहुने भनि परम्परागत चलनलाई कानुनको रुपमा नै

मान्यता दिएको पाईन्छ । यद्यपि राज्यले विद्वमान जातिय जनजातिहरुको प्रथाहरु भने कानुनको स्वरुप लिन सकेको छैन । दुमि समुदाय लगाएत अन्य आदिबासी जनजातिहरुको परम्परागत संस्था भनौ वा प्रथाजनित कानुनहरु उनिहरुले सयौ वर्षदेख  व्यवहारमा प्रयोग गर्दै ल्याएका छन् । त्यसैले यस्ता प्रथाजनित कानुनहरु उनिहरुका जातिय पहिचानसंग जोडिएका छन् । आज यस्ता परम्परा व्यवहार प्रथाजनित कानुन लोप हुदै गईरहेको अवस्था छ । त्यसैले यस्ता प्रथाजनित कानुनहरुलाई राज्यको मुल कानुनमा नै व्यवस्था हुनुपर्ने आवश्यकता छ ।

जसको परम्परागत सामाजिक धार्मिक सांस्कृतिक प्रथाले वर्तमान राज्य व्यवस्थामा प्रत्यक्ष अप्रत्यक्षल रुपमा प्रभाव पारेको देखिन्छ । आधुनिक राज्यले जे जस्तो कुनै पनि संघ संगठनमा प्रवेश गराउदा संवैधानिक सफथ दिलाउछ् । नैतिक उत्तरदायी जिम्मेवार प्रतिबद्ध गराएर वैधानिकता दिईन्छ । त्यसै गरि दुमि समुदायमा रहेको चुला कसम प्रथाले  जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार लगाएत प्राय जसो सबै सामाजिक, धार्मिक, सास्कृतिक गतिविधिमा वैधानिकता प्राप्तसंगै सम्पन्न र अन्यष्टि चुलाकसम बाट हुन्छ । एवम रुपले दुमि समुदायमा थारो/जुरो बाध्ने प्रथा रहेको छ । वर्तमान परिप्रेक्षमा यस प्रथाको विकसित रुपमा राज्यले सरकारी निकाय तथा वन कार्यलयहरुले डेलिगेसन अर्न्तगत व्यवहारिक रुपमा अपनाएका छन । दुमि समुदायले यस प्रथालाई घांस दाउरा बोटविरुवा बालि नकाटोस साध सीमाना नमिचोस भन्ने खातिरले प्रहरेदारको कार्यमा प्रयोग गर्दै आएको छ । वर्तमान सन्दर्भमा राज्यले यसको सान्दर्भिकता स्वीकार गर्ने नगर्ने राज्यमा भर पर्ने कुरा हो । दुमि समुदायमा यस्ता प्रथाहरुको सामाजिक सास्कृतिक , धार्मिक प्रभावहरु परेको देखिन्छ । यसै गरी दुमि समुदायमा खुर्पे ठ्याक प्रथा रहेको थियो जव राज्यले मालपोत निकाय खडा गरेर धनिपुर्जा वितरणको व्यवस्था गर्‍यो तव त्यही अवस्थाबाट यो प्रथा राज्यबाट प्रभावित भयो दुमि समुदायमा यसको महत्व थियो । खुर्पाले चार किल्ला चिनो लगाएर जग्गा रोक्ने प्रथा हो । यस प्रथाबाट नै जग्गा जमिन वन जंगल आफनो स्वामित्वमा अधिकार प्राधिकार प्राप्त गर्दथे । आधुनिक राज्य प्रशासनले चोरी नियन्त्रण गर्न प्रहरी संगठनको निर्माण गरेको छ । तर दुमि समुदायमा रहेको थुम्से थाप्ने प्रथाले प्रहरी प्रशासनलाई प्रभावित र सहयोग गरेको छ । यो प्रथा कसैको धन दौलत चोरी भए हराएको खण्डमा दोबाटोमा थुम्से थाप्ने प्रथा हो । यो प्रथाको सामाजिक महत्व छ, सामाजिक विधि छ र सामाजिक प्रक्रियाबाट हुन्छ । सामाजिक प्रभावबाट नै यो प्रथा पृथक बन्दछ ।

समुदायमा विभिन्न स्वभाव प्रवृति मनोविज्ञान स्वार्थ भावना चाहना भएका व्यक्ति, वर्ग, लिङ्ग, क्षेत्रबाट समाज सञ्चालित हुन्छ । समाजमा सबैको हैसियत, जीवनशैली आर्थिक अवस्था एकै नासको हुदैन । समाजमा स्तरीकरण , विभेदीकरण र वर्गीकरण हुन्छ । दुमि समुदायमा पनि सबैको एकै नाशको जीवनशैली रहेको छैन । त्यसैले समाजमा धन दौलत हराउनु स्वभाविक सामाजिक मानविय घट्ना हो । तर परम्परादेखि चलि आएको थुम्से थाप्ने प्रथाले यस्ता घट्नालाई नियन्त्रण गरेको छ । समुदायमा स्नेह प्रेम मानवियता हुन मनाव अधिकारको सम्मान गर्नु हो । कुनै एक व्यक्ति परिवार समुदायले अर्को व्यक्ति परिवार समुदाय माथि आघात चोट पुराउनुहन्न । सम्मानित जीवन व्यतित गर्न मौलिक अधिकार हो । राज्यको प्रहरी प्रशासनले चोरी नियन्त्रण गर्न राज्यको कर्तव्य हो । तर कतिपय घट्नाहरुमा प्रहरी प्रशासनले कानुनी मापदण्ड भन्दा माथि गएर मानविय संवेदनामा चोट पुराएर मानव अधिकार उल्लघंन गरेका छन । यसलाई दुमि समुदायमा रहेको थुम्से थाप्ने प्रथा जस्तै सम्मानित व्यवहार गर्न प्रहरी संगठन समक्ष प्रभाव पार्दछ ।

दुमि समुदायको तिरो भरो तिर्ने प्रथा जसबाट प्रभावित रुपले नै आधुनिक राज्यले अपनाएको Bussiness Law Contract Act द्वरा आज राज्य प्रतिस्पर्धात्मक बजार अर्थतन्त्रबाट सञ्चालित भएका छन । यो प्रथा तिरो तिर्ने प्रथा हो । यस प्रथाले जतिपनि दुमि रस्तिवस्तिमा बसोबास गर्ने दुमि समुदायवीच तादाम्यका साथ ऐचोपैचो पैसा खाद्यपदार्थ साटासाट आदनप्रदान गरेर सामाजिक जीवन गुजार्न बन्धकी तमासुक लेखिएर राखिएर श्री पञ्चमी उधौलीका दिन दिने लिने तिर्ने पुनर्लेखन गर्ने गर्दछन् । त्यसै गरी उधौली देखि दुमि समुदायले पुरानो अदुवा, दाल सीमी, उपभोग नगर्नु सांस्कृतिक नियम रहेको छ । खास गरी कोजाग्रत पूणिमा उभौली देखि नया अन्नबाली अदुवा, धान ,मकै, कोदो चुलामा चढाएर मात्र उपयोग गर्ने धार्मिक परम्परा रहेको छ । सांस्कृतिक धार्मिक प्रभाव कारणले गर्दा नै उधौली पुरानो खाद्यन्न नखाने र उभौली देखि नया खाद्यन्न आफना पूतिलाई चढाएर मात्र उपभोग गर्ने गर्दछ । कुहेको काठको प्रथाबाट आज राज्यमा जति पनि वातावरणीय पर्यावरणीय विभिन्न प्रकारको कानुन सन्धि सम्झौता उत्पति निर्माण विकास भएका छन् । त्यही कुहेको काठको प्रयोग गर्ने प्रथाबाट प्रभावित बनेको हो भन्न सकिन्छ । दुमि समुदाय यो भूमिको आदिबासी हो यहि भूमिको खोरिया भस्मे फोरेर आवादी गरेको हो । दुमि समुदाय प्रकृति पुजक हन्छ । विशेसत भूमेस्थान, देविस्थानमा घास दाउरा काट्ने कसैलाई अधिकार हुदैन । प्रतिबन्ध लगाएको हुन्छ । यस्तो निषेधित क्षेत्रको घास दाउरा उपभोग गर्ने विशेष पर्व

उधौली र उभौली साकेला प्रकृति पुजा गर्दा खुलाउने सामाजिक नियम रहेको छ । अन्य समयमा यस स्थानमा बस्तुभाउ फोहर मैला रुखविरुवा काटेमा कुल रिसाउछ सिमेभूमे देवता रिसाउछ र अति वृस्टि, अनावृस्टि, अनिष्ठ हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ ।

ग्रहण लाग्नुको बैज्ञानिक कारण छ तर दुमि समुदायमा यसको धार्मिक अर्थ रहन्छ । ग्रहण लाग्नु भनेको समाज समुदायमा संकट पर्नु भन्ने हुन्छ । ग्रहण लाग्नु सामाजिक सास्कृतिक अनिष्ठ हुनु हो । व्यक्ति परिवार समुदायमा ग्रहण लाग्नु भनेको उनिहरुको इतिहास, थाकथलो, भाषा, संस्कृति, पहिचान, अधिकार अस्तित्व संप्रभुतामा टुसारो पात खलल पर्नु हो । राज्यमा संवैधानिक बाधा झमेला सृजना पर्नु हो । वास्तवमा यस प्रथाको प्रभाव परिवार, समाज, राज्यमा समान अवसर समतामुलक समाज, स्वतन्त्रता, अखण्डता, सार्वभौमसत्ता, कानुनी राज्य र शुशासन होस भन्ने हो । यस प्रथाले सांस्कृतिक तथा सामाजिक प्रभाव राज्यमा पारेको छ । राज्य संवैधानिक अस्थिरता राजनैतिक दलमा वैमन्यश्यकता असमझदारी असमहति नहोस भन्ने यस प्रथाको सकरात्मक प्रभाव हो ।

सामान्य अर्थमा भन्दा साईनो मिचि परेली प्रथा साईनो मिचेर विवाह गर्ने र घर निर्माण गर्ने प्रथा हो । दुमि किरात राईको दश किरातमा कुटम्ब चल्छ । दुमि समुदायमा तीन पुस्ता र सात पुस्तामा हाडनाता फुटाई विवाह गर्ने संस्कार दुमि समुदायमा रहेको छ । यो तीन पुस्ता र सात पुस्तामा हाडनाता नफुटाए दाइको दाइ भाइको भाइ नाता सम्बन्ध कायम रहन्छ । तीन पुस्ते हाडनाता फुटाउने चलन लोभ भएता पनि सात पुस्तामा हाडनाता फुटाएमा नया पाछा दिने चलन छ । बैनौलो तर्फको हाडनाता चौध पुस्तामा फुटाउने सामाजिक प्रचलन दुमि समुदायमा रहेको छ । राज्यको जस्तो सुकै विवाह सम्बन्धि ऐन कानुन निर्माण र विकास गरेता पनि दुमि समुदायमा रहेको यस प्रथाले राज्यलाई प्रत्यक्ष रुपले असर पारेको देखिन्छ ।

कुनै दुमी महिला र पुरुषले हाडनाता सम्बन्ध पर्नेमा साईनो मिचि विवाह गरेमा उक्त जोडीबाट जन्मेका बच्चा सुस्त मनस्थिति लठेप्रा लाटा भए त्यसलाई देउदण्ड अथवा कुलदण्ड भनिन्छ । माथिल्लो वा तल्लो जातको विवाह गर्दा राज्यको तर्फबाट दिने दण्डलाई राजदण्ड भनिन्छ । दुमि समुदायभित्र विवाह गर्दा कन्या अर्थ(सुनखमा) रित छ । विवाह गर्दा बेहुली पक्षमा निश्चित रितभात समय सर्तअनुसनर रितभात दिन पर्दछ । दिन सकिएन भने यो दण्ड दिने गर्दछ । वास्तवमा यि सांस्कृतिक धार्मिक रितभात सामाजिक सामाञ्जस्यता,

सांस्कृतिक सहिष्णुता बढाएको छ भने अर्को तर्फ राज्यलाई यि परम्परादेखि चलिआएको रितिथितिले राज्यमा प्रभाव पारेको देखिन्छ ।

घरुवा थाप्ने प्रथा भनेको माछा मार्ने प्रथा हो । खोला जात विशेष, वर्ग विशेष, समुदाय विशेषको हुदैन । यो निरन्तर अविरल बगिरहन्छ । खोला सार्वजनिक हुन्छ । तर दुमि समुदायमा रहेको घरुवा, तीव दुवाली थाप्ने छेक्ने गरेका हन्छन । उसैको विशेष अधिकार हुन्छ । त्यसमा परेको माछा त्यही समुदायले विक्रि वितरण उपभोग गर्ने अग्राधिकार हुन्छ । यदि त्यस तीव घरुवा दुवालीको माछा अरु कसैले समाते लगेमा उस्ले दावी गरेका क्षतिपुर्ति दिने परम्परा रहेको छ । दुमि समुदायले पृति पुजा गर्दा माछा चराको मोदाम ढडिया घोलाङ चढाउने गर्दछ । यसरी हेर्दा माछाको सम्बन्ध धार्मिक कार्य गर्दा महत्वपुर्ण हन्छ । राज्यले कतिपय  माछा चरा समात्न प्रतिबन्ध लगाको छ तर पनि दुमि समुदायको धार्मिक कार्य सम्पन्न गर्दा माछा चराको अनिवार्य आवश्यकता हुन्छ । यसरी हेर्दा दुमी समुदाय र राज्यलाई सांस्कृतिक धार्मिक लोक रितिले प्रभाव पारेको छ ।

दुमि राईहरुको सात सामे र एक्काइश पाछा मध्यको एक पाछा छाचुङ्ग पाछाको उत्पत्ति थलो महभीर हो । जुन जालपा गाविस र खार्मी गाविसको सिमानामा पर्ने लम्जुङखोलाको ३०० फिट उच्चाईमा अवस्थित रहेको छ । मह काट्ने खुवा (क्षेत्र) अनुसारको हुन्थ्यो । मह काट्न पनि चार दुमि पगरी थिए । मह काट्दा चार पगरी झै झगडा गरेमा माहुरीलाई नाचुर (आँखा) लाग्छ भन्ने सामाजिक मान्यता रहेको थियो । त्यसैले सहमती र समझदारीमा मह काट्नु पर्छ भन्ने सामाजिक मान्यता रहेकोछ । यसले दुमि समुदाय साथै राज्यलाई सांस्कृतिक र सामाजिक सहमति हुनुपर्छ भन्ने प्रभाव पारेको देखिन्छ ।

भैसे बही प्रथा लेख्य प्रथा हो मसिको विकास भैनसकेको अवस्थामा दुमि समुदायले कपडको तुनामा गाँठो पारेर गन्ती गर्ने, तीतेपाती, हरियो सिमि निचोरेर दलेर धङ्ग्रोमा रङ जम्मा गरेर पाटी खरिढुङ्गाले लेख्य परम्पराको विकास गरेका थिए । साथै बलिको खनबाट पनि मसिको रुपमा प्रयोग गर्दथे । मकैको दानबाट पनि गिन्ति गरेर जीवन निर्वाह गर्दथे । व्यापारीक लेनदेनमा निर्यात आयातमा यस्तै प्रकारको सामाजिक गन्तिबाट हुन्थ्यो । अझै पनि दुमि समुदायमा रक्सि पार्दा खरानी पानी मुसेर फुङ्गामा धर्का कोरेर गन्ति गर्ने परम्परा रहेको छ । त्यसै गरी दुमि समुदायको कुल गर्ने कुवि नक्छो (धामी) को मृत्यु भएमा चौतारा बनाई सिलालेख लेख्ने प्रथा रहेको छ । यि प्रथाहरु दुमि समुदायको मौलिकता हो । यस्ता

प्रथाले लेख्य व्यापारीक आर्थिक सम्बन्धलाई उजागर गर्दछ । राज्यले अपनाएको बस्तुविनिमय प्रणालीलाई यस प्रथाले प्रभाव पारेर राज्यमा व्यापारिक कानुन निर्माण र विकास भएको हुन ।

कुनै पनि घरपालुवा जनावर उपल्लो जातको घुमाउदा चराउदा लडिझरे घाइते भए मरेमा सित्तैमा खाने प्रक्रियालाई झरियो प्रथा भनिन्छ । धनिलाई सुचना गरेर लडिमरेका बस्तुभाउ(खट्टा उभाउने) सस्तोमा खाने परम्परालाई परियो प्रथा भनिन्छ । परियो प्रथा दुमि समुदायमा कायमै रहेको छ । दुमि समुदायमा पनि राई तालुक पगरी थिए । तालुकलाई अनिवार्य झरियो परियो को भाग छट्याउने प्रचलन थिए । तालुकलाई राजस्वी अधिकार थिए । तालुकलाई पानी मुद्दा र ज्यान मुद्दा बाहेक अन्य किसिमको धार्मिक सांस्कृतिक फौजदारी मुद्दा फैसला गर्ने अधिकार थियो । राज्यमा भएका राजनैतिक परिवर्तनसंगै यो प्रथा विलय भएर गए । अझै पनि परियो प्रथा कायमै रहेको छ ।

तिते माछा समात्ने प्रथा तीते खोलाको प्रथा हो । यो माछा समात्न दुमि राईको मौलिक परम्परा छ । उनीहरु तीते माछा समात्दा दुश्मनी झै झगडा गर्नु हुन्न भन्ने सामाजिक मान्यता रहेको छ । झै झगडा गरेमा तीते माछा हटेर जान्छ भन्ने धार्मिक विश्वास गर्दछ । तीते माछा समात्न पनि चार किल्लाका भद्रभलाद्मी पुर्खाहरुका सरसल्लाहमा माछा समात्ने गर्दथ्यो ।आधुनिक राज्यमा यसको सामाजिक महत्व रहेको छ । यस प्रथाले दुमि समुदायमा मिलेर समाज विकास, संस्कृति विकास गर्नुपर्दछ भन्ने प्रभाव रहेको छ । राज्यमा सामाजिक सहिष्णुता, सदभाव हुनुपर्दछ भन्ने सन्देश प्रभाव यस प्रथाको रहेको छ ।

सोला पाजा प्रथा प्राचिन प्रथा हो । सोला भनेको सुईरो वा भाला हो । पाजा भनेको धराप हो । वास्तवमा यो प्रथा वर्तमान राज्यमा के कस्तो प्रभाव पारेको छ वा छैन भन्ने प्रश्नको विषयमा आधुनिक राज्य आणविक हातहतियारको अवधारणा परिकल्पना यही प्रथाको विकसित रुप हो भन्न सकिन्छ । जति मानिसको चेतना ज्ञान अभिवृद्धि हुदै प्रतिस्पर्धा हुन थाले र विभिध प्रकारको युद्ध कौशलतमा जागरण आए उति नै यस प्रथाको परिमार्जित र परिष्कृत भएर आधुनिक राज्यमा नीति नियम ज्ञानविज्ञान विकास भए । यी यस्तै प्रथाबाट आधुनिक राज्यको निर्माण सम्पन्न भएको हो र राज्य शक्तिशाली र शक्तिविहिन बनेको हो ।

साकेला नाचको प्रथा सांस्कृतिक प्रथा हो । यो नाच दुमि समुदायमा लोकप्रिय छ । यो नाच अन्य किरात समुदाय भन्दा फरक हुन्छ । नाच्ने शैली भाव भङिगना बाजा गाजा बजाउनमा भिन्न रहेको हन्छ । यो प्रथाको रिति नियम जव साकेला नाचमा गाउ पुजा बाली पुजा गर्दछ त्यस पछि खेतबारीमा कुनै किसिमको बीउ बीजन रोप्न, गोड्न, जोत्न, काट्न काम बाधा भयो भनेर प्रतिबन्ध लगाउने सांस्कृतिक धार्मिक नियम रहेको छ ।  यो साकेला नाच महान पर्व हो । जहा प्रकृतिको पुजा याचना गरिन्छ । कला संस्कृति इतिहास, भेषभुषा, मुन्धुम दर्शनको व्याख्या विश्लेषण गरिन्छ । जहा नाचेर गाएर बाजा बजाएर मनोरन्जन गरिन्छ । वर्तमान राज्य सरकारले कतिपय यस्ता विभिन्न जातजातिका प्रथागत चाड पर्वलाई वेवास्था गरेका छन । राज्यले सांस्कृतिक महत्व पहिचान दिएका छैनन दिन आवश्यक छ । सरकारले साकेला नाचलाई उधौली उभौलीको राष्ट्रिय चाड स्वीकार गरेर सार्वजनिक विदा दिएको सकरात्मक पक्ष हो । तर यतिले मात्र यस नाचको संरक्षण संबद्धन गर्न पुगेको छैन । यसको महत्वलाई गहिराई सम्म पुगेर यस नाचलाई अझै गर्विलो बनाउनु राज्यको कर्तव्य हुन आउछ र सबै जाति, वर्ग, लिङ्ग समुदायको चाडपर्वलाई राज्यले समान महत्व प्राथमिकता दिन आवश्यक हुन्छ ।

# अध्याय-८

# सारांश र निष्कर्ष

## ८.१ सारांश

माझकिरात खोटाङ जिल्लाको उत्तरी क्षेत्रमा पर्ने जालपा गाविसमा बसोबास गर्ने दुमी किरात राई जातिमा रहेको प्रथाजन्य न्याय प्रणाली सम्बन्धि अध्यायन अनुसार कुल जनसंख्या १४९९ रहेको छ । यस मध्ये महिलाको संख्या ६४७ र पुरुष ८५२ रहेको छ । जालपा गाविस वडा नं ३ घलेगाउँमा ५९ घरधुरीमा जनसंख्या २९७ रहेको छ । त्यसमध्ये १२६ महिला र १७१ पुरुष रहेको छ । वडा नं ४ पुरानगाउँमा ७१ घरधुरीमा जनसंख्या ३९६ जना रहेको छ । त्ससमध्ये १८१ महिला र २१५ पुरुष रहेका छन् । वडा नं ५ मा ५५ घरधुरीमा १५६ महिला र पुरुष १४५ गरी २९८ जनसंख्या रहेको छ । वडा नं ९ मा ७२ घर धुरीमा १८४ महिला र पुरुष ३२४ गरी ५०८ जनसंख्या रहेको छ । जसअनुसार खोटाङको जालपा गाविसको चार वटा वडामा कुल २५७ घरधुरीमा महिला ६४७ र पुरुष ८५२ गरी जम्मा १४९९ जनसंख्या रहेको छ । यसमध्ये नमुना छनौट गरी ४२० जनासित प्रत्यक्ष कुराकानी, अन्तरवार्ता, प्रश्नावली र अवलोकनको आधारमा यी चार वटा वडामा बसोबास गर्ने दुमी किरात राई समुदायमा अनुसन्धान गरेको छु । यी चार वडा वडामा दुमी किरात राईहरुमा रहेको उत्पति इतिहास विकास, प्रथा, न्यायिक प्रणाली सम्बन्धि तथ्यांक संकलन, अन्तरवार्ता, प्रश्नावली, अवलोकन गरी वर्णनात्मक विधिद्वारा तथ्यांकको व्याख्या विश्लेषण गरेको छु । यस अध्यायनमा सहभागितामूलक समावेशी पेशा, लिङ्ग, वर्गमा महिला र पुरुषलाई समान प्रतिनिधित्वको आधारमा तथ्यांकको विश्लेषण गरेको छु । तथ्यांक विश्लेषण जो उतरदातासँग बढी प्रथा, संस्कार संस्कृति सम्बन्धि ज्ञान विज्ञान छ, उसलाई बढी प्राथमिकताको आधारमा प्रश्नावली अन्तरवार्ता सहभागितालाई बढी महत्व दिएर तथ्यांकको विश्लेषण गरेको छु ।

यस अध्यायनमा प्रारम्भमा दुमी किरात राईको अध्यायन क्षेत्रको चिनारी दिइएको छ । यसैगरी दुमी थरको उत्पतिगत मिथकको संक्षिप्त चर्चा गरेको छु । यसैक्रममा दुमी राईहरुमा रहेको प्रथाजन्य ज्याय प्रणालीको विश्लेषण तालिका, संकेत तथा तस्वीरद्वारा सचित्र वर्णन गर्नुका साथै अन्तरवार्ता, सहभागिता प्रश्नावली मार्फत सोधेर तथ्यांक तयार गरेको छु । एवं रुपले तथ्यांकको तालिकिकरण, प्रस्तुतकिरण, विश्लेषण, सूचनादाताले दिएको तथ्यांकको

आधारमा प्रस्तुत गरेको छु । दुमी किरात राईहरुमा रहको प्रथा परम्परा संस्कार संस्कृति न्याय सम्पादन सम्बन्धि ज्ञाताहरु धामी, झाँक्री पूर्खा, शिक्षक, व्यापारी राजनीतिक व्यक्ति कृषकसँग प्रत्यक्ष अप्रत्यक्ष प्रश्नपत्र अन्तरवार्ताद्वारा प्रत्येक चार वडाहरुमा भेला आयोजना गरी तथ्यांक विश्लेषण गरेको हो । यस्ता प्रथाले दुमी समुदाय लगायत अन्य वर्ग लिङ्ग जातजातिमा पनि न्यायोचित संस्कार संस्कृति समाज निर्माण गर्नमा महत्वपूर्ण भूमिका खेलिएको हुन्छ । दुमी समुदायमा रहेको न्याय प्रणाली राजनीतिक सामाजिक परिवर्तन सँगै केही लोप भएका छन् भने केही दुमी समुदायले यस्ता प्रथाहरुको आत्मसात गर्दै आएका छन् । दुमी किरात राई समुदायमा रहेको प्रथाजन्य न्याय प्रणालीले राज्यको आवश्यक कानुन निर्माण गर्न, कानुनको श्रोत बनेका छन् भने अन्तर्राष्ट्रिय स्तरमा आदिबासी सम्बन्धि कानुन निर्माण टेवा पुगेको छ । कतिपय राज्यको कानुनलाई समेत यस प्रथाले प्रभाव पारेको छ । दुमी किरात राई जातिमा रहेको र अन्य जातजातिमा रहेको प्रथाजन्य न्याय प्रणालीहरुलाई राज्यले विशेषिकरण संग्रहीकरण र वैधानिकरण गर्न आवश्यक रहेको छ । यस्ता प्रकारका प्रथाजन्य न्याय प्रणालीको उचित सूचिकरण व्यवस्थापन संरक्षण गरेमा मात्र दुमी लगायत अन्य जातजाति भाषाभाषि वर्ग समुदायको हित हुनका साथै समान राष्ट्र राज्य र समतामूलक समाज बन्न टेवा पुग्ने विश्वास गरिएको छ ।

## ८.२ निश्कर्ष

भौगोलिक दृष्टिकोणले नेपाल सानो भएता पनि साँस्कृतिक, धार्मिक, भाषिक तथा विभिन्न जातजातिमा विविधताका दृष्टिकोणले विशाल छ । मानव समुदायको जीवन पद्धतिलाई अनुशासित र व्यवस्थित गर्ने काम भौतिक प्रथाजनित कानुनहरुले गर्दछ । राष्ट्रको सर्वाङ्गीण विकास र राष्ट्रियताको सुद्रढीकरणका लागि प्रथाजनित कानुनको समोचित विकाश र परिमार्जित गर्न सर्वमान्य बैज्ञानिकताको आवश्यक छ । यसको प्रारम्भिक खुड्किला भनेको हाम्रो परम्परगत रितरिवाज प्रथा साँस्कृतिक सम्पदा र राष्ट्रिय भाषाहरूको पहिचान गरी तिनीहरूको अध्ययन विश्लेषण गर्नु हो । राज्यको कानुनमा अभिलेखीकरण संस्थाकरण वैधानिकता दिनु हो । यस सम्बन्धमा अहिलेसम्म केही प्रयास भएका छन् । थोपा थोपाबाट नै समुन्द्र बन्ने हुनाले आजका प्रारम्भ भोलिको प्रथा परम्परा कानुनी रुपमा वैधानिकता स्थापित भई समुन्द्र बन्ने नै छ तर जबसम्म हाम्रा विविध प्रथा, परम्परा, भाषा र संस्कार संस्कृतिहरूको पूर्ण पहिचान, समुचित अध्ययन अनुसन्धान र विश्लेषण गर्न सकिदैन, त्यसको स्वरुप प्रकृति र संरचना पत्ता लगाउन पनि सकिदैन नत दुमि समुदायको नै न्यायोचित समाज निर्माण सकन्छि नत अन्य जातजातिहरुको । यि कार्यहरू सम्पन्न खोज अनुसन्धान गर्न नसकेसम्म हामीले बहुभाषिकता, बहुसँस्कृति, बहुविविधताको हाम्रो जुन राष्ट्रिय गौरव छ । त्यसलाई उच्चो राख्न सक्ने छैनौ । आफ्नो मौलिक प्रथा परम्परा रितिरिवाजलाई त्यागेर अरुको संस्कार सस्कृति प्रति आकर्षित हुनु र हिजो सम्म मान्दै आएको प्रथा परम्परालाई चट्टकै भुल्नु तथानाम गाली गर्दै हिद्नु जस्त प्रवृतिले गर्दा हाम्रो अधिकांश मौलिक प्रथा-परम्परा, संस्कार, संस्कृति भाषाहरू पछौटे भएर रहेका मात्र होइनन् लोप हुने स्थितिमा पुगेका परिप्रेक्षमा तिनीहरूको संरक्षण र सम्वर्द्धनका उचित कदम चालिनु अनिवार्य भईसकेको छ । यसै सान्दर्भिकताको पृष्ठभूमिमा दुमी किरात राई जातिको प्रथाजन्य प्रणालिको बारेमा अध्ययन अनुसन्धान विश्लेषण गरिएको हो ।

हाम्रो देश बहुजाति, बहुभाषिकता, बहुसंस्कृति भएको हुँदा बहुजातिय, बहुभाषिकता, बहुसाँस्कृतिक नेपाली राष्ट्रियताको प्रमुख विशेषता हो । राष्ट्रिय एकता भनेको सामाजिक साँस्कृतिक न्यायीक विविधताको एकता हो । तसर्थ नेपाल अधिराज्यको अन्तरिम संविधानको निर्देशक सिद्धान्त र नीतिमा उल्लेख भएअनुसार विभिन्न जातजाति, भाषाभाषि सँस्कृति धर्मनिरपेक्षता बीच स्वस्थ्य र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, लिपी,

धर्म र संस्कृतिको विकासद्वारा देशको साँस्कृतिक विविधता कायमै राखि राष्ट्रिय एकतालाई सुदृढ गर्नु आवश्यक छ ।

यसै कारण दुमी किरात राई जातिमा रहेको र अन्य जातजातिमा रहेको प्रथाजन्य न्याप्रणालीहरू जस्तै ह्योल्मो ह्यूल्ठिम प्रणाली, नेवार जातिमा रहेको गुठी प्रणाली, थकालीको तेह्र मुखिया न्याय प्रणाली, थारुको बडघर प्रणाली, लिम्बु जातिको तुम्याङ राज्यले संग्रहीकरण विशेषीकरण र वैधानिकरण गर्न आवश्यक हुन्छ र महत्व छ । यस प्रकारका प्रथाजन्य न्यायप्रणालीबाट मात्र दुमी लगायत प्रत्येक जातजाति भाषाभाषी, धर्म, लिपी, सँस्कृतिको संरक्षण गर्न तथा सूचिकरण गर्न आवश्यक छ । साथै दुमी किरात राई जातिको निजी पहिचान कायम राख्नको निम्ति प्रथाजन्य न्यायप्रणालीका विषयवस्तुलाई वाहिरी रुपमा प्रस्तुत गरी यस सम्बन्धी सबैलाई ज्ञान दिन वाञ्छनिय छ । यसो गर्नु भनेको एकातिर कुनै जातिय उत्थानमा टेवा दिनु हो भने अर्को तिर बहुभाषिक, बहुसाँस्कृतिक राष्ट्रिय दृष्टिकोणलाई फराकिलो बनाउनु हो । यस प्रथाबाट राष्ट्रिय कानुन नीतिनियम निर्माण गर्न व्यवस्थापन गर्नमा अहम भूमिका दुमी किरात राई जाती लगायत अन्य जातजातिको प्रथाजन्य प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्नका साथै अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नम्बर १६९ घोषणा पत्र धार १ देखि ४६ सम्म आदिबासीको मौलिक स्वतन्त्रता मानव अधिकार उत्पति र पहिचान आत्म निर्णयको अधिकार स्वयत्तता पृथक आर्थिक, सामाजिक, राजनीतिक गतिविधि आदिबासी राष्ट्रियता र आफ्नै भूमि क्षेत्र, धर्म, थाथथलो सामुहिक बसाइ पृथक मानसिक भएका उनिहरुमा जातिय भेदभाव नभएको लगाएतका पुरात्वातिक स्थल कलाकृति प्रथा उत्सब प्रकृति पुजक भएको भनेर आदिबासी अधिकार सम्बन्धि संयूक्तराष्ट्र घोषणा पत्र व्यवस्थित छ । एउटा जातीको प्रथापरम्परा, संस्कार सँस्कृतिले राष्ट्र निर्माणमा लगाउन सक्ने मानविय मूल्य र योगदानलाई उचित तवरले उपयोग गर्न सकिन्छ ।

संसारमा हरेक वस्तु अन्तरसम्बन्धीत र अन्तरनिर्भर र परिवर्तनशील छ । परिवर्तनशील विश्व मानव समुदायमा न्याय क्षेत्र सँस्कृति पनि स्थिर हुँदैन । परिवर्तन र न्याय स्वभाविक र सकरात्मक हुन आवश्यक छ । त्यसैले दुमी समुदायको प्रथाजन्य न्यायप्रणाली पनि अछुतो छैन । यो विश्वमा कुनै पनि जातीको आफ्नो पहिचान भनेको भाषा तथा परम्परा न्याय सम्पादन संस्कृति पनि हो । तर अहिले  परिवर्तन न्याय सम्पादन नकरात्मक मोडतिर अभिमुखिकरण भइरहेको छ । आज दुमी राईको भाषा, संस्कार, सँस्कृति,

प्रथापरम्परा लोप हुने स्थितिमा छ । राज्यले अपनाएको एक्लौटी नितीनियम र विश्वव्यापीकरणको प्रभाव तर्फको परिवर्तनले र विकशित देशको एकल साँस्कृतिक हस्तछेप प्रभूत्वले गर्दा अल्पविकशित देशहरूको विभिन्न आदिवासी जातजातिहरूको प्रथापरम्परा भाषा सँस्कृतिमा प्रत्यक्ष प्रभाव पारेको छ । एउटा दुमी राई जातीले आर्जेको समृद्ध प्रथाजन्य न्यायप्रणाली र मौलिकताको मात्र गुम्न लाएको छैन, वर्तमान र भविष्यमा अन्य आदिवासी, मधेसी, दलित उपेक्षित जातजातिको राष्ट्र निर्माणमा लगाउने मानविय साँस्कृतिक, धार्मिक, न्यायीक योगदान सदाका निम्ति समाप्त हुने र राष्ट्र देश र विश्वबाटै मानविय सम्पत्ति, न्यायीक सम्पत्ति, साँस्कृतिक सम्पत्ति लोप हुने अस्थित्व मेटिने देखिन्छ । तसर्थ यो सङ्क्रमण कालमा एउटा जातीको अस्थित्व र मानविय संस्कृति प्रथाजन्य न्यायप्रणाली लोप हुनबाट बचाएर दुमी समुदाय लगायत कुनै पनि वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र देशको राष्ट्रिय सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्दै आजको विश्व मानव समुदायमा पाउन सकिने आफ्नो पहिचान सद्भाव र सम्मान्को वातावरण सृजना गर्न तथा बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक प्रथाजन्य न्यायप्रणालीहरू बाट साँस्कृति सद्भाव धार्मिक सहिष्णुता सामाजिक समानजस्यता समता मुलक समाज स्वशास सुशासन कानुनि राज्य र राष्ट्रिय दृष्टिकोणलाई, राष्ट्रिय एकतालाई फराकिलो मजवुत बनाउन पनि दुमी किरात राईको प्रथा परम्परा भाषा,लिपी, संस्कार सँस्कृतिको बारेमा अध्ययन हुनु औचित्यपूर्ण छ ।

## सन्दर्भ सामाग्री

### नेपाली भाषामा


अ जर्ज भ्यान्ड्रिम (१९९३), अ ग्रामर अफ दुमी, अउटेन ग्रुटेन बर्लिन ।

आदिवासी जनजाति जर्नल (अंक ४, २०६८),आदिवासी जनजाति उतथान राष्ट्रिय प्रतिष्ठान ।

अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिबासी अधिकार सम्बन्धि संयूक्त राष्ट्रसंघिय घोषणा पत्र ।

इसिलिम (दुमी भाषिक पत्रिका), अंक १ देखि १५ सम्म, दुमी किरात राई फन्सिकिम ।

चेमजोङ, इमानसिंह (२०५१), किरात इतिहास र संस्कृति (अनुवादक शेरबहादुर पापो लिम्बु), किरात याक्थुङ चुम्लुङ् ।

डा. स्वामी प्रपन्नाचार्य( २०५१), किरात प्राचीन इतिहास, । काठमाडौं ।

थेबे, अमृता (२०६९), लिम्बु जातिको तुम्याङ् न्याय प्रणाली ( प्रथाजनित कानुन ), विश्व याक्थुङ मुन्धुम समाज, धरान ।

दुमी–नेपाली–अङ्ग्रेजी शब्दकोश(२०६७), दुमी किरात राई फन्सीकीम ।

देवकोट पदमलाल र ओझा नेत्रकुमार (२०६७) : समाजशास्त्रको सैद्धान्तीक द्रृष्टिकोणहरु, दिव्य देउराली प्रकाशन प्रा.लि., वागबजार, काठमाडौं ।

नेपालको अन्तरिम संविधान (२०६३), नेपाल सरकार ।

राई, इमान (२०६६),नेपाली र दुमी भाषाको व्यतिरेकी अध्ययन, स्नातकोत्तर शोधपत्र( अप्रकाशित), त्रि. वि. ।

राई, गडुलमान (२०६३), किरात संस्कार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र अन्य ।

राई, छविलाल (२०६९), दुमी भाषीहरुले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरुको अध्ययन, स्नातकोत्तर शोधपत्र (अप्रकाशित), त्रि.वि. ।

राई, दिनेश (२०५२), खोटाङ चुइचुम्मा क्षेत्रमा किरात चाम्लिङ राई समाजभित्र मनाइने चाडपर्वहरुको एक समाजशास्त्रीय अध्ययन, स्नातकोत्तर शोधपत्र (अप्रकाशित), त्रि.वि. ।

राई, रामकुमार (२०५५), नेपाली र दुमी भाषाका शब्दनिर्माण तथा व्याकरणिक कोटिहरुको तुलनात्मक अध्ययन (अप्र.), स्नातकोत्तर शोधपत्र, ताहचल, महेन्द्ररत्न क्याम्पस ।

रेग्मी, सुरेन्द्रप्रसाद जोशी (२०६५), विश्वका प्रमुख संविधानहरु, सुकुन्दा पुस्तक भवन, काठमाडौं ।

**अंग्रेजी भाषमा**

Alban, Ada Von stockhausen (2006) "Guiding the way: Death Riduals of Dumi Rai of Eastern Nepal". Master's Degree thesis in cultural anthropology. University of Zurich.

Bhattachan, Krisna Bahadur, Public Debate of Devolopment Sociological Perspectives on the Public Philosophy of the Development of Nepal, 1993 Dissertation (Ph.D in sociology) University of Caliafornia ¸Berkeleys.

Chandra, Prakash, International Law.

Customary International Humanitarian Law, ICRC. org.

Customary Humanitarian Law Wikipedia.

Customary Law Bussiness Dictionary.

Gurung, Om Prasad, Customary systems of natural resource managemant among Taramani Magars of western Nepal, Cornell 1996, Dissertation ( Ph.D. in Anthropology) , Cornell University.

Pun L.B and Gyanendra , Mukhiya system of Mustang : A practice of local governance in Nepal, 2013, Baragaule samaj sewa samiti.

Rai, Mahendra , Mathmatical Concept and process practiced by Dumi Rai at Khotang district,2011, Central Department of Mathmatics education, thesis T.U.

Rai,Netra Mani, Dumi Verb Morphology, 2008, Central Department of Linguistics, Thesis T.U

प्रश्नावली:

नमस्कार ! म मकर राई २०७१ साल समाजशास्त्र त्रिभुवन विश्वविद्यालय शोधपत्रको विद्यार्थी, मैले जालपा गाविस "दुमी किरात राई समुदायमा रहेको प्रथाजन्य न्याय प्रणाली" को बारेमा समाजशास्त्रीय अध्ययन अनुसन्धानान शोधपत्र तयार गरिरहेको हुनाले मेरो कार्य क्षेत्रअर्न्तगत तपाईंहरूको छनौटमा पारेको जालपा गाविसको वार्ड नं.३,४, ५, ८ र ९ हुँदा आफ्नो विचार अनुभव प्रथाजन्य न्याय प्रणाली सम्बन्धी राखि दिन हुन विनम्र अनुरोध गर्दछु । यसमा तपाईंहरूको सहभागिता स्वयम्सेवकको रूपमा हुनेछ । धन्यवाद !

हस्ताक्षर..........................

**खण्डः** (एक)

**व्यक्तिगत विवरणः**

१.१ मुख्य उत्तरदाताको नाम... ... ... ... ... ... ... ... ... ...

१.२ दुमी प्रवक्ता... ... ... ... ... ... ... ... ... ... ... ... ...

१.३ पुरा उमेर ... ... ... ... ... ... ... ... ... ...

१.४ लिङ्ग *(१) महिला ( ) (२) पुरूष ( )*

१.५ पेशा *((१) कृषि ( ) (२) ब्यापार ( ) (३) शिक्षण ( ) (४) कुनै सङ्गसंस्था ( ) (५) अन्य ( ) ।*

१.६ दुमी शब्दको उत्पति कसरी भएको हो ?

१.७ दुमी राई जातिहरूको पहिले बसोबास कहाँ हो र हाल कहाँ सम्म रहेको छन् ?

१.८ तपाईंको विचारमा प्रथाजन्य न्याय प्रणाली भनेको के होला ?

१.९ दुमी राई जातिको प्रथाजन्य न्याय प्रणालीको ज्ञान छ/छैन ?

१.१० दुमी राई जाति प्रथाजन्य न्याय प्रणाली प्रयोगमा कस्तो अवस्था छ ?

## खण्डः (दुई)

## दुमी राई भित्र रहेको प्रथाजन्य न्याय प्रणाली सम्बन्धी मूल्य मान्यता अवधारणा सम्बन्धी प्रश्नपत्रः

२.१ तपाईलाई दुमी किरात राई जातिमा रहेको प्रथाजन्य न्याय प्रणालीको जानकारी छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( )।

२.२ तपाईंको विचारमा प्रथाजन्य न्याय प्रणालीले दुमी किरात जातिमा न्याय दिलाएको छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( )।

२.३ प्रथाजन्य न्याय प्रणालीले दुमी किरात राई समुदायमा कस्तो फाइदा पुऱ्याएको छ ?

(१) सकारात्मक ( ) (२) नकारात्मक ( ) (३) दुवै छैन ( )।

२.४ प्रथाजन्य न्याय सम्पादन भनेको प्रथाद्वारा दिइने न्यायोचित कानुनी व्यवस्था हो ?

(१) हो ( ) (२) होइन ( ) थाहा छैन ( )।

२.५ प्रथाजन्य न्याय प्रणालीले दुमी समुदायमा समतामूलक न्याय सम्पादन गरेको छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( )।

२.६ प्रथाजन्य न्याय सम्पादनले समाज विकास गर्न कस्तो प्रकारको भूमिका निर्वाह गरेको छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( )।

२.७ तपाईंको विचारमा प्रथाजन्य न्याय प्रणालीले दुमी समुदायलाई समान अधिकार अवसर दिइरहेको अनुभव छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( )।

२.८ प्रथाजन्य न्याय सम्पादन दुमी समुदायमा आवश्यक छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( ) ।

२.९ प्रथाजन्य न्याय सम्पादनले दुमी समुदायमा महत्वपूर्ण न्याय दिने विधि विधान छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( ) ।

२.१० प्रथाजन्य न्याय प्रणाली हिजो समाज र आजको समाजमा कस्तो अवस्था र भिन्नता पाउनु भएको छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( ) ।

२.११ प्रथाजन्य प्रणाली अन्य जातजातिमा कस्तो रहेको छ ?

(१) समानता ( ) (२) असमानता ( ) ।

२.१२ प्रथाजन्य न्याय प्रणालीको प्रयोग आजको आधुनिक समाजमा राज्यले कस्तो तरिकाले तर्जुमा कार्यान्वयन छन् ?

(१) अनिवार्य ( ) (२) ऐच्छिक ( ) ।

२.१३ प्रथाजन्य न्याय प्रणालीले राज्यको कानून विकास गर्न मद्दत पुऱ्याएको छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( ) ।

२.१४ प्रथाजन्य न्याय प्रणाली राज्यको कानूनको श्रोत हो/होइन ?

(१) हो ( ) (२) होइन ( ) (३) थाहा छैन ( ) ।

२.१५ प्रथाजन्य न्याय प्रणालीबाट अन्तर्राष्ट्रिय आदिवासी कानून निर्माण गर्न महत्व छ/छैन ?

(१) छ ( ) (२) छैन ( ) (३) थाहा छैन ( ) ।

खण्ड-तीन(३)

दुमी किरात राई जातीमा रहेको प्रथाजनित न्यायप्रणालीको अर्थ , महत्व र विकास सम्बन्धि प्रश्नपत्र-

१.चुला कसमको अर्थ, महत्व बताई दिनुहोस ?

२.थारो(मुन्चु) भनेको के हो? यसको प्रयोग दुमी समुदायमा कस्तो छ ?

३. थुम्से किन थापिन्छ ?थुम्से थाप्नुको उद्देश्य के हो ?

४ श्रीपञ्मीको दिन तिरोभरो तिर्छनी किन तिरिएको हो ?

५.कुहेको काठको अर्थ, महत्व के कस्तो दुमी समुदायमा रहेको छ ?

६.खुर्पे ठ्याकको अर्थ के हो ? यसको प्रारम्भ विकास कहिले देखि भएको हो ?

७.बारी मिचि घडेरी साइनो मिचि परेली भनेको के हो ? यस प्रथाको अर्थ, महत्व र विकास बारे बताइ दिनु होस ?

८.देउदण्ड र राजदण्डको अर्थ के हो ? यस प्रथाको अर्थ, महत्व र विकास बारे बताइ दिनु होस ?

९.घरुवा थाप्नु हुन्छ ? यो किन थापिन्छ ? यो कहिले देखि थाप्दै आउन भएको हो ? अन्य पनि थाप्नु हुन्छ ?

१०.भैसे बहि भनेको के हो ? यसको प्रयोग, अर्थ, महत्व र विकासबारे बताइ दिनु होस ?

११.झरियो परियो भनेको के हो ? वर्तमान समयमा यसको प्रयोग र महत्व कस्तो छ ?

१२.महभीरको प्रथा भनेको के हो ? दुमी राई समुदायको २१ पाछा मध्य छाचुङ्ग पाछाको उत्पति थलो महभीर भन्छन नी हो ?

१३.सोला पाजाको अर्थ के हो ? यसको प्रयोग, अर्थ, महत्व र विकासबारे बताइ दिनु होस ?

१४.तीते माछा क-कसले मार्ने गर्छन ? अन्य जाती वा समुदायले पनि मार्न पाउछन ?

१५.ग्रहण लाग्दा काम किन नगरेको हो ? यसको अर्थ के हो ?

१६. साकेला भनेको के हो ? यस नाचको शुरुवात कहिले देखि भएको हो ? यस नाचको शिलिको अर्थ महत्व के हो ?कुन-कुन शिलिमा यस नाच नाचिन्छ ?

## दुमी शब्दभण्डार र नेपाली अर्थ

| दुमी शब्द | | नेपाली अर्थ |
|---|---|---|
| तपु | : | पुर्खा |
| रदुहान | : | राईहरू |
| चाप्चा | : | बाघ |
| वारपा | : | भालु |
| ससुपु | : | बाँदर |
| ताया-ताङ्कु | : | धामी वा पुर्खा |
| मुञ्चु | : | थारो बाध्नु |
| कुवी(नक्छो) | : | धामी/झाक्री |
| चुचुपिपि | : | बाजेबोजु |
| पाछ्रा | : | वंश वा गोत्र |
| सामे | : | उपवंश वा गोत्र |
| जायजुम् | : | किरात ऐतिहासिक मुलथलो खोटाङ् जिल्लाको अरखौले गा.वि.स.मा अवस्थित रहेको मल्लथुम्का |
| खम्बुहाङ् | : | दुमी किरात राईको प्रथम पुर्खा |
| तिदाम | : | सानो कूल पुँजा दुमी धामीद्वारा गरिने सानो पित्रो |
| सिदाम | : | ठूलो कूल पुँजा दुमी धामीद्वारा गरिने ठूलो पित्रो जसमा भाले/सुँगुर काट्ने/चढाउने गर्दछन् । |
| फन्सिकिम | : | दुमी किरात राईहरूको संस्था नाम |

इसिलिम एक : दुमी राईहरूको भाषिक पत्रिकाको नाम/पित्रोका लागि आवश्यक प्रकारको वनस्पति

केपिलासगढी : दुमी किरात राईहरूले शासन गरेको एक आधार इलाका

चिनागडी : दुमी किरात राईहरूको उत्गम थलो जहाँ दुमी शासकहरूले शासन सञ्चालन गरेको क्षेत्र

थुतुरीवेद : लेख्य परम्परा नभएको मौखिक रुपमा वाचन/श्रवण गर्ने मन्त्र

सुप्तुलु : मुल चुला(घरको मुख्य पर्खाको रुपमा मानिन्छ)

तोमालु : सहायक चुला(छोरी चेलीको रुपमा मानिन्छ)

होमालु : सहायक चुला(दाज् मा मानिन्छ)

हेपालु दोपालु : चतुरभुज आकारमा रहेको चुलाबार

सुक्लीमुक्ली : लिसोपासो

छिरियाम्लो/धिरियाम्लो : उधौली/उभौली

हितिखोति : उधौली/उभौली

थोपिया थोउङा : उधौली/उभौली

सिकेमाखे : माछा चरा

मसुमे मधुमे : भ्याम्टे ढोले

## दुमि राईको उत्पतिगत मिथकको स्रोत व्यतिहरु

| नाम | उमेर | पेशा | लिङ्ग |
|---|---|---|---|
| भटुमान राई | ९० | कृषि | पुरुष |
| जागिरमान राई | ६९ | कुवि (धामी) | पुरुष |
| पुर्णे राई | ७१ | कुवि (धामी) | पुरुष |
| तिल बहादुर राई | ८६ | नक्छो (धामी) | पुरुष |
| शिला राई | ७० | कृषि | महिला |
| उचितमाया राई | ७२ | कृषि | महिला |
| दिल बहादुर राई | ४५ | शिक्षक | पुरुष |
| रुपालक्षी राई | ७० | कृषि | पुरुष |
| चतुरभत्त राई | ५६ | प्राध्यापक | पुरुष |
| इमान राई | ५६ | शिक्षक | पुरुषक |
| केशर बहादुर राई | ५५ | कृषि | पुरुष |
| चम्पासरी राई | ६२ | कृषि | महिला |
| धनसरी राई | ७० | कृषि | महिला |
| जस बहादुर राई | ७५ | कुवि (धामी) | पुरुष |
| सरनध्वज राई | ८६ | कुवि (धामी) | पुरुष |
| कटक बहादुर राई | ७६ | कुवि (धामी) | पुरुष |
| जगत बहादुर राई | ७९ | कुवि/नक्छो (धामी) | पुरुष |
| पदम बहादुरुर राई | ६९ | कुवि (धामी) | पुरुष |
| जसरी राई | ६९ | कृषि | महिला |
| रामलक्ष्मी राई | ७१ | कृषि | महिला |
| तिर्थसोभा राई | ६१ | कृषि | महिला |
| फिष्ट बहादुर राई | ६४ | कृषि | पुरुष |